# वैजयन्ती

अङ्क–२ खोजपूर्ण साहित्यिक पत्रिका २०६६ असार/साउन

**संरक्षक**

वसन्तकुमार शर्म्मा 'नेपाल'

**सल्लाहकार**

जयन्ती शर्मा

कुमारसागर शकुन

**निर्देशक**

विनयकुमार शर्मा नेपाल

**सम्पादक**

यादव भट्टराई

**सहयोगी**

कमला नेपाल

प्रदीप बाँस्कोटा

भाभा शर्मा

आभा शर्मा

समीरसागर नेपाल

सन्दीपसागर नेपाल

मातृका आचार्य

**प्रकाशक**

**शब्दार्थ प्रकाशन**

चाबेल, काठमाडौँ

फोनः ४४९७३५१, ९८४१–४९६१०३

E-mail: nepal.vk@hotmail.com

nepal 120@yahoo.com

# सम्पादकीय

समाजमा आफ्ना कर्म र योगदानले अमर बनेका व्यक्तित्वहरू स्मरणीय हुन्छन्, सम्झना गर्न लायक हुन्छन् । व्यक्तिगत स्वार्थभन्दा समाज, राष्ट्र र मानव-स्वार्थका लागि आफूलाई समर्पित गर्नेहरूबाट नै अविस्मरणीय कार्यहरू सम्भव भएका हुन्छन् । सत्कार्य र सुकार्य गर्नेहरूलाई नै पछिल्ला पुस्ताले स्मरण गर्छन् किनभने यस्ता व्यक्तित्वहरू प्रेरक हुन्छन् र मार्गदर्शक पनि । यसरी निःस्वार्थी र त्यागी व्यक्तित्वहरूको योगदानको स्मरण गर्नु, चर्चा-परिचर्चा गर्नु उनीहरूप्रति सम्मान र श्रद्धा व्यक्त गर्नु हो । यही अभिप्रायबाट प्रेरित भई 'वैजयन्ती' को यस अङ्कमा साहित्य, संस्कृति, इतिहास आदि विधाका केही स्वनामधन्य व्यक्तित्वहरूबारेका पूर्वस्मृतिलाई समावेश गरिएको छ ।

गत रामनवमी (२०६५ चैत्र २१) का अवसरमा 'वैजयन्ती' को पहिलो अङ्क (समीक्षा अङ्क) को विमोचन साहित्यकारहरू वसन्तकुमार शर्म्मा 'नेपाल', रामबाबु खनाल, श्यामदास वैष्णव, फणिन्द्रराज खेताला, जगदीश घिमिरे, गोपीकृष्ण शर्मा, गीताकेशरी, डा. गार्गी शर्मा, ज्ञानमणि नेपाल, दिनेशराज पन्त, ठाकुर शर्मा, माधव घिमिरे, रामप्रसाद पन्त, मुक्तिनाथ शर्मा, कलाधर काफ्ले, रमण घिमिरे, विष्णु प्रभात, गोविन्द घिमिरे वेदमणि, प्रकाशमणि दहाल, निर्मोही व्यास, राजेन्द्रराज तिमिल्सिना, मनोज अधिकारी, डा. विष्णुहरि नेपाल, शिवप्रसाद सत्याल, गोपालप्रसाद पराजुली, चूडामणि रेग्मी, गोपालप्रसाद संग्रौला, रोचक घिमिरे, रघु घिमिरे, शेषराज शिवाकोटी, मित्रलाल पंज्ञानी, तेजकेशरी शर्मा, सरिता ढकाल, प्रेम लोहनी, डा. शङ्करराज पन्त, गोवर्द्धन पूजा, दुर्गा नेपाल, बुनू लामिछाने, उमा मिश्र, हेम पौडेल, गङ्गा पौडेल, वैरागी जेठा, जयन्ती शर्मा, कुमारसागर सकुन, विनयकुमार शर्मा नेपाल, डा. विश्वदीप अधिकारी, ज्योति अधिकारी, महाप्रसाद श्रेष्ठ, महेश्वर खनाल, एस.पि. आशा, चन्द्रप्रसाद न्यौपाने, लक्ष्मीकुमार कोइराला, खगेन्द्र खोल्साघरे, भरत श्रेष्ठ, उर्मिला लामिछाने, साधना सिंह शाही, अर्जुन विरक्ति, आनन्दराम पौडेल, विजय शर्मा, अजय शर्मा, कमला नेपाल, भाभा शर्मा, आभा शर्मा, समिरसागर नेपाल, सन्दीपसागर नेपाल, मातृका आचार्य, प्रदीप बास्कोटा, यादव भट्टराई आदिको उपस्थितिमा भएको क्षणको स्मरण गर्न चाहन्छौं ।

'वैजयन्ती'को प्रत्येक अङ्क विधागत रूपमा प्रकाशन गर्ने लक्ष्यअनुरूप आगामी तेस्रो अङ्कलाई राष्ट्रिय व्यक्तित्व अङ्कका रूपमा प्रकाशन गरिने जानकारी गराउँछौं ।

'वैजयन्ती' को निरन्तरतामा आदरणीय लेखक, साहित्यकार, पाठक र शुभेच्छुकहरूको रचनात्मक सहयोग र सद्भावप्रति हार्दिक कृतज्ञता प्रकट गर्दै आगामी दिनमा समेत सहयोग प्राप्त हुनेछ भन्ने विश्वास व्यक्त गर्दछौं ।



## यस अङ्कमा


| | | | |
|---|---|---|---|
| १. | एक स्मृति | स्व. भीमनिधि तिवारी | ४ |
| २. | अतीतका सम्झना | वसन्तकुमार शर्म्मा 'नेपाल' | ६ |
| ३. | देवकोटाप्रति श्रद्धासुमन | नित्यराज पाण्डे | १५ |
| ४. | लेखनाथ | राजेश्वर देवकोटा | २२ |
| ५. | अध्ययन, अध्यापन र बाधाव्यवधान | ज्ञानमणि नेपाल | २७ |
| ६. | बालकृष्ण सम र म | वसन्तकुमार शर्म्मा 'नेपाल' | ३९ |
| ७. | बालकृष्ण सम साङ्गीतिक दृष्टिमा | रामशरण दर्नाल | ४२ |
| ८. | श्रीखप्तडबाबाका साथमा आफू चिनिन खोज्दा | शिवगोपाल रिसाल | ४४ |
| ९. | इतिहास-शिरोमणि बाबुराम आचार्यलाई सम्झँदा | ज्ञानमणि नेपाल | ४८ |
| १०. | बी.पी. प्रति अन्याय : आफैप्रति अन्याय | दमन ढुङ्गाना | ६१ |
| ११. | वर्तमानमा बाँचेको इतिहास | भुवन ढुङ्गाना | ६४ |
| १२. | योगीजीसँग मेरो केही क्षण | एस पी आशा | ६६ |
| १३. | मेरो स्मृतिमा योगी नरहरिनाथ | डा.घनश्याम न्यौपाने "परिश्रमी" | ६९ |
| १४. | श्री यदुनाथ खनालज्यूसँगको साक्षात्कार | लक्ष्मीकुमार कोइराला | ७२ |


## स्थायी स्तम्भ


| | | | |
|---|---|---|---|
| १. | पुछारको पातो : पूर्वस्मृतिका बारेमा | बुनू लामिछाने | ७४ |
| २. | पुस्तक परिचय | | |
| | (क) देवकोटा : आयाम र प्रवृत्ति – एक चिनारी | कमला नेपाल | ७९ |
| | (ख) नीतिका कुरा : एक परिचर्चा | भाभा शर्मा | ८० |
| | (ग) नेपाली अङ्ग्रेजी नेवारी शब्दसागर : एक परिचय | आभा शर्मा | ८२ |
| ३. | विश्वशान्ति विशेष : चिरन-मिलन विश्वशान्ति क्याम्पस : एक चिनारी | | ८४ |
| ४. | केही पठनीय पुस्तकहरू | | ८६ |
| ५. | शब्दार्थ प्रकाशनका पुस्तक पाइने पसलहरू | | ८७ |
| ६. | शब्दार्थ प्रकाशनद्वारा प्रकाशित केही पुस्तकहरू | | ९४ |

# एक स्मृति

✍स्व. **भीमनिधि तिवारी**

पन्ध्र वर्षअघिको कुरा !

२०१३ साल पौष महिना, नयाँ दिल्लीमा एसियाली लेखक सम्मेलन हुने भएको थियो । महाकवि लक्ष्मीप्रसाद देवकोटाजीको नेतृत्वमा हामी केही कवि, लेखक वहाँ गएका थियौं । ९ गते आरम्भ भएको सम्मेलन १५ गते समाप्त भयो । १६ गतेदेखि भारत सरकारको निमन्त्रणामा हामी दक्षिण भारतको भ्रमण गर्ने भएकाले १५ गते झण्डै दिनभर जसो हामीले अवकाश पाएका थियौं । देवकोटाजी र मबाहेक अरू सबै सदस्यहरू ताजमहलको अवलोकन गर्नाको लागि आगरातर्फ गए । देवकोटाजी र मैले दुई तीन चोटि–मैले त अझ जुनेली रातमा पनि ! त्यसको निरीक्षण गरिसकेको थिएँ । अतः हामी दुवैले वृथा दुःख पाउन चाहेनौँ र दिनभरि होटेलमा दुईजना मात्र मीठामीठा, रमाइला कुरा गरेर बसिरह्यौं ।

त्यसै साँझ, अल इण्डिया रेडियोले हामीलाई कविता रेकार्ड गर्ने करारपत्र दिएको थियो । हामी दुवै रेडियो स्टेशनमा पुग्यौं । एक छिनपछि उक्त कार्यको निमित्त एउटा कोठाभित्र लगियो । एउटा मेच, त्यसको अगाडि ठूलो टेबुल, त्यसमाथि माइक, अगल–बगल दुईचारओटा कुर्सीहरू थिए । कविता रिकार्डिङको निमित्त उहाँ मेचमा बस्नु हुनासाथ त्यहाँको एक कर्मचारीले हामीलाई जानकारी दिए । सो त्यही कोठा, त्यही टेबुल, मेच र माइक हो, जहाँबाट सन् १९४७ मा भायसरायलाई माउण्टबेटनले भारत स्वतन्त्र भएको घोषणा गर्नुभएको थियो । हामीले यस कोठालाई यथावत् अवस्थामा चल्ती नगरेर, ऐतिहासिक रूपमा राखेका थियौं । ऐले अरू कुनै कोठा खाली नभएको हुनाले रिकार्डिङको निमित्त तपाईहरूलाई यो कोठामा ल्याइएको हो । यस्तो महत्त्वपूर्ण सूचना पाउनासाथ देवकोटाजीको चेहरामा नयाँ ज्योति र प्रफुल्लता आयो । उहाँले मुसुमुसु हाँसेर मतिर हेर्नुभयो, मानौँ आफू पनि लर्ड माउण्टबेटन नै भएको छु । हो त नि, उहाँ पनि त साहित्यिकलाई माउण्टबेटन हुनुहुन्थ्यो ! उहाँले कुन कुन र कतिओटा कविता रिकार्ड गर्नुभयो भन्ने कुरा आज सम्झन नसकेको हुनाले मलाई खेद लाग्नु स्वाभाविक नै हो । रिकार्डिङको काम



सकेर वहाँले मेचबाट उठ्दै फेरि मुसुमुसु हाँस्तै मतिर सङ्केत गरेर भन्नुभयो – "अब तपाई यसमा बस्नुहोस् । म उठेँ, तपाईको पालो आयो ।" अनि मैले त्यसमा बसेर आठओटा कविता रिकार्ड गरेँ (जसका शीर्षकहरू 'कविता –नन्द'को अन्तिम पृष्ठमा दिइएका छन् ।)

त्यस बखत उहाँले छोड्नुभएको मेचमा त म बसेको थिएँ, तर आज उहाँले छोडेर जानुभएको नेपाली साहित्य संसारमा जो रिक्त आसन छ, त्यसमा बस्नुको त के कुरा, त्यसको नजीकसम्म पनि म पुग्न सकेको छैन ।

यस्ता महाकवि देवकोटाजीको यश – प्रकाश विश्वभर फैलियोस् !

२०२८ कार्तिक १ (लक्ष्मी पूजा)

तिवारी आश्रम, डिल्लीबजार, काठमाडौँ ।

*[**श्रद्धाञ्जली**, २०३० लक्ष्मीपूजा वर्ष २, अङ्क २ बाट साभार]*

**वि.सं. १९६८ सालमा काठमाडौंको डिल्लीबजारमा जन्मने श्री भीमनिधि तिवारीले नेपाली साहित्यका कथा, कविता, नाटक, उपन्यास, निबन्ध आदि विधामा कलम चलाउनु भई पौराणिक, ऐतिहासिक र सामाजिक क्षेत्रका दर्जनौं कृतिहरू प्रकाशन गर्नुभएको पाइन्छ । नेपाली साहित्यका गजल, भजन र हास्यव्यङ्ग्यमा समेत चर्चित व्यक्तित्व तिवारीको देहावसान वि.सं. २०३० सालमा भएको हो ।**

❖❖

# अतीतका सम्झना

*✍वसन्तकुमार शर्म्मा 'नेपाल'*

एक दिन, सके त्यो दिन १९९७ सालको माघै महिना थियो, किनभने देशभक्त धर्मभक्त सिफलको रूखमा नयाँ सफा सेतो कमीज र देउडा–सुरुवाल लगाएर पनि कमीजका ठाउँ–ठाउँमा च्यातिएर, माटोमा दलिएर, निधारबाट बगेर कटकटिएको रगत र नाकबाट च्यापुका दुवैतिरबाट रगतको धारा उकेलेर कटकटिँदो रूपमा पश्चिम (हाँडिगाउँपट्टि) टेडिएको टाउकोले दखिन फर्केर छातीमा "गाथगादी ताक्ने नरपिसाचहरूको यस्तै दुर्दशा गरिनेछ, जनता सावधान" भनी बाटा कम्पनीको जुत्ताको बट्टा उघारिएको कागतमा रातो मसीले लेखी छातीमा टाँगेर खरीको रूखमा झुण्डिएको दशेक दिन पनि बितेको थिएन, त्यसैले मलाई आलो सम्झना छ । केही समयपछि होला तापनि चारै शहीदको करुण अनुहार देख्न पाएकाले होला दिनरातै मेरो स्मृतिपटमा सिफलको, पचलीका र शुभाभगवतीको दृश्य नाचिरहन्थ्यो ।

पिताजी बाहिरबाट आउनुभो । वहाँका साथमा तालुसम्म निधार पुगेका, मुन्द्रे कपालका, मयलपोश सुरुवाल माथि खैरोखैरो खालको स्वीटर र टिकटिके बुट्टाको कोट लगाएका एक जना मानिस पनि सँगसँगै आएका थिए । माथि आउनासाथ पिताजीले मलाई बोलाएर भन्नुभयो— 'आ के गर्न लागेकी हो ? तल आउनू भन् न !'

तल आउनासाथ आमालाई तिनले नमस्कार गरे । आमाले पनि प्रणाम गर्दै हाँसेर भन्नुभयो – "ओहो भानिजबाबु ! आज ज्यादै धेरै दिनपछि हाम्रो घर पवित्र पार्नुभो ....... बाबु, तपाई त झोलीका देउता हामीले भूलले पर देखेछौँ भने पनि पितृहरूलाई तार्न, मावलीलाई पवित्र पार्न अथवा यी साना मेरा भाइहरूलाई (मेरो पाखुरा समाउँदै) आफूजस्तै बढून् भनी आसिक दिन कहिले त पाल्नुपर्छ नि ! यो मेरो जेठो छोरो यही हो । (मतिर फर्केर) नमस्कार गर्नुपर्दैन भान्दाइलाई ? ........... कि चिनेनौ ?

मैले नाताले र आमाले भन्नुभएको भएर भान्दाइ भन्ने जानें । दुई हात जोडेर नमस्कार गरें । त्यसैबेला बुबाले भन्नुभो — "भान्दाइको त पाउ पर्न हुन्छ मूर्ख, त्यसमाथि भान्दाइमात्र होइन, नेपालको एउटा विद्वान् कवि र नाताले दाजु भएपछि पनि ढोग्न किन गाह्रो भो !"



"मैले त चिनकै थिइनँ, देख्न त देखेको थिएँ के नि !" मैले भनें ।

अनि उहाँले भन्नुभो—"अरू भान्दाइजस्तो दक्षिणा लिन र चाडपर्वमा टीका लगाउन नआउनेचाहिँ भान्दाइ म । त्यसैले चिनिएको थिइनँ । अब त चिनिएँ, होइन त ?"

"हो अब त जहिले पनि चिन्छु" मैले भनेपछि दुवै हातले कोटका दुवै बाहुला सार्नुभो र टेबुलबाट चुरोटदान अगाडि बढाउनुभएका मेरा पिताजीको हातबाट एउटा चुरोट लिएर सल्काउँदै भन्नुभो – "मामा, यिनै भाइले नै होइन त पोहोर साल पुराण भनेको ? श्री हजुरका पण्डितमा भर्ना भएका यिनै होइनन् त ? अनि लुकी–लुकी दरबार स्कुल गएर पढ्यो भनी अङ्ग्रेजी पढाउन बन्द गर्नुभो रे भनी काकाबाट सुनेथैं, यिनैलाई होइन त ?"

"हो, यसैलाई हो । पण्डित भएर जागीर खाने, अङ्ग्रेजी पढेर माष्टर हुने भन्ने सुन्दै पनि कस्तो नराम्रो कुरा ! त्यसमाथि हाम्रो संस्कार कसरी छोडाउनु त भाञ्जा ?"

पढेर त पाप लाग्दैन नि ! बरु पराइलाई राम्ररी खोतलेर आफ्नोपना बचाउन सक्नुपर्छ । (मतिर हेरेर भन्नुभो) के त अब पौराणिक पण्डितै मात्र हुने त भाइ ? मोहनशमशेरको छोराको पण्डितले विशेष पढाइ पनि त गर्न हुन्छ होला ? कि कसो ?"

मैले सबैतिर मिलाएर भनें– "होइन भान्दाइ ! संस्कृत पढ्न त मलाई रोकेको छैन । बिहान दरबार जान्छु, त्यताबाट आएर खानपिन गरी गोपीलाल गुरुकहाँ र शेषराज गुरुकहाँ दिनभर पढ्न जान्छु । यस पाला साहित्यमध्यमा दिन वनारस जान्छु । अङ्ग्रेजी पनि पढुँला भनेको, पिताजीलाई लाठसाहेबले नपढाउनू भन्ने मर्जी भो रे ! मलाई पनि चिम्सा आँखा तरेर "पण्डितका छोरा पण्डित होलान् भनेको त अङ्ग्रेजी पढेर लण्डित हुन पो खोज्दा रहेछौ हैन ? मैले प्यारो गरेर जागीर दिएँ भनी मात्तिएका हौ भने खोसिदिउँला नि बुझ्यौ ?" भनेर रिसाए । भैगो, संस्कृतै पढ्छु भान्दाइ अब !"

"खुसुखुसु पढ्दै जानू नि !... यसपाला जाँच दिएर आएपछि म कहाँ पनि आइपुग्न भ्याइहालिन्छ, म खुसुक्क–खुसुक्क पठाइदिउँला । हुन्न माइजू ! हैं मामा ? ......"

म दङ्ग परें । तर आमाले भनिहाल्नुभो— "यसपाला तैतै मध्यमा पास गरिहालोस् । कम्तीमा यतापट्टि आचार्य गरेपछि ठूलो पनि हुन्छ, आफ्नै ज्ञानले पढे

पढ्ला, बाबु अहिले त पहराकै भनाइ मान्ने, कुहुनाको जोर पनि त चल्दैन नि भाञ्जा !"

"मामा, मलाई त भित्र अलि गरम भएर आयो । अघिपछि म आउँदा चिम्से लाठको— धर्मयुधिष्ठिरको बगैँचाको रस पाइन्थ्यो, आजकल फलफूल नफल्ने मौसम भएर कि ? — विदेशी बगैँचा पनि त मामाकहाँ त फल्थे नि ! कि ती पनि सुके आजकल ?"

पिताजीले आमातिर हेरेर हाँसेको अनुहारले भन्नुभो—"यहाँ तिमी गफतिर लाग्यौ, भाञ्जा–माइजूको धेरैको भेट भनेर चूप लागेको त म पो छुच्चो बन्न पुगेँ । जाऊ फलफूल तयार पारेर ल्याउन लगाऊ बजैलाई !" अनि मतिर हेरेर भन्नुभो— "बच्चू, तँ पनि गएर राम्रो स्याउ र मौसम छानिदे ! — अनि आउनू !" म उठेर आमासँगै निस्कँे अनि वहाँतिर फर्केर भन्नुभो— "कहाँ भाञ्जा, यो पनि कथा लेख्दो रे !— एक दिन मार् झपारिदिएको त त्यस दिनदेखि अलि गुमसुम छ ।"

मटानबाट भरेङपट्टि लागेर म उभिएँ । वहाँले भन्नुभो— "होइन, मामा ! तपाईंका छोरा होशियार छन् । कति ? बाह्रै वर्षका त भए नि ! हेर्नोस् न — बाध्यतालाई आफ्नै इच्छाझैँ तुल्याएर संस्कृतै पढ्छु भन्ने जवाफ दिए ? — नराम्रो कामतिर लागे मात्रै नियन्त्रण गर्नुपर्छ, नत्र त यस्ता कुरामा पूर्ण स्वतन्त्रता दिन सकियो भने पूर्ण विकास हुन पाउँछ मामा !"

"त्यसो त म पनि चाहन्छु, तर यो अलि निर्भीक र अल्लारे छ । धर्मभक्तलाई मारेको देखाएर ल्याइदिएँ । हुन त मैले सबै हत्याकाण्ड हेरून् भनी ठुलठूला दुवैलाई लगेर देखाएकै हुँ । तर यसलाई धर्मभक्तको छाप ज्यादै परेछ । मोहन शमशेरले 'हेरेर आइस् ?' भनी सोधेछन् । यसले चाहिँ "मान्छेलाई पशु तुल्याएर मारेको पाप हेरेर आएँ' भन्ने जवाफ दिएछ, हेर्नोस् !— मलाई एक भन्नु न दुई भन्नु पारी चिम्सेले 'छोराको विचार छैन, होश गर !' भनी गाली गऱ्यो । अनि मैले पनि अलि दम्काउँनै पऱ्यो नि, हैन त ?"

"कलिलै छन् बिचरा !— अहिले त रोकथाम गर्नैपऱ्यो । ... तर अनुचितै सोचेका होइनन् नि मामा ?"

"उचित पनि बेठाउँमा पऱ्यो भने अनुचित ठहर्न पुग्छ नि, होइन त ?"

"यो सब परिपञ्च देख्दा र भित्रबाट सोध्दा त मलाई क्या मामा, भगवान्सँग 'प्रभुजी मलाई भेडो बनाऊ !' भन्दै पशुपतिमा गएर भजन गर्ने सुर चल्छ । जानेर, बुझेर सोचेर पनि केही गर्न नसकिने हाम्रो अवस्था कम दुःखी हो र ? तर परवशता हाम्रै भाग्यमा थुप्रिएको छ, के गर्नु र ?"

"भाञ्जा, पाक्दापाक्दा उकुज पल्टन थालिसकेपछि त्यस खटिराले सिंगै जीउ नै लैजान सक्छ एक दिन ! होइन त ?"

पिताजी पनि फुफूदाइ पनि गम्भीर हाँसोमा डुब्नुभो । त्यतिकैमा आमा फलफूलको थाल लिएर ओर्लनुभो, म पनि पछिपछि लागेँ । फलफूल खाउञ्जेल केके कुरा भए ती त स्मृतिमा रहेनन्, तर वहाँले एक थालै स्याउ र मौसम खानुभो । मेरा अपरिचित भान्दाइ त महाकवि देवकोटा पो रहेछन् उहाँ जानु भएपछि, आमा–बाले बताउनु भएपछि मात्र मैले मुनामदनका लेखक भनेर चिनेँ । "गोरु बेचेको साइनोबाट हाम्रो नाता नराख्ने है भाइ ?" भनेर अर्को पटकदेखि उहाँले मलाई 'देवकोटाजी !' भन्न लगाउनुभो ।

१९९७ सालकै कुरा हो । त्यस बेला म सम्झन्छु, राजनीति भन्ने कुरो त मैले बुझेकै थिइनँ क्या र !— तर कसैले लेखेर वा पाएर ल्याएका पर्चाहरू रातभर प्रतिका प्रति मुट्ठा लेखेर म पनि त्यस्तै विश्वासी साथीहरूलाई छर्न दिन्थेँ, आफू पनि दोबाटो चौबाटामा लुकेर छरिदिन्थे । कसैले देखेर सोधिहाल्यो भने 'ऊ त्यहीँ पाएको हुँ' भनी बचिहाल्थेँ । आफूले लेखेका जति अरू साथीलाई दिएर अरूले लेखेकोचाहिँ आफू जम्मा पार्दै घर लगेर पिताजीलाई पाएको भनी देखाउँथेँ । 'पाइएको जति लुकाएर ल्याउनू' भन्नुहुन्थ्यो तर डरले हो कि अथवा छोरो पर्ला भनेर हो उहाँ लगेर मोहनशमशेरलाई सुनाउनु हुँदोरहेछ क्या र, एक दिन कुरैकुरामा मलाई सोधे, मैले चाहिँ 'पाएको छैन' भनी बच्न खोजेँ तर बुबा र राजा (त्यसबेला मानिएका महाराजा खलक) का अगाडि म झूठो भएँ । सके मेरा हस्ताक्षरका पर्चा पनि चिनिए होलान् । मैले त्यसको मुसुमुसे गन्ध पनि पाएँ । मेरो हितैषी दरबारियाहरूले मलाई सतर्क रहन र अहितकारीहरूले खिस्याउन र घोचपेच गर्न थालेको पनि मलाई अनुभव भो ।

यस्तै थियो । पिताजी र लाठसाहेबको आपसी भरपत्यार ज्यादै थियो । मेरा पिताजी र उनको बीचमा अवश्य कुनै कुरामा खटपट परेको मैले चाल पाएँ । मलाई खूब मन पराउने मोहनशमशेर पनि मसँग कम बोल्न थाले तर कामकाज र बकस दस्तुर भने कम भएको थिएन, १९९९ जेठदेखि मेरो र पिताजीको सही गरेर खाने जागीर खोसियो तापनि प्रतिमासको बाबुछोराको तलब घरैमा आउनथाल्यो, भत्ताको रूपमा । यसरी पाँच वर्ष बित्दा पनि महाकवि देवकोटा

कुनै विषय लिएर आउनुहुन्थ्यो। वहाँको काममा पिताजी जागरुकताको व्यवहार गर्नुहुन्थ्यो।

एक दिन (२००४ साल) देवकोटाजी गोरखापत्र हातमा लिएर आइपुग्नुभो, हामीले उस्तै स्वागत गऱ्यौं । सामान्य कुरा सकिएपछि उहाँले मतिर हेरेर भन्नुभो — "भाइ वसन्त, अब यसरी बस्नुहुन्न । मोहन त राजा बनिसके, दुई-दुईवटा औताली उनको स्याहारिसके तर प्रजा र नोकरको भत्तामा उभिनुभन्दा त्यसलाई लत्याएर आफ्नै कुद्रत देखाउनुपर्छ। यसमा विज्ञापन पानामा सूचित गरिएको पद भैयालाई सुहाउँदो छ, प्रतियोगितार्थ दरखास्त दिनै पऱ्यो, कसो त ?"

"त्यही ने.भा.प्र.स.को विज्ञापन होला, हैन, भाञ्जा ?"

"हो, मामा ! नेपाली भाषा र साहित्यमा पोख्त उम्मेदवारको आवश्यकता" भनेर पेट बोलीमा "कोश रचनामा कुशल छु भन्ने योग्य छ भने दरखास्त दिनू !" भन्ने लेखिएको छ। भाइलाई उम्मेदवार तुल्याउन आँटेको मैले । हुन्न त मामा ?"

"त्यो पद पनि कम होइन, त्यस्तै चाहिएला नि ?"

"प्रमाणपत्रवालाभन्दा योग्य खोजिएको हो भने प्रतियोगितामा भाग लिनुपर्छ । सफल पनि हुन्छन् । लौ भाइले आँट्ने हो भने ।"

यसरी मलाई देवकोटाज्यूले उम्मेदवार तुल्याउनुभयो । प्रतियोगितामा नभन्दै प्रशिक्षित, स्नातकोत्तर उपाधिप्राप्त र डबल स्नातकहरू भए पनि द्वितीयभन्दा ६७ प्रतिशत बढी अङ्क प्राप्त गर्ने अवसर मैले पाएँ । मोहनशमशेर कहाँबाट ढोका बन्द भएको सरकार विरोधी मानिस भनी अध्यक्ष श्री पुष्करशमशेरले विरोध गर्दा पनि फेरिफेरि प्रतियोगिता गराई श्री बालकृष्ण समज्यू र डा.ज.प.ई.श्री मृगेन्द्र शमशेरज्यूबाट 'योग्यताको कदर गरिएको छ' भन्ने सूचना पाएर म सरासर बहालीपूर्जी पाउनासाथ देवकोटालाई भेट्न घर पुगें तर वहाँ भने सरस्वती सदनमै मलाई खोज्दै हुनुहुँदोरहेछ । टुँडिखेलमा बसेर दुई जनाले चार आनाको भटमास, बदाम र एक आनाको मूला खाएछौँ । म वहाँलाई खोज्दै सरस्वती सदनमा आइपुग्दा देख्नासाथ आएर वहाँले यसरी धाप मार्नुभो, त्यो सम्भँदा म अहिले पनि भन्न सक्दछु देवकोटाजी त्यति प्रसन्न र उत्साहित भएको दिन मैले फेरि देख्नै पाइनँ । सम्भवतः वहाँले मलाई कहिल्यै प्यारो गर्नुभएन, तैपनि मैले भनेका कुरामा वहाँ अर्कोतिर कहिल्यै सोच्न लाग्नुभएको मैले पाइनँ ।



देवकोटाजी समितिमा (सरस्वती सदनमा) पस्दा पहिले सरासर डेस्कअगाडि आएर दुई बाहुला मास्तिर सार्दै भन्नुहुन्थ्यो — 'वसन्त जी, खजानाको खटिया खोल्नोस् त !' नभन्दै मैले पनि 'फूलमार' भनिने र 'लालटेनमार' भनिने चुरोटका पाँचसात बट्टा खटियामा भरेर राख्ने बानी बसालिसकेको थिएँ, यद्यपि म चुरोटबाज बनिसकेको थिइनँ । वहाँले बढी स्वत्व दर्शाउनुभो भने त्यत्ति हो, नत्र अरू परिचितसरह नै मलाई राख्नुहुन्थ्यो । बाटाघाटामा भेट हुँदा मात्र थोरै घरायसी कुरा चल्थे, यो पनि वहाँको वाग्धरा र व्याख्यात्मक उडाइमा आफूले कतैकतै मात्र एकाध वाक्य बोल्नुपर्दथ्यो । हामी दुईले टुँडिखेलमा बसेर मूलाबदाम खाएको र दोबाटोमा छेउमा वा होचो परखालमा आड लिएर गफ गरेको देख्दा अचम्म मानेर हेर्नेहरू प्रशस्त हुन्थे । परिचित कोही आइपुगे भने एकाध घण्टा उभिएर वहाँको ज्ञानको प्रसाद लिई नूनतेलको समस्याले दौडिहाल्थे, तर अरूका अगाडि गफाष्टकमध्ये एक गनिएकै भए पनि वहाँसँग सिकेर झन् बढी सारगर्भित गफ गर्न पाउने आशाले हो वा कुनै मोहले हो म कहिल्यै 'जाऊँ' भन्नै सक्तिनथें, वहाँ त नेपालीको हृदयबाट समेत कहिल्यै नजाने व्यक्तित्व, किन मसँग जाऊँ भन्नुहुन्थ्यो र ?

(२०१० साल) यही प्रसङ्गमा एक दिनको प्रसङ्ग बढी प्रभावशाली छ । त्यस ताका वहाँ ट्युशन माष्टर हुनुहुन्थ्यो । म पनि पद्मोदयको माष्टरमा दर्ता भइसकेको थिएँ । एक दिन स्कुलबाट ४ बजे छुटेर बाइस्कल कुदाउँदै सीता भवनअगाडि पुग्दा मेरो भन्दा पनि थोत्रो बाइस्कलमा कुरकुराउँदै वहाँ आउँदै हुनुहुँदोरहेछ र दुवैथरि ओर्लिहाल्यौं ।

वहाँले नै पहिल्यै सोध्नुभयो – 'कता जाने भाइ ?'

मैले भनें – "अफिस छोडे पनि के गर्नु दाइ ! दश–चार पद्मोदयको नोकर बनेर पनि खान नपुगेपछि पढाउने नामको भीख माग्दै भरे दशसम्मलाई घर–घर घुम्न जानु छ दाताहरूका घरमा । तपाईंसँग पनि 'कता?' भन्ने प्रश्न म गरूँ त ?"

"ठीक भन्नुभो, म पनि भीख माग्दै हिँड्दैछु । कमलपोखरी साहेबज्यूकहाँ त्यही भीख माग्दै घाँटी सुकाएर, त्यहीँ टङ्गालदरबारमा अर्को भीख मागेर निस्कँदै छु । हाम्रो जीवनलाई पैसाले मुद्रीकरण गरिदियो । हामी यसै गरी बढ्दै गयौं भने एक दिन आफै पैसा, हाय पैसा, हा पैसा" बन्नेछौँ । गोरखापत्रमा 'सात घण्टामा नेपालीमा पोख्त' पढ्नुभएन प्रधानजीको पैसा रुवाइ ? हेर्नोस् वसन्तजी, त्यो त मुर्दा रुवाइ हो, त्यसरी रोएर भीख माग्नु पनि राम्रो होइन । एउटा शिक्षक दश–पाँच महिनावारीमा अर्थात् साढेसात रु.मा पढाउन चाहन्छ । पढ्ने मान्छे नपाएर त्यत्रो खर्च बेहोर्दै विज्ञापन

गर्छ, फेरि ७ घण्टामा पोख्त तुल्याउने भनेर । यस देशको बेइज्जती हो, एउटा कविको आर्तनाद हो, नेपाली भाषाको अनादर हो । अर्कातिर मेरो तपाईंको यो अवस्था छ । ...अँ, वसन्तजी, महिनावारी त सबै दिन्छन् ? पैसा त दिन्छन् सबै ? ... " ।

"पैसा एकाध महिना दिन्छन् सहृदयहरू अनि एक महिना घरपटि बिरामी हुन्छ अथवा उनका परिवारको कुनै सदस्य बिरामी भैदिन्छ अथवा नोकर वा छोराछोरी कसैको अप्ठेरो काम पर्छ अथवा तलब आउन कारणवश ढिला भैदिन्छ अथवा दाताले पालेको कुकुर बिरामी भैदिन्छ र डाक्टरी उपचार गर्दा खर्च भइदिन्छ । यस्ता कुनै बहाना वा कारण परेनन् भने बिहाको महिना त एउटा न एउटा आइदिइहाल्छ । अनि घाम, पानी, जाडो खपीखपी आएको एक घण्टे नोकरीको दुई घण्टे दौडको पारिश्रमिक परिश्रममै लुप्त हुनपुग्छ । पैसा नमिले पनि ऐसा त अवश्य मिलिहाल्छ नि दाइ ?"

देवकोटाजी गम्भीर बनेर बोल्न थाल्नुभो — "एकै रूप हो, एउटै चित्र हो, पैसाले हामी बोरियौं, पैसाले ऐसा र तैसा गरायो ......" यसरी धनशास्त्र, आर्जनशास्त्र, अर्थशास्त्र, परिश्रमशास्त्र, महिनावारीशास्त्र र कुवेरशास्त्र तथा अभावशास्त्रको व्याख्या र विवेचना, समीक्षा र विश्लेषण गर्दागर्दै चुरोट सकिन्छ । भगवती बहालबाट साइकलमा खुरुखुरु गएर किन्दै ल्याउँदै सल्काउँदै गरेर रातको दश बज्दासम्म कयौं आकर्षित बटुवाहरूलाई अलमल्याउँदै गर्दा तेह्र बट्टा चुरोट पनि सकिएछ । दुवै जनाको जेब पनि रित्तिएछ । पसलहरू पनि बन्द भएछन् तर ती शास्त्रहरूको विवेचना नसकिँदै फागुने सिरेटोले चीसो पारेर हामीलाई त्यताबाट हिँड्ने प्रेरणा दियो । बाटाभरि पनि त्यसकै अगाध र अपार चर्चा हुँदै ज्ञानेश्वरको ओरालोसम्म पुगेर म बागबजारतिर कुदें ।

वहाँ शिक्षामन्त्री (२०१३ साल) बनाइनुभो । दुई सप्ताहपछि शुभकामनाको पोकै लिएर म मन्त्रालय पुगें । नाम देख्नासाथ मलाई बोलाउनुभो । मैले 'शुभकामना' भन्नासाथ मलाई वहाँले हाँसेर अर्थ सोध्नुभो र मेरो मन्तव्य देवकोटाजी 'मन्त्रीज्यू' भइसक्नुभो होला भन्ने ठानेको त उस्तै पो हुनुहुँदोरहेछ ए ! भन्ने लाग्यो । वहाँका पी.ए.ले अलि कडा शब्द र स्वरमा मलाई बिदा दिएपछि मतिर हेरेर 'क्षमस्व गोविन्द मम व्यतिक्रमम्' भन्दै हात जोड्नुभो । २ घण्टापछि म मन्त्रीज्यूकहाँबाट बाहिर निस्कें । बाहिरका कुर्चा खाइरहेकाहरू मन्त्रीज्यूका पी.ए.ले भन्दा पनि क्रोधसन्तप्त आँखाले हेर्न थाले ।

म 'भुत्रो रिसाउँछौ ! तिमीहरूजस्तै भिखारी हुँ र म !' भन्ने सोच्दै हिँडें ।



२०१६ साल भाद्रको कुरा हो । म कमलपित्त भएर केही दिन बिरामी भएँ, किताब पढ्न निषेध गरेका थिए वैद्यले तर म तैयार भैसकेको थिएँ । एक दिन स्कुल गएको त 'देवकोटाजी शान्त भवनमा' भन्ने समाचारमा आँखा पुग्यो । मलाई जाऊँ–जाऊँ लाग्यो । साथीहरूले पनि महाकविज्यूको दर्शन गर्न जाने इच्छा प्रकट गर्नुभो । मैले छात्रहरूलाई त्यो समाचार सुनाएँ । 'एक पटक दर्शन गर पवित्र आत्माको !' भन्दै प्रेरित पनि गराएँ । पद्मोदय हाई स्कुलका बाह्रसय छात्रलाई बिरामी राष्ट्रकविको दर्शनार्थ जान दिनुपर्छ भन्ने शिक्षकहरूमा प्रस्ताव पेश गरें । सबै विद्यार्थी पालैपालो गरेर गए, सबैले अन्तिम कविरूपको दर्शन पनि गरे । म पनि पुगेर प्रणाम गर्दै उभिएँ । एक छिन मलाई हेरिरहनुभो र नजीकै स्टुलमा बसिरहनुभएका कवि भीमनिधि तिवारीतिर हेरेर भन्नुभो — "तिवारीजी, मैले त अझै चिनिनँ नि ?"

तिवारीजीले मेरो पाखुरा समातेर भन्नुभो — "साथी शर्माजी त हुनुहुन्छ नि ! (मतिर फर्केर भन्नुभो) शर्माजी ! अलि नजिक सर्नोस् त !"

म अगाडि सरिनँ, तर बोलें — '"मैले पनि झण्डै नचिनेको देवकोटाजी' ।

देवकोटाजीले आँखाभरि आँसु पारेर भन्नुभो — "ओहो, वसन्तजी ! अब म बाँच्दिनँ । मैले तपाईंलाई पनि चिन्न सकिनँ !"

मैले 'आजभन्दा पछि अब म देवकोटाजीसँग बोल्दिनँ' भन्ने सोचेर भनें — "भान्दाइ, मसँग शक्ति छैन, सकिने भए ईश्वरसँग मेरो प्रार्थना छ । तपाईँको रोग मलाई सरोस्, राष्ट्रको निमित्त तपाईं निरोगी र स्वस्थ हुनुहोस् तर यस्ता असाध्य तत्त्वसँग चिन्ता नलिई अमरताको कामना गर्नोस् ! तपाईंको शान्त, सुन्दर, विशाल थलोमै तपाईं हुनुहुन्छ !" त्यसपछि वहाँले पानी माग्नुभो, दुई चम्चा पानी पियाएर केही बेर पर्खेर म बिदा भएँ । त्यसको बाइस दिनपछि आर्यघाटमा वहाँले देह त्याग गर्नुभो ।

हालसम्म यो घटनाले मलाई पोलिरहन्छ । राष्ट्रको त्यत्रो क्षति एउटा रोगको कारणले भयो भनेर । हुन त देवकोटाजीप्रति श्रद्धाञ्जली समर्पण गर्न सबै गए । मलाई यो कुरा सन्तोषजनक लागेकै थिएन । यसपाली एउटा त्यस्तै अर्को दुर्घटना भो कवि भीमनिधि तिवारीको । वहाँलाई "रगत सुक्ने रोग लाग्यो रे, अस्पतालमा हुनुहुन्छ रे" भन्ने सुनेर वीर अस्पताल पुगें । वहाँलाई एक हातबाट रगत र अर्कोबाट पानी दिँदैरहेछन् डाक्टरहरू । ढोकासामु पुगेर म उभिएँ, सब कुरा हेरिरहें । डाक्टरहरू

निस्केपछि मेरो साथी श्री शैलेन्द्र खरेल र म भित्र पस्यौं । मेरा साथी खरेलले केही कुरा गर्नुभो, तर म बोलिनँ । वहाँका आँखा मतिरै थिए, केही बेरपछि "वसन्तजी मैले तपाईंलाई पनि चिन्न सकिनँ ! अब म कसरी बाँचूँ नि ?" भन्दै छटपटाउनुभो । अनि मैले भनें — "कवि जी, मैले भनेको कुरा कविजीले जहिले पनि मान्नुभएको छ, होइन त ?"

"हो, मानेको छु ?"

"तपाईंसँग अनुरोध गर्न आएको छु । तपाईंले जहान–परिवार र आउने–जानेसँग बोलिरहनुभएन । आरामसँग सुतिरहनुहोस् । म यत्ति भए खुशी हुन्छु ।"

'हवस् !' भनी आँखा चिम्लेर कोल्टो फर्कनुभो । त्यसपछि म र शैलेन्द्र खरेल निस्केर हिँडिहाल्यौं । ठीक बाइस घण्टापछि वहाँले आफ्नो माटो बिसाउनुभो ।

यी दुई घटनाको केन्द्रविन्दु अन्तिम भेटका वाक्यमा समभावले रहेको र दुवै कविले मलाई चिनिनँ भन्दै अपसोस गर्नु भएकाले, 'अब बाँच्दिनँ' भन्ने कुरा गर्नु भएकाले, कविद्वयको भित्री हृदयमा एकै किसिमको उद्‌गार भेटिन आएकाले, देवकोटाजीको पूर्वस्मृतिको केही अङ्कन मात्र गरेको हुँ ।

यी महान् आत्मा यसरी गुमे, जसको अभावमा नेपालको ज्यादै ठूलो क्षति भएको छ । त्यो अभाव आपूर्तिका लागि सम्भवतः यो युगले बरदान पाएको छैन ।

**वि.सं. १९८४ सालमा काठमाडौंको महाराजगञ्जमा जन्मने श्री वसन्तकुमार शर्मा 'नेपाल' नेपाली साहित्यका कविता, कथा, नाटक, निबन्ध आदि विधाका दर्जनौं कृति प्रकाशन गर्ने बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुनुहुन्छ । नेपाली शब्दसागर, गद्यमहाभारतजस्ता ग्रन्थका साथै दर्जनौं अनुवाद-कृतिका सर्जक नेपाल थुप्रै शैक्षिक एवम् साहित्यिक संस्थाका संस्थापक हुनुहुन्छ । उहाँले नेपाली भाषा प्रकाशिनी समिति, नेपाली भाषानुवाद परिषद्, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानजस्ता संस्थाहरूमा रहेरसमेत नेपाली भाषा र साहित्यको सेवा गर्नुभएको छ । उहाँले शिक्षासेवा र समाजसेवामा समेत महत्त्वपूर्ण योगदान गर्नुभएको छ ।**

❖❖



# देवकोटाप्रति श्रद्धासुमन

**✍नित्यराज पाण्डे**

संवत् २०१६ सालमा देवकोटामा डुबुल्की मार्दामार्दै देवकोटा सागर रहेछन् भन्ने बुझियो । सागर अथाह भएकोले जसले जे चाहना गर्दछन् त्यहाँबाट टिपेर लान सक्छन् । सागरबाट केही कुरा टिप्दा, त्यसको भेउ पाउन शतत प्रयत्न गर्नुपर्छ । मनलाई केन्द्रीभूत गर्नुपर्छ । आकाशपाताल छुने देवकोटाका भावहरू यसरी दौडेका छन् । कहिले–कहिले त त्यसका केही मात्र भन्न सकिन्छ । कहिले–कहिले त ती कुरा खोतल्दा नयाँ–नयाँ देखिन्छन् । देवकोटाको चन्द्रमा, कोइली, वसन्त, फूल आदि विषयहरू पटक–पटक बयान गर्दा अर्कै–अर्कै रूप देखिन्छन् । राष्ट्र मनीषी कविले संसार हेर्ने आँखा ज्यादै तीखो छ । चीलले कावा खाएको जसरी घुमी–फिरी हेरेर नयाँ–नयाँ कुरा टिपेर देखाउँछन् । उनको काव्यशक्ति अजस्र छ ।

यस्ता देवकोटालाई सांसारिक चालामालासँग ज्यादै थोरै चासो छ । उनमा लेनदेनको हिसाब छैन । आफ्नै संसार छ, आफ्नै गति छ । उनलाई केको चासो ? उनलाई आफ्नो जन्म सालको त परवाह छैन । यस कलम कोर्नेले समितिबाट लेखिएको १९६५ साललाई वास्तविक साल १९६६ साल लेखेर देखाउन पऱ्यो । कसैले सन्की भने, कसैले बौलाहा भने, कसैले पदाउँदा–पढाउँदै तरङ्गी भने, कसैले एकसुरे भने । खान अन्न नपाउँदा बारीका साग र मुलाले सास चलाए । अझै भनूँ भने केही दिन त भोकै परे । हात पसारेर एउटा चुरोट मागे कहिले खानेकुरा नपाउँदा हात जोडे । दालभातडुकु नै सृष्टि चलाउने पहिला ईश्वर रहेछ भनी 'दाल भात डुकु' कवितामा यस्तो भने —

*जीवको यो प्रथम स्पन्दन*
*लहलहाउने सृष्टिनन्दन*
*सकला रसको एक गायक*
*भाव स्पन्दन प्यास गायक*
*सबै कलाको प्रथम विनायक ।*

हुन पनि पशुपति आर्यघाटको बिरामी राख्ने सत्तलमा समेत 'बज्यै' सम्बोधन गरी "म तीन चार दिन बाँचे भने खान दिन सक्तिनौ" मर्मान्तभाव व्यक्त गरे । जसले १० वर्षको उमेरदेखि कविताको आराधना गरी सायं शिवे सुन्दरम् कामना गर्दै धरती रसाएका थिए ।

माता–पिता अमर राज्यलक्ष्मी र तिलमाधवका साहिँला छोरा भएर १९६६ साल कार्तिक २७ गते शुक्रबार गाई तिहारे औँसीका दिन काठमाडौं धोबीधारामा जन्मी २०१६ साल भाद्र २९ गते सोमबार पशुपति आर्यघाटबाट संसार छोड्ने देवकोटाका जीवनको आधाआधीतिर 'जन्मोत्सव' कविता लेख्दा —

*पच्चिस हिउँद र पच्चिस ऋतु वर*
*जीवन मधु त्यो पहिलो सुमधुर*

भन्दै 'बादल' कवितामा जन्मेको दिन महोत्सव परेको बताई आशाको उनमा सञ्चार खूब खेलिरहेको छ । वीर रसको भावना सञ्चारित ग्रीक कथाको आधारमा लेखिएको 'प्रमिथस' महाकाव्यका नायकझैँ यातना र पीडा बोकेका थिए । देवकोटाले 'भाँचु की मेरो कलम' र 'प्रभुजी भेडो बनाऊँ' भन्न पऱ्यो । एकतन्त्री शासनको नेपालमा आफ्नो अन्तर उद्गार हृदयबाट राखेका छन् ।बादल बर्षा झरी हिउँदले ढाकिएको जीवनमा प्रकाश सानै भए पनि निरास भएनन् । सबैलाई उत्साहित पारी रहे । आफू निस्वार्थी भएर जीवनभरि घुँडा धसी काम गर्दै धरती छाडे ।

४ वर्षको उमेरमा कडा बिरामी भए भने १८ वर्षको उमेरमा झन् १५ दिनसम्म ओछ्यान परे । यति हुँदा पनि पढाइतर्फ आई.एस.सी. द्वितीय श्रेणीमा उत्तीर्ण गरी १९८६ को आखिरतिर बि.ए.परीक्षामा उनी मात्र एकजना नेपालबाट उत्तीर्ण भएको १९८७ साल जेठको गोरखापत्रमा देख्न सक्छौं । १९९१ र ९२ सालमा मातापिता र २ महिने बालिका छोरी रहेनन् भने साहित्यिक क्षेत्रमा व्यस्त भएर सेवासुश्रुषा नगरी त्यसमाथि केही वर्षको अन्तरालमा माहिला छोरा कृष्णप्रसाद र जेठा प्रकाशप्रसादको निधन हुँदा कविमा चोट पऱ्यो ।

एकतन्त्री शासनको समयमा काठमाडौं रानीपोखरीछेउ सरस्वती सदनमा २००४ सालमा नेपाली साहित्य सम्मलेनबाट आयोजना गरिएको बृहत्तर साहित्यिक सम्मेलनमा जेठा कवि लेखनाथ र बालकृष्ण सम भए पनि देवकोटाका विलक्षण प्रतिभा देखेका व्यक्तिहरूबाट देवकोटालाई सभापति बनाइयो ।

त्यस बखतको अन्तिम दिनको उनको भाषण हृदय छुने अपूर्व थियो । सदनमा खचाखच उपस्थित भएका व्यक्तिहरूले मन्त्रमुग्ध जस्तै भई साहित्यिक रसपान गरे । अन्य देशमा देवकोटाले भाग लिएको साहित्यिक सम्मेलनका कुरा गर्दा २०११ चैत्रमा नयाँ दिल्लीमा भएको एशियाली जनसम्मेलनमा 'पडोसी नेपाली जिन्दावाद' नारासमेत घन्क्यो । त्यस्तै २०१३ साल पौषमा भएको एशियाली लेखक सम्मेलनमा साहित्यिक धाराप्रवाह तीखो भाषण दिएका थिए । त्यस बखतमा अगिल्तिर अतिथिको ऋममा विद्वान् राज गोपालचारीसमेत थिए । त्यस्तै गरेर २०१५ असोजमा तासकन्दमा भएको अफ्रो–एशियाली लेखक सम्मेलनमा अपूर्व साहित्यिक वक्तव्य दिएर देवकोटाले चकित पारे । त्यसमा स्वाधीनता र नेपाली साहित्य वार्णिक छन्दबाट उठेर स्वछन्दवादीसमेत भएको उल्लेख थियो । उनका 'हामी नेपाली' कवितासमेत गरी नेपाली कविता रुसीभाषामा अनुवाद भई छापिएको थियो । रुसीहरू गौरवपूर्ण नेपाली कविता सुनेर आकर्षित भए । देवकोटालाई चिनेर पछि रुसमा नेपाली साहित्य विभाग खोलिएको छ । देवकोटा र नेपाली साहित्यका कृति छापेर अनुसन्धान भइरहेको छ । देवकोटाका 'हामी नेपाली' कविताबाट झिकिएको एक श्लोक यस्तो छ —

*भूमण्डलको गोल सदनको*
*अंशियार हुँ, एक थाली*
*न्यौछावरका पूजारी छौँ*
*विश्व मानव नयपाली ।*

यसरी 'वसुधैव कुटुम्बकम्' भावना जागृत गरी नेपाली धेरै कविताहरू अनुवाद गरेर अन्तरराष्ट्रिय क्षेत्रमा पुऱ्याएको देखिन्छ । 'इन्द्रेणी' पत्रिकामा नेपाली कविता अङ्ग्रेजीमा अनुवाद गरेर सुरु भएको हो । यही कुरा यस कलम लिनेले २०१६/५/३०/३ मा श्रीमती मनदेवी देवकोटासमक्ष, समवेदना प्रकट गर्दा "विश्व साहित्यको पिंढीमा पुग्न पाउने गरी लेख्नुभएका साहित्यिक रचनाहरू पढ्न पाउनु हामी कविजीका जन्मस्थानका सहवासीलाई आनन्द लाग्ने नै छ" भन्ने समेत पत्रमा लेखिएको थियो ।

'धरती पुत्र जिन्दावाद' भनी 'कृषिवाला' काव्यमा पोख्ने देवकोटा किसानजस्तै धरतीका पुजारी हुन् । गोरखापत्रमा १९९० साल मार्ग १५ गते पहिलो प्रकाशित कविता 'पूर्णिमाको जलधि' मा धरतीका छाल र आकाशको चन्द्र किरणबाट सुखका सुन्दर छाल निस्केर अन्धकारलाई धोएर सफा पारिएको छ । सफा पार्ने प्रशस्त कृतिहरू छन् । त्यसमध्येका कृतिहरूमा बालकृष्ण समको शब्दमा मुनामदन,

शाकुन्तल महाकाव्य र पागल कविता हो । हुन पनि देवकोटाका मुनामदनले धरती रसाएको छ । यसमा नेपाली र तिब्बतीबीच मित्रताका साथै सामाजिक पृष्ठभूमिमा सरलतासाथ बयान गरिएको सौन्दर्यमय भावना प्रशस्त छ । मानवताको व्यावहारिक गुणसाथ चेतना वृद्धि गरी धरतीलाई समृद्ध पारिएको छ ।

"छेत्रीको छोरो यो पाउ छुन्छ, घिनले छुँदैन, मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन ।" यस्ता थोरै शब्दहरूले साहित्याकाशमा अजस्र भावना पाइरहेका छौँ । तिब्बतमा देवकोटाको प्रतिमा उद्घाटन गर्दा यही आधारबाट २०५८ साल असार १० गते (२००१ जुन २४) 'सुनको छाना पोतालामुनि देवकोटा सुहाए' भनी हामी ल्हासामा पुगी भन्न पायौं । तिब्बतीहरूले तरुन्त नै मुनामदन तिब्बती भाषामा अनुवाद गरी जनसमक्ष ल्याइहाले । 'हातका मैला सुनका थैला के गर्नु धनले' भन्ने कुरा मुनाबाट बोलाएर आफ्नो जीवनभरि यही आदर्श राख्ने देवकोटाको भनाइ र गराइमा केही फरक आएन । यही कुरा जङ्गलमा सन्तुष्ट भई बस्ने च्याङ्वा पनि भन्दछ – आफैले खन्छ– आफैले खान्छ – सित्तैमा छुँदैन ।" देवकोटाले 'किसान' कवितामा पनि यस्ता हृदयका भाव पोख्दथे —

*वेदान्त वेद उसका सब काम गर्नु*
*उस्का विकास दिलमा सुख शान्ति भर्नु*
*लोभादिले न धमिलो उसको स्वभाव*
*गर्छिन् सधैँ प्रकृतिले उसमा प्रभाव ।*

साहित्यिक दृष्टिकोणले बौद्धिक जगत्का लागि देवकोटाको महान् पूर्णकाव्य हो 'शाकुन्तल' । देवकोटाजस्ता प्रतिभाशालीलाई पनि यो महाकाव्य फुर्सदमा लेख्दा ३ महिना लाग्यो । भाव गाम्भीर्य भएको यस महाकाव्यले आकाशपाताल ढाकेको छ । 'मीठो लाग्छ मलाई ता प्रिय कथा प्राचीन संसारको' भनी सुरु भई प्राकृतिक सौन्दर्यले भरपुर भएको यस काव्यमा सौन्दर्य झल्काउने मेनकाको बयान गर्दा यस्तो भनिएको छ –

*न वा त्यो चरी हो*
*न वा त्यो परी हो*
*न वा त्यो कृष्णको माधुरी हो*
*न वा विश्व सौन्दर्यको चामुरी हो*
*यसै कान पियुषले नै भरी भो ।*



'शिव सत् सुन्दरतता निनादिनी' झल्काउने यस्ता काव्य लेख्न देवकोटाका शक्तिले मात्र लेखिएको हो । यसमा के छ भन्नुभन्दा के छैन भन्नुपर्दछ । यस महाकाव्यको यसले समीक्षा गरेपछि आखिरमा "भविष्यमा यस्ता सुन्दर गुणहरू अँगालिएका भावपूर्ण महाकाव्य प्रतिभावान् व्यक्तिको सुन्दर महत्त्वपूर्ण अनुभूति भए मात्र निस्कन सम्भव होला भन्ने मेरो पूर्ण धारणा छ" भनी २०१६ साल महाकवि देवकोटामा लेख्ने यस व्यक्तिको धारणा अहिलेसम्म जस्ताको तस्तै छ । हुन त यो काव्य ३ महिने फुर्सत समयमा लेखिएको कुरा ने.भा.प्र.स.का दिग्गजले पचाएनन् । कविले गम्भीर भएर महाकाव्य त यही भाषानुवाद परिषद्को कार्यालय समयभित्र १० दिनमा लेख्न सक्छु भनी 'सुलोचना' महाकाव्य जन्म्यो । परिषद्का अध्यक्ष पुष्करशमशेरले अचम्म मानी 'सुलोचना'को भूमिकामा समेत लेखेका छन् । साथै अरू जोड परेको भए एक दिनमा महाकाव्य लेख्न सक्छु भन्ने भाव यथार्थभित्र छ । एक दिनमा लेखिएको 'कुञ्जिनी' काव्यमा विभिन्न थरीका लोकलय राखेर मीठो पारिदिएकाले भोटे सेलोमा 'म्हेन्दु' लेखेर यस जातिको सौन्दर्य र सामाजिक बोध 'मुनामदन'मा भएको जसरी त्यसमा पनि देखाइदिए । प्रकृतिवादी, स्वच्छन्दतावादी, मानवतावादी, सुधारवादी, राष्ट्रवादी, क्रान्तिवादी, आस्तिकवादी, व्यङ्ग्यवादी आदि विभिन्न धारा काव्यमा छ । त्यहाँ मानिसले जे चाहन्छ–त्यो लिन सक्दछ । ईश्वर नमान्ने कुरा पनि कहीँकहीँ कोट्याएर भन्न सकिन्छ तर त्योचाहिँ आस्तिकवादलाई पुट दिन यस्ता कुरा पनि संसारमा छ भनी देखाउन मात्र खोजिएको हो ।

देवकोटाको अर्को उत्कृष्ट गुण निबन्धमा छ । लक्ष्मी निबन्धसङ्ग्रह र 'दाडिमको रूखनिर' निबन्धसङ्ग्रहमा भएका निबन्धहरूमा आत्मानुभव राखेर सौन्दर्यको चेतना बगाउँदै साहित्यिक तीर्खामा भावनाको रसपान गराउँदै चेतना बढाइएको छ । काव्यमा कल्पना र छन्दले सौन्दर्य थपेजस्तै निबन्धमा पनि छ । सार्थक र शाश्वत गुणले अभिव्यक्तिमा सजीवता उतारेको छ । रुमानी भावनामा प्रौढ भएपछि प्रगतिशील भावना पनि बढ्दै गएको छ । सङ्कीर्णतालाई हटाउँदै नीतिवान् भएका छन् । यसमा एकोहोरो आडम्बर र अन्धभाव उनमा छैन । निबन्धमा हास्य रसको पुट दिएर अगाडि बढ्दा जनसमुदायको चासो र चाख बढेको देखिन्छ । आफैभित्र रही अनुभव गरेका कुरा आफ्नै शैलीबाट लेख्दा पाठकलाई पढ्न उत्सुकता बढ्दै गएको हो । अनुभवका छालहरू बढ्छन्, घट्छन् । यसमा पूर्वीय दृष्टिकोण र पाश्चात्य भाव मिसिएको हुन्छ । कविकै शब्दमा भन्ने हो भने 'आफ्नै सुखदुःख प्राप्ति, हानी, हार, विजय, आँसु, हाँसो भावभावना, आदर्श सपना, दृश्यदर्शन,

झल्काझल्कीहरूका साथ मनोरञ्जन र आत्मप्रकाशन गर्न अग्रसर हुन्छु ।" 'पाँचवटा चाहिने कुराहरू' निबन्धमा ईश्वर, आत्मा, स्वर्गनरक र धर्मको बयान छ । कथाकहानीमा स्पष्टसँग यो एउटा झ्याल हो, जहाँबाट संसार चिहाइन्छ' भन्ने भाव भएका कविका कथा शारदा, युगवाणी, परोपकार, प्रगति आदि पत्रिका र 'झ्यालबाट' कथासङ्ग्रहमा पनि 'तीज' छापिएको छ । शारदामा छापिएको पहिलो कथा 'उनको मने'मा बालमनोविज्ञान सरलतासाथ राखिएको छ । परम्पराको नाममा नचाहिँदो आडम्बरी ठस्सा हटाएर सुधार गर्न खोजेको 'तीज' कथामा छ भने 'युगवाणी' पत्रिकामा छापिएका कथाहरूबाट एकतन्त्री शासनमा चेतना जगाएर राजनीतिक अधिकारबारे सचेत बनाइएको स्पष्ट छ ।

नाटकमा 'सावित्री सत्यवान्' नाटक साथै नाटक खेलाउन माग्न आउनेलाई दिन 'रजपुत रमणी' र 'भरत मिलाप' नाटक छुन् । नाटक संसारभित्र उनले पौराणिक र ऐतिहासिक आधार लिएर मनोरञ्जन गराएको देखिन्छ । अङ्ग्रेजी भाषामा विशेष दखल भएका देवकोटाको अङ्ग्रेजीमा 'शाकुन्तल' महाकाव्य चौध हरफे (सनेट) कवितासहित अरू कविताहरू पनि छापिएका छन् । कुरा सुनेपछि टपक्क भाषा टिप्न सक्ने क्षमता भएका कविको ९ भाषामा कविता शारदामा छापिएको थियो भने अरू भाषामा पनि उनको दखल थियो । बहुभाषाविद् बहुआयामिक देवकोटा सङ्गीतज्ञ पनि थिए । देवकोटाको चर्चा गर्दा उनको उपन्यास नसुनेको यस व्यक्तिले उपन्यास नलेखेको भनेको थियो । ने.भा.प्र.स.लाई धेरै पुस्तकहरू लेखेर बुझाउँदा कविलाई रु २०००।– त्यस बखतमा दिइएको थियो । त्यस बखतमा अरू पुस्तकका साथ अरू कथाभन्दा लामो कथा पनि बुझाएका थिए । त्यसलाई उपन्यास नभनी नामकरण पनि गरेका थिएनन् । साझाले उपन्यास भनी 'चम्पा' नामकरण गर्‍यो । अरू पनि यो व्यक्ति त्यसमा औपन्यासिक गुण तत्त्व आधार कति छन्, परीक्षण गर्न विज्ञ जनसमक्ष कुरा राख्दछ ।

'चन्द्रमाले चन्द्रमा हेरिन् कौसी र आकाश' भनी मुनामदनमा भन्दै गरेका देवकोटा चन्द्रमय थिए । रकेट (झटारो) चन्द्रमामा पुगेपछि उनी पनि देह छोडी पछि लागेर यहीँ पुग्ने महाकविबारे लेख्दा कहाँबाट सुरु गर्‍यौं, कहाँकहाँ सुन्यौं के के कुरा राखौँ भन्ने यसमा कुरा खेलिरहन्छ । यो पहिल्याउन मगज खेलाउन पर्छ । अहिले लेख्न बस्दा मनमा खेल्दाखेल्दै माथिको कुरा राखियो । जति काम गरे पनि लक्ष्मीबाट टाढा भएका सारस्वत कविको धपक्क बल्यो तेजस्वी मुखाकृति, चौडा छाती, फराकिलो काँध भएका केही अग्ला देवकोटा टाढाटाढाबाट देख्नासाथ उनी स्पष्टसँग चिनिन्थे । सनकी सम्झेर १९९५ सालमा राँची पुर्‍याइएको देवकोटाले पछि आफू पागल हुँ भनी प्रसिद्ध कविता नेपाली साहित्याकाशमा दिए । उनका जीवनी र साहित्यका केही रेखा मात्र कोरी उनको जन्म शताब्दिमा महाकविप्रति श्रद्धासुमन चढाइन्छ ।



**वि.सं. १९८८ सालमा काठमाडौंमा जन्मने श्री नित्यराज पाण्डे लामो समय सरकारी सेवामा संलग्न भई नेपाली साहित्यमा कलम चलाउने भाषासेवी एवम् समीक्षक व्यक्तित्व हुनुहुन्छ । 'महाकवि देवकोटा' नामक ग्रन्थका लागि मदन पुरस्कार (२०१६) प्राप्त गर्नुभएका पाण्डेले शिक्षण सेवाका माध्यमबाट समेत योगदान गर्नुभएको छ ।**



## नेपाल साहित्य समाजका उद्देश्यहरू

१. 'शब्दसागर सम्मान' र 'वसन्त–राधा पद्यकाव्य' पुरस्कारको व्यवस्था ।
२. विशुद्ध साहित्यसेवा ।
३. नेपाल वंशजका साहित्यकार, समाजसेवी, कलाकार आदिको पहिचान गरी तिनका जीवनी प्रकाशन गर्ने र तिनको नाममा सम्मान पुरस्कारको व्यवस्था गर्ने ।
४. नेपाल वंशजका लुकेका विशिष्ट व्यक्तित्व (धार्मिक, सामाजिक, राजनीतिक, ऐतिहासिक, स्वास्थ्य, विज्ञान क्षेत्रका व्यक्तित्वको नालीबेली वा जीवनी वा जानकारी पठाई यस उत्कृष्ट कार्यमा हातेमालो गरौं ।
५. नेपाली भाषा, संस्कृति, साहित्य, कला, विज्ञान आदिका अमूल्य अनुसन्धान ग्रन्थहरूको प्रकाशन गर्ने ।
६. नेपालको कुना–कुनामा रहेका उपर्युक्त विषयका अग्रज व्यक्तित्वहरूलाई सम्मान गर्ने ।

**नेपाल साहित्य समाज**
**चाबेल, काठमाडौं ।**
**सम्पर्क**
**शब्दार्थ प्रकाशन**
**चाबेल, गणेशस्थान**
४४९७३५१/९८४१-१४४५१०
Email:nepal.vk@hotmail.com

# लेखनाथ

✍राजेश्वर देवकोटा

भानुभक्त, लेखनाथ, लक्ष्मीप्रसाद–यिनलाई चिनाउन अगाडिपछाडि केही लगाउन पर्दैन तर आदिकवि, कविशिरोमणि, महाकवि यिनका पर्यायवाची शब्द भइदिए । यी विशेषता पनि अरूमा जोडिएनन् । यिनले सहज रूपले ती स्थान विशेषण प्राप्त गरे यद्यपि भानुभक्तभन्दा पहिले पनि कविहरू भएका थिए, लक्ष्मीप्रसादपछि महाकाव्य लेख्नेको सङ्ख्या पनि ८४ नाघेछ । यी बटवृक्षको तल केही उम्रिन पाएन । भनौँ भने अपवादको रूपमा बालकृष्ण देखापर्नुभएको हो तर 'चीसो चुल्हो' महाकाव्यमा पुग्दानपुग्दै उहाँको पनि अन्त्य भयो । भुइँबाट उम्रिन नपाए पनि बूढा वृक्षहरूको टोड्काबाट होनहार विरुवा पैदा हुन्छन् । बूढा वृक्षलाई खाइदिन्छन् तर नाम बूढा वृक्षकै रहन्छ । टुँडिखेलको बीचमा रहेको खरीको बोटमा पाखुरी भ्याङ्गिएर हामीले हेर्दाहेर्दै खरी हरायो तर नाम खरीको बोट नै थियो । खरी एक ऐतिहासिक वृक्ष हो, खरीको रूखबाट ठूला उर्दी र भाषणहरू भएका छन् । त्यहाँ नयाँ मञ्च बनाउनुपर्ने भएकाले त्यो रूख उखेलियो । हिजोआज नयाँ निर्माण गर्नेहरू पनि त्यस्तै छन् । जनताको वन, जन्तुहरूको निवास फाँडेर शक्तिशाली आफ्नो घर बनाउँछन्, कीर्ति राख्छन् ।

बूढा वृक्षको टोड्काबाट माधव घिमिरे पैदा भए – उनी लेखनाथको तपस्या गर्थे । लक्ष्मीप्रसादको साहचर्यमा आफूलाई उत्सर्ग गरिदिन्थे । जसको तपस्या गऱ्यो त्यही फल पाइन्छ । माधव घिमिरे आधा लेखनाथ, आधा लक्ष्मीप्रसाद हुन् । माधव घिमिरे आफ्नै रूप कायम गर्न सफल भएका मिसावट हुन् । अरू त तपस्या नै नपुगी कुनैले लेखनाथ हुने प्रयत्न गरेछन्, कुनैले लक्ष्मीप्रसाद हुने, बीचैमा चिप्लिएछन् । महाकाव्यको सङ्ख्या चौरासी पुग्यो भन्ने सङ्कलन कर्तासँग सोधेँ एकदुई महाकविको र उनका महाकाव्यको नाम भन्नोस् उनले भने – म सिङ्गै सुली चढाइदिन सक्छु । लक्ष्मीप्रसादको टोड्काबाट पनि धेरै कविहरू निस्किए, केही बुझिने, केही नबुझिने । लक्ष्मीप्रसाद पनि त्यस्तै थिए– उनका कविता बुझिन्छन् । केही न बुझिन्छन् न तिनको अर्थ छ तर त्यहाँ लय र छन्द छ



त्यसको आफ्नै बान्की छ । नक्कलीहरूले नबुझिने नक्कल गर्न त सके तर छन्द न बन्द । यो त उनका लुगाको नक्कल हो । लक्ष्मीप्रसादले लगाउने लुगा कहिल्यै मिलेको हुँदैनथ्यो । आफू चिटिक्क परेको लुगा लगाएर कवितामा उनको कपडाको नक्कल गर्छन्, तैपनि केही उदाकै हुन् र छन् । मैले टोड्काबाट पलाएका भनेँ – त्यसबाट आफूलाई अपमानित गरेको नसम्भिनु हुनेछ । कविकुलगुरु कालिदास वाल्मीकिको र महान् कवि भारवि व्यासको टोड्काबाट उम्रिएका हुन् । वाल्मीकि र व्यासले आफ्नो सबै धरती ढाकिदिए टोड्काबाट नउम्रिए कहाँबाट उम्रिने ? लेखनाथले नेपाली भाषा स्थापित गरिदिइहाले । लक्ष्मीप्रसादले साहित्यको जङ्गल खडा गरिहाले । लेखनाथको भाषा सुधारेर लक्ष्मीप्रसादको वन जङ्गल फाँडेर आफ्नो घरबास कसैले बनाउन सक्छ भने त स्वागत योग्य फँडानी हो । त्यसलाई शक्ति भनिन्छ ।

अहिले मेरो यस लेखको तारो हाम्रा ध्रुवतारा लेखनाथ हुन् । हामी उनलाई ठूलो आदर साथ गुरु कविजी भनेर चरण स्पर्श गर्थ्यौं । त्यतै ठमेलतिर डेरा गरी बस्थ्यौं र मैले को किन पुरानो र को किन नयाँ भनी एउटा आलोचना लेखेँथेँ । त्यो छापिएको पत्रिकामा उहाँको आँखा परेछ । उहाँले ऋतुविचारमा दृश्य मेघलाई अदृश्य कृष्णसित तुलना गर्नुभएछ । त्यस्तै प्रसङ्ग कोट्याएर उहाँलाई पुरानो ढर्राको भनी लेखेँछु । ठमेलको बाटोमा गुरुसित भेट भयो । म झुकेर प्रणाम गर्दै थिएँ । "अँ पुरानो ढर्राको" कविजीले भनेर लौरो उचाल्नुभयो । त्यसपछि मैले आलोचना लेख्न छाडिदिएँ । त्यो घटना मलाई वरदान नै भयो, म आलोचनाकै क्षेत्रमा रहिरहेको भए बढी छिद्रान्वेषी हुन्थेँ होला, नकारात्मक प्रवृत्ति पनि ममा बढ्थ्यो होला तर म मूलतः आशावादी र सकारात्मक प्रवृत्तिको मान्छे हुँ, अहिले म त्यही छु । अभावैअभावको बीचमा पनि भाव खोज्छु । घोर अन्धकारमा पनि आशाको किरण देखिरहन्छु । योभन्दा अर्को यस समाजमा बाँच्ने आधार नै के छ ? केही कालपछि, मैले उहाँको 'बुद्धिविनोद'को उत्तर 'विनोद पुष्पाञ्जलि' शीर्षक दिएर तैयार पारेँ । कविजीलाई सुनाएर मात्रै यो 'पुष्पाञ्जलि' छाप्ने विचार थियो । कविजीको स्वर्गबास भयो । मेरो पुष्पाञ्जलि पनि थन्कियो । उहाँको संस्मरणमा आयोजित एक सभामा हालै एउटा पङ्क्ति कविजीप्रति श्रद्धाञ्जलिको रूपमा सुनाएँ, कमलमणिजीले त्यो छाप्नुपऱ्यो, पाण्डुलिपि दिनोस् भनी आदेश गर्नुभयो । त्यस्तो आदेश गर्न सक्ने योग्यता उहाँले हासिल गर्नुभएको छ र ससम्मान टक्र्याएँ । छाप्ने बन्दोबस्त मिलाइदिनुभयो । भूमिका लेख्ने मान्छे पनि उहाँले नै खोजिदिनुभयो । त्यो भूमिका लेख्ने मान्छे त मेरै साथी पर्नुभएछ श्रीभद्र शर्मा ।

एउटै कक्षामा पढे पनि उहाँलाई दाइ भनी सम्मान गर्थ्यौं, किनकि उहाँ कक्षामा सधैँ पहिला भइदिने । मेरो पुस्तिका छापिएपछि उहाँले भन्नुभयो – तेरो लेखले मलाई मात्रा पुगेन, मैले पनि लेखेँ, अब त्यसमा तँ भूमिका लेख । ऋण तिरेँ । त्यसपछि त लहर चलेछ – एउटा विद्वान्को त पाएँ र पढेँ पनि । सबै विवरण त जितालीजीलाई थाहा छ, उहाँले डाक्टरी प्रमाणपत्र लिन लेखनाथ रोज्नुभएछ । मलाई रमाइलै लाग्यो – नेपालीमा डाक्टरी गर्नेको सङ्ख्या पनि चौरासी पुग्यो वा पुग्दै होला । म आफैले १३ वर्षको उमेरसम्म लेखनाथको नाम सुन्न पाएको थिइनँ । काठमाडौं पुगेपछि उहाँको त्यति बेलासम्म प्रकाशित कृतिहरू सबै पढेर घरमा संस्कृतका पुस्तकको ठूलै भण्डार थियो । हामीलाई नेपाली पढ्न दिइन्नथ्यो । भानुभक्तको नाम त मावलीमा गएको बेला सुनेको । मेरी बज्यै भानुभक्तको नातिनी हुनुहुँदोरहेछ । उहाँले रामायणका पङ्क्ति गुनगुनाएर सुनाउने गर्नुहुन्थ्यो । त्यस्तो अवस्थाबाट गुज्रेको मैले आज लेखनाथका कविता बालक बालिकाहरूबाट सुन्न पाउँदा कति खुशी मान्दो हुँ । 'बालक बबुरो द्विज शुकनामा' यस कविताबाट नै कविजी शिखर चढिसक्नुभएको छ । 'ए चङ्गा जा तँ जाजा सरसर गरी सरर आकाशिँदै जा, जाँदाजाँदै अगम् त्यो गहन कुहरको अन्त्यमा लीन भैजा' । यो पङ्क्ति बालकले जति रमाइलोसित पढ्ला उति प्रौढले गहनताको साथ आफ्नो अथवा कविजीको जीवनसित जोडेर पढ्न सक्ला । कविजी अन्त्यसम्म पनि आरोहमा नै रहनुभयो, उहाँको अवरोह भएन । 'सत्यकलि संवाद' पढ्न रमाइलो छ, मनन गर्दा पनि हुन्छ । कलिले भनेछ –"यो हालको चलन हो। पहिले थिएन दाज्यै तसर्थ प्रभुले बुझिबक्सिएन। सत्यप्रति कालको सम्मान छ तर जहाँसम्म उसको विषय छ कालसित सत्यले कसरी सक्नु ? काल त सत्य त्रेता द्वापरको विषयको उत्तराधिकारी हो। जो जुन युगमा जन्मियो उसले त्यसै युगको प्रतिष्ठा बढाउन पर्छ ।" यो एउटा सन्देश हो। सलल बगेको पङ्क्तिले विनम्रतासाथ युगको प्रतिनिधित्व गरेको छ ।

माथि उल्लिखित सबै पङ्क्तिहरू गुनगुनाउनोस् । यस्तो भाषा अरूबाट लेखिन्न । किनकि लेखिएन – भानुभक्तले लेखे "मेरा काखमहाँ सुत्या र रघुनाथ् हात्को तकिया दिआँ ।" कति सजिलो र सरल छ, तर त्यस्तो कसैले लेख्न सकेन एउटी राजकुमारीको वेदना त्यसमा लुकेको छ। त्यसैमा उनलाई प्रसन्नता छ। हामी पढ्नेलाई पनि प्रसन्नता हुन्छ। आफ्ना–आफ्ना समयमा भानुभक्त एवं लेखनाथले जे लेखे त्यो फेरि लेखिन्न। त्यस्तो कसले लेख्न सक्दैन ? भन्नेहरू पनि हुन्छन् तर त्यस्तो भन्नेहरू भनिरहन्छन् तर नेपाली जन जिउरोमा त त्यसैले ठाउँ लिइसक्यो । लौ त त्यसभन्दा स्वादिलो लेखेर जिउरोलाई आर्को नयाँ स्वाद दिऊन् त ? दिन सके ती कविमा दर्ता हुनेछन् ।



लेखनाथले आफ्ना कुनै कृतिलाई महाकाव्यको संज्ञा दिएका छैनन् । दिएका भए पनि सुपाच्य नै हुन्थ्यो । लेखनाथ उत्तरोत्तर कसरी पढिने छन् ? आज स्थिर हुन आएको नेपाली भाषाको कवि उनै हुन् । उनले भाषालाई परिमार्जित र परिष्कृत गरिदिए । त्यो स्थापित भयो, सदाका लागि । नेपाली भाषामा प्रयुक्त शब्दहरूको कोश डा. वासुदेव त्रिपाठीले बनाउँदै हुनुहुन्छ भन्ने सुनिरहेको हो। व्यग्रतासाथ प्रतीक्षा गरिएको छ। त्यसबाट पनि भाषामा कसको के योगदान भन्ने बुझ्न पाइएला । आजका प्रत्येक साक्षरले आफ्नो पछाडि कोको ऊर्जाको रूपमा रहे भन्ने कुराको इतिहास पढ्नुपर्छ । ऋण तिर्नुपर्छ। हाम्रा महर्षितपस्वीहरू यिनै हुन् । जसलाई केही दैवी शक्ति केही उनको तपस्याको प्रभावले सहजरूपमा उनबाट कविताको प्रवाह चल्यो, जसका रसले हामी अनुप्राणित छौँ । लेखनाथले साहित्यक अर्थमा त 'बुद्धिविनोद' लेख्नुभएकै छ । व्यक्तिगत रूपमा पनि विनोदी हुनुहुन्थ्यो ।

*कहाँ थियो वास अघि म को थिएँ, कसो हुँदा यो पिँजडा लिँदो भएँ,*

*कहाँ छ जानू कुन साथ लीकन, तँलाई मालूम छ कि यो कुरा मन ?*

उहाँले लेख्नुभएको 'बुद्धिविनोद'को पहिलो श्लोक हो यो । त्यसको उत्तरमा 'विनोद पुष्पाञ्जलि' मैले यसरी चढाएको छु –

*यहीँ थिएँ व्याप्त बनी बसी रहेँ सुयोगले देह बनेर देखिएँ,*

*सखा छु आफैँ म हिँडी रहन्छु, मेरो परंधाम मभित्र नै छ ।*

कविजीलाई सुनाउन पाएको भए यो पुष्पाञ्जलि उहाँले कसरी ग्रहण गर्नुहुन्थ्यो होला । यस उत्सुकताको ताप मलाई लागिरहेकै छ । यस्तैमा भन्नुपर्छ – अस्तु ! कवि व्यक्तिगत रूपमा विनोदी हुनुहुन्थ्यो भन्ने कुरा लक्ष्मीपूजा नाटकबाट पनि केही बुझिन्छ ।

जुवा फुकेफुकेको बेला र विशेष गरी पञ्चकमा जुवाडेलाई उहाँको बैठक खुला हुन्थ्यो । हामी जान्थ्यौं, उहाँ केटाकेटीसित पनि मिल्नुहुन्थ्यो । हामी काठमाडौं बसाइका प्रारम्भिक कालमा कविजीको बैठकमा च्याखे थाप्न जान्थ्यौं । २ पैसा थाप्यो खाइदिने, ४ पैसा थाप्यो त्यो पनि खाइदिने हामीसित र पैसा थाप्ने क्षमता नै हुँदैनथ्यो र पैसा पनि हारे २ छाकलाई पुग्ने चामल हारिन्थ्यो । मोहोरमोहोर खेल्ने मान्छेहरू आएपछि कविजीले हामीलाई भारेभुरे बाद भनिदिनुहुन्थ्यो । कविजीलाई कौडा हान्नुपर्ने, कथंकदाचित् आफ्नो दाउ लागेन भने आर्को दाउको मान्छेलाई हट

भन्नुहुन्थ्यो र खाल साट्नुहुन्थ्यो । कविजी विनोदप्रिय हुनुहन्थ्यो तर हिसाबकिताब जान्नुहुन्थ्यो । लक्ष्मीप्रसादजस्तो पटक्कै हिसाब नजान्ने होइन । भानुभक्त हिसाब बिराएर झ्यालखान परेका हुन् । उनले रकम–कलम मिलाउनै जानेनछन् । हामी कविजीलाई एक सुखी र सम्पन्न मान्थ्यौं । हाम्रो बुझाइको स्तर नै ४ पैसे थियो, चाँदीको मोहोर रुपियाँको लक्कू हारजीत हुँदा हामी हेर्दै दङ्ग पर्दथ्यौं । मुग्चाको खालमा त सुनको मोहोर खेलिएको रहेछ । त्यो पनि हेरियो । अर्थात्, पहिलो पालि सुनको मोहर देखियो । पञ्चकमा पुस्तक पूजा गरी राख्ने चलन भएकाले दिनभर फुर्सद हुन्थ्यो । खूब खाल चहारियो । जुवामा चाँदीको रुपियाँ मोहर गनेर लेनदेन गर्ने होइन रहेछ तराजुले जोख्ने रहेछ । एउटा गाउँले र काठमाडौंका सामन्तको हैसियतको अन्तर दाँज्न सकिन्थ्यो । जति परिवर्तन भए पनि यस्तो अन्तर भने स्थिर रहेको छ । संसारकै गति हेर्दा स्थिर शक्ति भनेकै यही रहेछ कि जस्तो भइसकेको छ । समाजवादको मरीचिका नै हरायो । अब लेखनाथकै एक कविताको उल्लेख गरी टुङ्ग्याउँछु ।

*म खाउँ मै लाउँ सुख सयल वा मौज म गरूँ,*
*म बाँचूँ मै नाचूँ अरू सब मरून् निर्बलहरू ।*

[वसन्तकुमारले आरन थाप्नुभयो, भन्नुभयो — लेख कि लेख । कलमको टुप्पोमा पाइन चढाउने मौका उहाँले दिनुभएको हो । पाइन चढ्यो चढेन, लेखें । कि लक्ष्मीप्रसाद कि लेखनाथ कि समको उपर लेख्न भन्नुभएको थियो — मैले लेखनाथ रोजें, उद्धरण त तीनै स्रष्टाको गरेको छु । लक्ष्मीप्रसादको जङ्गलभित्र पस्ने साहस कसैले गरोस्, म त त्यहाँ पसेपछि निस्किन सक्दिनँ ।

वसन्तकुमारलाई चिनाउन पनि अगाडिपछाडि केही जोड्नुपर्दैन, धन्यवाद !]

काठमाडौं
२०६६।२।१९

**वि.सं. १९८६ सालमा गण्डकी अञ्चलको गोरखा जिल्लाअन्तर्गत लिगलिगमा जन्मने श्री राजेश्वर देवकोटाले नेपाली साहित्यका उपन्यास, निबन्ध, जीवनी, हास्यव्यङ्ग्य आदि विधामा सक्रिय रहँदै दर्जनौं कृति प्रकाशन गर्नुभएको छ । मूलतः राजनीतिमा संलग्न देवकोटाले 'उत्सर्ग प्रेम' (२०४४) उपन्यासका लागि मदन पुरस्कार प्राप्त गर्नुभएको छ ।**

❖❖



# अध्ययन, अध्यापन र बाधाव्यवधान

**✍ज्ञानमणि नेपाल**

"नेपालमा उहाँजस्तो अद्वितीय विद्वान् अरू छैनन्, उहाँ भूत, भविष्य, वर्तमानलाई विश्लेषण गरेर भन्न सक्नुहुन्छ, विशेष गरेर बितेका ऐतिहासिक घटनाहरूलाई केलाएर अब भविष्यमा घट्न सक्ने घटनालाई भन्न सक्ने मात्र होइन, आफ्नो विषयमा त प्रगाढ पाण्डित्य पनि राख्नुहुन्छ ।"

वि.सं. २००२ सालमा म गोगने –पाठशालामा पढ्न बस्दा त्यहाँ अध्यापन गर्ने मेरा मामा जयदेव अधिकारी र लक्ष्मीप्रसाद पोखरेलका बीचमा भएका उक्त संवाद मैले सुन्न पाएको थिएँ । मामा जयदेव अधिकारी, लक्ष्मीप्रसाद पोखरेल र नयराज पन्त विषय अलगअलग भए पनि रानीपोखरी संस्कृत पाठशालामा सँगसँगै पढ्ने गर्थे । मामाको उमेर अलिक बढी नै थियो, विषयचाहिँ व्याकरण र नयराज पन्तको ज्योतिष थियो भने लक्ष्मीप्रसादको साहित्य । जयदेव अधिकारी मध्यमा पास गरेर घरपायक मिलाएर खोटाङ भाषा–पाठशालामा अध्यापक हुन पुगे भने लक्ष्मीप्रसाद मध्यमासम्म पढेर परीक्षा नदिई घरव्यवहार गर्दै पौराणिक पेशामा लागे ।

नयराज पन्त रानीपोखरीको पढाइ समाप्त गरेर काशीमा गएर सिद्धान्त ज्योतिष पढेर ज्योतिषाचार्य भएर आएपछि नेपाली भाषा प्रकाशिनी समितिमा जागिरमा नियुक्त भएर काम गर्न थाले । त्यहाँ केही समय काम गरेपछि मातामहको प्रेरणाले रानीपोखरीमा अध्यापक भएर ज्योतिष पढाउन लागे । परीक्षा प्रणालीअनुसार पढाउँदा गुरुलाई सन्तोष थिएन र आफूले पढाएका विद्यार्थीहरूले ग्रन्थ कण्ठ गरून् भन्ने चाहनाले गुरुले पाठ सुनाउने पद्धति लाइदिएका थिए । दिनैपिच्छे पाठ कण्ठ सुनाउनु विद्यार्थीका लागि अप्ठ्यारो थियो, विद्यार्थीहरू परीक्षा पास हुने हिसाबले चाँडो–चाँडो पढाइदिए हुन्थ्यो भन्ने चाहना राख्थे । ग्रन्थ कण्ठ पारेर पढ्नुभन्दा परीक्षा पास गर्ने हिसाबले पढ्ने, नआएमा चोरचार गरेर पास गर्ने विद्यार्थीहरूको आकाङ्क्षा हुने, गुरु पाठ नसुनाई पाठ अघि नबढाउने हुँदा नयराज पन्तसँग विद्यार्थीहरू पढ्न हिचकिचाउने गर्दथे ।

विषय छान्न विद्यार्थीहरूलाई स्वतन्त्रता दिँदा रोजेर सजिला विषयमा विद्यार्थी खनिने र अप्ठ्यारा विषयमा विद्यार्थी सङ्ख्या कम हुने समस्याले गर्दा पाठशालामा कहिलेकाहीँ गोलाप्रथाद्वारा विद्यार्थीलाई पाठ्यविषय छुट्याइदिने गरिन्थ्यो । गोलाद्वारा परेको विषयमा पढ्न नचाहने विद्यार्थीलाई घोक्रयाउँदै लगेर कक्षामा राखिन्थ्यो भन्ने पनि सुनिन्थ्यो।

नयराज पन्तलाई यस्तो प्रक्रिया ठ्याम्मै मन परेको थिएन। वृत्तिका लागि पाठशालामा कक्षा त लिनै पर्‍यो । जे भए पनि परीक्षै दिए पनि आफ्नो विषयमा विद्यार्थी पोख्त होऊन्, विज्ञ होऊन्, पढेको ग्रन्थ कण्ठ पारून् भन्ने चाहनाचाहिँ गुरुको सधैँ रहिरहन्थ्यो । यस पद्धतिमा त्यस्तो चाहना कहाँ पूरा हुन्थ्यो र ?

एक दिन परीक्षा चलिरहेको रहेछ । गुरु निरीक्षण गर्दै जाँदा एकजना विद्यार्थीले चिट ल्याएर हो वा किताबको पाना ल्याएर चोरिरहेको रहेछ । गुरुले ट्याप्प समातेर चिटसहित उसलाई ल्याएर एउटा श्लोक बनाएर सुनाएको घटना रमाइलो छ, श्लोक यस्तो छ :

*जतातते पुस्तकभित्र पाइने*
*यी वर्णमाला पनि चोर्न तम्सने ।*
*मुनष्यले लोकमनोविमोहन*
*सुवर्णमाला लिन के गरोइन ॥*

यो घटना धेरै पछिसम्म चर्चाको विषय बनेको थियो । पढाइमा नयराज ज्यादै कडा मिजासका छन् भन्ने पनि सुनिन्थ्यो । परीक्षा–पद्धति सुरु हुनुभन्दा पहिले नेपालमा, भारतमा पनि कुनै विशेष पाठशालामा वा गुरुकै घर–दलान–चोकमा विद्यार्थीहरू पढ्दथे । आफ्नाआफ्ना विषयमा पोख्त हुन्थे । ग्रन्थमात्र कण्ठ पार्दैनथे, ती तत्तत् विषयमा विशेषज्ञ नै बन्दथे ।

तिनको विशेष विज्ञता सिद्ध गर्न काशीजस्ता ठूलाठूला विद्याकेन्द्रमा विद्वत्समाजको जमघट हुन्थ्यो । विभिन्न विषयमा शास्त्रार्थ चल्दथ्यो, शास्त्रार्थमा विजय हासिल गरेपछि ऊ प्रकाण्ड विद्वान्मा गनिन्थ्यो । आफ्ना विषयमा सबै ग्रन्थ नपढी शास्त्रार्थमा कोही अघि सर्न सक्तैनथ्यो ।

परीक्षा–पद्धति प्रारम्भ भएपछि शास्त्रार्थ गर्ने पद्धति हराएर गयो । परीक्षा–पद्धतिले शिक्षामा गुणात्मकताको भन्दा सङ्ख्यात्मकताको वृद्धिचाहिँ अवश्य गर्‍यो । यो पद्धति प्रारम्भ भएपछि यसप्रति तात्कालिक विशिष्ट विद्वान्हरूको



सकारात्मक भावना थिएन । अब विद्याको समृद्धि नभएर खति नै हुन्छ भन्ने तिनले ठानेका थिए ।

काशीसँग हाम्रो पुरानो सम्बन्ध थियो । मेरो जिबाले पनि काशीमै गुरुका घरदलानमा पढेर आएको र त्यहाँको शिक्षण गतिविधि मैले धेरै सानैमा आमैका मुखबाट सुनिरहको थिएँ । काशीमा पढ्न जाने टाढा–टाढादेखिका विद्यार्थीको जमघट हुन्थ्यो । परीक्षा प्रणाली सुरु भएको धेरै पछिसम्म पनि विद्यार्थीहरू गुरुकै घरमा पढ्ने गर्दथे । मेरो जिबाले पनि चार–पाँच वर्षसम्म वनारसमा बसेर गुरुकै घरदलानमा पढेको, गुरुसँग राम्रो व्यवहार गरेको, पढ्दा सुखसुविधा सहुलियत पाएको इत्यादि कुरा घरमा आमैका मुखबाट सानैदेखि मैले सुनिरहेको थिएँ ।

काशीमा गुरुकुलमा बसेर पढ्ने विद्यार्थीहरूले राम्ररी पढेनन् वा पाठ सुनाएनन्, ग्रन्थ कण्ठ पारेनन् भने गुरुहरू नाखुश हुन्थे र झोक्किएर विद्यार्थीलाई भन्थे “दूर से आये हो, पढना हो तो अच्छी तरह से पढो, ग्रन्थ कण्ठ करो, परीक्षा पास करना हो तो क्वीन्स कलेज चले जाओ ।”

यस कुरामा ती विद्वान् गुरुहरूको मनमा क्वीन्स कलेजमा राम्रो पढाइचाहिँ हुँदैन, परीक्षा पास गरेर विद्वान्को प्रमाणपत्रचाहिँ पाइन्छ भन्ने भाव छिपेको बुझिन्थ्यो । नभन्दै यो पद्धति लागू भएपछि नेपालमा, भारतमा पनि अरू शिक्षामा त म भन्न सक्तिनँ, संस्कृत शिक्षाको त प्रतिदिन ह्रास हुँदै गयो । म गोगनेमा पढ्दा मामाले मध्यकौमुदी आँखा चिम्लेर पुस्तक नहेरी पढाएको देखिन्थ्यो । आफूले पढेको सिद्धान्तकौमुदी पनि पढाउन सक्ने क्षमता थियो भन्ने सुनिन्थ्यो । तर पछि–पछि मध्यमा पास भएको मान्छेलाई यसरी पढाउन हम्मे नै पर्दै आयो । संस्कृत शिक्षामा गुणात्मकतामा ह्रास नै हुँदै आयो ।

संस्कृत विद्याको कुरा गर्दा एउटा अर्को कुराचाहिँ यहाँनेर बिर्सनु हुँदैन ।भारतमा नेपालमा पनि यस जीवनमा अत्यन्त आवश्यक व्यवहारोपयोगी विद्याको पठन–पाठन धेरै पहिलेदेखि टुट्दै आएको थियो । व्यवहारमा दैनिक जीवनमा नभई नहुने ज्योतिष, आयुर्वेद विद्या केही मात्रामा रहे पनि त्यसको विशेष गूढज्ञान हराउँदै आएको थियो । आयुर्वेदमा चिरफार गर्ने विधि त लोपै भएर गयो ।अब अलि–अलि बाँकी बचेको आन्वीक्षिकी अर्थात् दर्शनशास्त्रमा पनि पारङ्गत विद्वान्को कमी हुन थाल्यो । यस विषयमा मैले अन्यत्र चर्चा गरिसकेको छु ।

जुनसुकै संस्कृत विद्यामा रहेको ज्ञान हासिल गर्न साधनको रूपमा संस्कृत भाषाकै ज्ञान राम्रोसँग गर्नु आवश्यक हुन्छ । भाषाको ज्ञान नभई त्यसमा रहेको शास्त्रीय ज्ञान कसरी हासिल हुन्छ ?

संस्कृत भाषा राम्रोसँग पढाउन एउटा स्वतन्त्र प्राइभेट पाठशाला खोल्न पाए हुन्थ्यो। त्यसबाट राम्रो भाषाज्ञान गरेर संस्कृतवाङ्मयमा रहेका ज्ञानभण्डारमा प्रवेश गर्न सजिलो साधन हुने थियो। यो भित्री भाव नयराज पन्तको मनमा पहिलेदेखि नै परिराखेको थियो । आफ्ना घरमा आफ्नै किसिमको पाठ्यक्रमअनुसार मामाका छोरालाई पढाउन सुरु पनि गरेका र आफ्ना चिनेजानेका विश्वासिला इष्टमित्रलाई पनि यो कुरो सुनाउन थालेका थिए ।

आफ्नो व्यवहारले र नातासम्बन्धी पनि पं. लक्ष्मीप्रसाद काठमाडौं आउने-जाने हुँदा गुरुबाट यस्तो कुरा सुन्दा उनले पहाडपर्वतका साधारण मान्छेलाई काशी, काठमाडौं आएर पढ्नलाई पनि कठिन परिरहेको अनुभव गरी आफ्ना मावली गाउँ गोगनेमा गएर पाठशाला खोल्ने प्रस्ताव गर्दा सबै ग्रामवासीको सहयोग सहायता जुट्न सक्यो। नगदबाहेक सय छबीस मुरी अन्न हुने जग्गा न्यौपाने परिवारबाट, नेपाल परिवारबाट र राई परिवारबाट पनि गुठी राखियो। वि.सं. १९९८ मा गोगनेमा विद्येश्वर संस्कृत पाठशाला खोलियो र पं. जयदेव अधिकारीलाई खोटाङ भाषापाठशालाबाट छुटाएर ल्याएर त्यहाँ अध्यापकमा नियुक्त गरियो र बीस मुरी अन्न र बस्ने घर पनि दिइयो। पाँच-छजना विद्यार्थीलाई पनि चार-पाँच पाथीका दरले मासिक वृत्ति दिइन्थ्यो । म पनि त्यसै पाठशालामा पढ्दथें तर आफ्नै बाले पनि गुठी राखेको हुँदा मचाहिँ पाठशालाले दिएको वृत्ति लिन्नथें। मैले नयराज गुरुको प्रसङ्गमा हाम्रो गाउँघरको यस पाठशालाको यतिविधि चर्चा किन गरेको भने गुरुका जीवनसँग पनि यस पाठशालाको मानसिक सम्बन्ध अत्यन्त दृढ भएर गाँसिएको थियो । त्यही रहस्यलाई समुद्घाटित गर्न नै मैले लक्ष्मीप्रसादको र यस पाठशालाको बारेमा यो प्रसङ्ग जोडेको हुँ।

गोगनेमा विद्येश्वर संस्कृत पाठशाला खोलेको विशद वर्णन सुनेपछि नयराज पन्त लक्ष्मीप्रसादप्रति अत्यन्त प्रसन्न र विश्वस्त बनी विशेष यहाँ घरको अनुकूलता पारेर आफ्नो सिद्धान्त ज्योतिष विषयमा पढाउन सक्ने एक उत्तराधिकारी विद्वान् शिष्य तयार पारेपछि आफू पनि त्यही गोगने पाठशालामा गई स्वतन्त्ररूपले संस्कृतविद्या अध्ययन-अध्यापन गर्ने सङ्कल्प गरी यो आन्तरिक मनोवाञ्छा



लक्ष्मीप्रसादलाई मात्र सुटुक्क सुनाएका रहेछन् । लक्ष्मीप्रसादले पनि यो कुरा अलिअलि चुहाएको हुँदा कताकता मेरा कानमा पनि पर्न आएको थियो तर पछि के भइदियो भने म त्यस पाठशाला पढिसकेर माथि अधिक पढ्नका लागि काठमाडौं आएर नयराज गुरुको पाठशालामै पढ्न थालें । उता लक्ष्मीप्रसादले केका मोहले यो गुठीबाट सञ्चालित पाठशालालाई सरकारी स्वीकृतिका लागि श्री ३ मोहनशमशेरकहाँ दरखास्त हाल्न लागेछन् ।

त्यस बेला ठाउँठाउँमा भाषा-पाठशाला, संस्कृत पाठशालाको दरबन्दी स्वीकृत गरिपाऊँ भनी निवेदन दिएपछि एउटा पण्डित र एउटा टहलुवाको दरबन्दी स्वीकृत हुन्थ्यो। मेरो घरबाट दुई-अढाई कोश पूर्व टक्सारबजारमा शिवालय, धर्मशाला, धारा भएका ठाउँमा भाषा-पाठशाला पहिल्यैदेखि चल्दै आएको थियो । गोगनेदेखि एक कोशपूर्व ओंवायुस्थानमा मेरा पिताजीले पनि एक शिवालय स्थापना गरी त्यहीँ एक पाठशालाका लागि निवेदन दिनुभएको थियो । ती दुवै निवेदन स्वीकृत भई आएछन् । यो कुरा सुन्नेबित्तिकै नयराज गुरुलाई छाँगाबाट खसेजस्तो भएछ । नयराज गुरुको स्वभाव भनाइमा भन्दा गराइमा विश्वास गर्ने खालको थियो । लक्ष्मीप्रसादको भनाइ पनि गराइ पनि देखेर त्यति विश्वस्त भइरहेकामा अहिले आएर त्यसलाई सरकारी स्वीकृति गराएको सुन्दा तीनछक्क पर्नु स्वाभाविक थियो । उनको कथनी र करनीमा पृथकता स्पष्ट भयो । सरकारी पाठशालामै पढाउने हो भने राजधानीका घरको आँगनैनेर रहेको रानीपोखरी संस्कृत पाठशाला छोडेर पचास-साठी कोश परको गाउँको भाषा-पाठशालामा कुन अबुझ जाँदो हो । लक्ष्मीप्रसादको सक्कली रूप र आन्तरिक भावको सही मूल्याङ्कन गर्न नसकेकामा गुरुलाई पछिसम्म पर्नुसम्म पछुतो भइरह्यो, गुरुको भावनालाई कदर गर्न र बुझ्न नसक्नु लक्ष्मीप्रसादजीको पनि ठूलो कमजोरी नै थियो ।

पहिले एकजना विद्यार्थीलाई लिएर गुरुले पढाइ चालु गरेका थिए । पछि चार सालमा म आउँदा पाठशाला घञ्चमञ्च भइसकेको थियो । पहिले रानीपोखरी पाठशालामै परीक्षा दिने विद्यार्थीलाई पढाइसकेपछि अरू विद्यार्थीलाई पढाउने गरिन्थ्यो । पछि यो पाठशाला मासंगल्लीमा दिव्यबज्र बज्राचार्यको मतानमा सारियो तर पाठशालाको नामकरण गरिएको पनि थिएन, उद्देश्य पनि मौखिक सुनाइए पनि लिखित थिएन । मतानघरको छिँडीमा सुकुल ओछ्याएर बस्ने गरिन्थ्यो, त्यसैको भित्तामा पाठशालाको उद्देश्य आवश्यक जनाउने तीन संस्कतश्लोक ठूलाठूला अक्षरमा लेखेर टाँसिएका थिए । ती श्लोक यस प्रकारका थिए :

*विलयमुपगतास्ता मोहजाद्दुर्विपाकात्*

*पुनरपि भुवनेस्मिन् भान्तु विद्याश्चतस्र :*

*प्रतिपलमिव वृद्धि प्राप्नुवद्भिः प्रकाशै :*

*प्रतिहततिमिरौघा भारती भातु नित्यम् ॥*

**– नयराज**

"मोहबाट पैदा भएको दुष्परिणामले गर्दा नाश हुन पुगेका ती चार विद्या यस विश्वमा फेरि पनि चम्कियून्, हरबखत बढ्दै–बढ्दै आएका उज्याला किरणले गाढा अन्धकार हटाउने विद्या सधैँ फैलिरहोस् ।"

*को नु हासः क आनन्दो नित्यं प्रज्वलिते सति ।*

*अन्धकारावनद्धैः किं प्रदीपो न गवेष्यते ॥*

**– बुद्ध**

"हरबखत आगाको ज्वाला दन्किरहेको छ, के हाँस्छौ, के आनन्द गर्छौ, निष्पट्ट अन्धकारले ढाकिएका छौ, किन उज्यालो बत्ती खोज्दैनौ ।"

*आत्मानं नावमन्येत पूर्वाभिरसमृद्धिभिः ।*

*आमृत्योः श्रियमन्विच्छेन्नैनां मन्येत दुर्लभाम् ॥*

**– मनु**

"पहिलेका असफलताले आफूलाई अपमानित वा निराश नपार, जीवनभर श्रीवृद्धिको कामना गरिरहू, यसलाई दुर्लभ ठान्दै नठान ।"

नयराज गुरुको पाठशाला चलाउने प्रेरणा र प्रसङ्गको पक्षमा यो सानो चर्चा मैले यहाँ गरेँ, अब गुरुको अर्को पक्ष ग्रन्थलेखन र अनुसन्धानतर्फ पनि एक छोटो चर्चा गर्नु प्रासङ्गिक ठान्दछु ।

नयराज गुरुको मुख्य विषय सिद्धान्त ज्योतिष हो। यो एक उत्कृष्ट पौरस्त्य विज्ञान हो र यसमा धेरै आचार्यहरूले ग्रहगतिसम्बन्धमा सूक्ष्मातिसूक्ष्म गणित गरेर उपपत्तिद्वारा आफ्ना सिद्धान्त प्रतिपादित गरेका छन्। यसरी सिद्धान्त ज्योतिषको अध्ययनबाट उपपत्तिद्वारा ठीक कुरा पत्ता लाउने अनुसन्धान पद्धतिमा गुरुको पहिलेदेखि रस बस्न आयो। त्यसबेला पञ्चाङ्गको शुद्धाशुद्धि निर्णय गर्ने अधिकार पं. हेमराज पाण्डेको हातमा थियो, सो काम गुरुज्यूले नयराज गुरुकै मातामह भुवननाथ पाण्डेलाई जिम्मा दिएका थिए। पछि सो काम नयराज गुरुले नै सँभालेका



थिए । यस काममा ज्योतिषमा पञ्चाङ्गमा परिरहेका अशुद्धिलाई हटाएर शुद्ध पारिराख्नुपर्दथ्यो ।

नेपालको इतिहास भनेको वंशावली नै थियो, वंशावली पढेर किंवदन्ती सुनेर मानिसहरू नेपालका बारेमा आफ्नो धारणा बनाउँदथे ।

उन्नाइसौं शताब्दीको मध्यदेखि यसप्रति विदेशीको गतिविधि बढ्यो, नेपालको इतिहासमा हात हाल्ने काम गर्ने पहिले विदेशीहरू नै भए, नेपालको सामाजिक, आर्थिक, भौगोलिक स्थिति बुझ्न नै तिनीहरू अघिसरेका थिए ।

उनीहरूले यो सबै अध्ययन गर्नु भनेको सामरिक उद्देश्यले नै अभिप्रेरित थियो । ती अध्येता पनि राजनीतिक नियोगमै काम गर्ने मान्छे थिए । विलियम कर्क पेट्रिक, हेमिल्टन, हड्सन, ओल्डफिल्ड, राइट यी सबै यही कोटिका अध्येता हुन् । यिनको भौगोलिक, सामाजिक विवरण तात्कालिक इतिवृत्तबाहेक इतिहास भनेको चाहिँ नेपालका वंशावलीमा किंवदन्तीमा आधारित हुन्थ्यो ।

वि.सं. १९३७ पछि भने नेपालको इतिहासमा नयाँ मोड आयो । तात्कालिक अभिलेखहरू अर्थात् शिलालेख, स्तम्भलेख, ताम्रपत्र, ताडपत्र, टक मुद्रा, स्याहामोहर, लालमोहर, हस्तलिखित ग्रन्थका पुष्पिकावाक्य (कोलोफन आदि) अन्यान्य प्रमाण जुटाएर वैज्ञानिकरूपले प्रामाणिक इतिहास तयार पार्नुपर्दछ भन्ने पद्धतिको प्रारम्भ भयो । यिनमा नेपाल आएर अभिलेख सङ्ग्रह गरी प्रकाशन गर्ने काम गर्नेमा भगवान्लाल इन्द्रजी, सेसिल वेण्डाल, हरप्रसाद शास्त्री, सिल्भाँ लेवी, काशीप्रसाद जायसवालहरूको नाम लिन सकिन्छ। नेपालको इतिहासमा काम गर्ने अरू पनि पहिले धेरैजसो विदेशीहरू नै थिए तर यिनीहरूको इतिहास एकाङ्गी वा अपूर्ण त छँदै थिए । तिनमा संवत्सम्बन्धी र अरू घटनाबारेमा धेरै नमिल्दा कुरा हुँदा वादविवाद प्रशस्त चलिरहेकै थिए ।

नेपालमा अनुसन्धान गर्नका लागि ठूला खजाना भनेका त्यस बेला वीर पुस्तकालय र हेमराज पाण्डेको निजी पुस्तकालय नै मुख्य थिए । वीर पुस्तकालयमा हस्तलिखित ग्रन्थको भण्डार हुँदा ती ग्रन्थका पुष्पिकावाक्यद्वारा तात्कालिक इतिहासको केही अंश खुल्ने हुँदा ती पुस्तकको सूचीपत्रमा रहेका पुष्पिकावाक्य हरप्रसाद शास्त्रीले छपाइदिँदा त्यसबाट मध्यकालको पूर्वार्द्धको इतिहासमा केही प्रकाश पर्न आएको थियो ।

हेमराज पाण्डेको निजी पुस्तकालय नेपालीका लागि खुला थिएन, विदेशीहरूले भने त्यसबाट धेरै लाभ लिएका थिए । सिल्भाँ लेवीले नेपालको इतिहास लेख्दा र

अरू पुस्तक सम्पादन गर्दा पनि हेमराजको प्रशस्त सहयोग पाएका थिए । संवत्सम्बन्धी निर्णय गर्न उनलाई लिच्छवीकालका अधिमासको गणना गर्नुपरेको थियो । हेमराजको आशयमुताबिक भुवननाथ पाण्डेले अधिकमासको गणना पनि गरेका थिए । त्यस बेला सो गणना मिल्न सक्यो सकेन भन्न सकिँदैन । पछि सुमतितन्त्रको पाण्डुलिपि पाइयो, त्यसमा संवत्सम्बन्धी विवरण दिइएको थियो । सो विवरण हेमराजले काशीप्रसाद जायसवाललाई दिएका थिए तर उनले त्यसलाई उपयोग गरेनन्, आफ्नै कल्पनाको सहारा लिए ।

त्यसै बेलादेखि सुमतितन्त्रको सम्पादन गर्ने, अधिकमासको गणना गरेर नेपालको इतिहासमा देखिएका संवत्लाई धोइपखाली निर्णय गर्ने उत्कट इच्छा नयराज गुरुको मनमा लागेको थियो ।

नेपालको इतिहासका साधनहरू प्राचीनकालमा त प्रौढ संस्कृतमा लेखिएका अभिलेखहरू नै मुख्य हुन् । मध्यकालमा पनि प्रायः संस्कृतकै अभिलेखहरूको सहारा लिनुपर्दछ । संस्कृतको राम्रो ज्ञान नभई त्यस बेलाको इतिहासमा हात नहाले पनि हुन्छ । नेपालको पूर्ण, स्वच्छ, शुद्ध इतिहास तयार पार्न अनुसन्धान प्रविधि बुझेका, ऊहापोह विश्लेषण गर्न सक्ने संस्कृतविज्ञ विद्वान्मात्र समर्थ हुन्छन् भन्ने कुरामा दुई मत हुन सक्तैन । यसैले पनि नयराज पन्तलाई यस्तो पाठशालाको अनिवार्यता थियो, आवश्यक पनि परेको थियो र अध्ययन–अनुसन्धान यस्तै सन्दर्भले अभिप्रेरित थियो ।

नेपाल संस्कृतवाङ्मयमा प्रकाशित–अप्रकाशित ग्रन्थराशिको सङ्ग्रह गरेर अनुसन्धित्सु विदेशी विद्वान्हरूका लागि हेमराज पाण्डे एक आकर्षणको केन्द्र बनेका थिए । साधनको सङ्ग्रह भए पनि साधन जुटाउने सामर्थ्यशाली भए पनि उनले नेपालको इतिहासतर्फ कलम चलाएको चाहिँ देखिएन । काश्यपसंहिताको सम्पादन गरी विस्तृत उपोद्घात र रामायण, महाभारतसम्बन्धी लेख लेखेर अनुसन्धान कार्यको थालनी गरेका थिए । त्यसभन्दा अधिक उनको अनुसन्धान अघि बढ्न सकेन भन्न चाहिँ सकिन्छ ।

इतिहासतर्फ कलम चलाउन राणाकालमा कठिनाइ नै थियो । जानेको निर्धक्कसँग लेख्न, बोल्न गाह्रै थियो तर पनि इतिहास साहित्यतर्फ शोधखोजमा बाबुराम आचार्यकै नाम पहिले लिनुपर्छ । त्यस बेला इतिहासमा सामान्य फाट्टफुट्ट लेख लेखेर पनि पुराना कवि र कविताको शोधखोजले पनि उनले अनुसन्धानका क्षेत्रमा पाइला राम्रै चालेका थिए ।



यसै सन्दर्भमा नयराज पन्तले तात्कालिक प्रमाण केलाएर प्रमाणकै आधारमा इतिहासमा शोधखोज गरेर कलम चलाउने विचार लिएको हुँदा त्यस्तै एउटा लेख लेखेर त्यस बेला चर्चित शारदा पत्रिकामा प्रकाशनार्थ दिएका रहेछन् । अब यो लेख मूल्याङ्कन हुन लाग्यो – प्रकाशनयोग्य हो कि होइन भनेर । त्यस बेला शारदाका सम्पादक सिद्धिचरण श्रेष्ठ थिए । लेख प्रकाशनको लागि मूल्याङ्कन गर्दा सम्पादकका हातबाट मात्र पास हुन्थ्यो वा अन्त पनि जान्थ्यो । कहाँ कहाँ पुग्थ्यो, त्यो त म भन्न सक्तिनँ । छ–सात महिनापछि लेख प्रकाशन गर्न योग्य छैन भनेर फिर्ता भएछ । त्यसपछि नेपालमा नेपालीले विद्या पढ्ने, अनुसन्धान गर्ने बेला आएको रहेनछ भनेर पाठशाला खोलेर पढाउनपट्टि बढ्ता जोड दिइएको रहेछ । पाठशालाको नाम राख्ने, प्रचार गर्ने स्वीकृति लिने कार्यतिर पहिले लाग्दा त्यतातिर शासकका दृष्टि पर्न जान्थे, कुदृष्टि पनि पर्न सक्थ्यो । यसैले टाढा कतै गाउँमा गएर स्वतन्त्ररूपले पढाउने कल्पना गरिएको हुँदो हो ।

यो त राणाशासनको कुरा भयो, प्रजातन्त्र लागेपछि अथवा भनौँ कथित पञ्चायती प्रजातन्त्र पाठशाला खोलेर पढाउँदा स्वयं मैले राम्रैसँग खप्की खानुपर्‍यो । खप्की मात्रै होइन, पाठशाला प्रतिबन्धको मार पनि सहनुपर्‍यो । यसको वर्णन मैले अन्त गरिसकेको छु । यो भयो स्वतन्त्र पाठशालाको कुरा–सरकारी स्वीकृति प्राप्त भाषापाठशालामा संस्कृत पढायो भनेर एउटा सामान्य कर्मचारी जि.शि.नि. ले पढाउँदापढाउँदा खारिएका वृद्ध गुरुलाई हप्काएको, संस्कृतका पुस्तकहरू हुत्याइदिएको घटना मेरै आँखाका सामुन्ने घटेको थियो । यो देख्ता त्यस बेला हाम्रो पाठशालाको नामकरण किन नगरेको, स्वीकृति किन नलिएको रहेछ भन्ने कुरा राम्रैसँग स्पष्ट हुन आउँछ ।

पढ्नु, पढाउनु, लेख लेख्नु, पुस्तक छपाउनु भन्ने कुरामा राणाकालमा शासकका कटाक्षपात त पर्दथे । अनुसन्धान भन्ने कुरा झन् परैको भयो । पछि पद्मशमशेरको शासन सुरु भएपछि अलिकति खुकुलोजस्तो भयो । बाबुराम आचार्यले पुराना कवि र कवितामा शोधखोज गरेर किताब छपाए भने नेपालको इतिहास पनि पाठ्यसामग्रीमा समावेश गर्नुपर्छ भन्ने आवाज उठिरहेको हुँदा नयराज पन्तलाई इतिहासको पाठ्यसामग्री तयार पार्न भनियो र नयराज पन्त र तोत्रराज पाण्डेको नेपालको सङ्क्षिप्त इतिहास चार सालमा प्रकाशमा आयो तर यसमा कति कुरा काँटछाँट गरिए, कतिपटक जाँच पास गरियो, हो यसको कथा भन्न सकिँदैन ।

पढ्ने–पढाउने, पाठ्यपुस्तक लेख्ने कुरामा त यस्तो थियो भने अनुसन्धान गर्न झन् बहुत कठिन थियो । नायब बडागुरुज्यूको पद पाएका, श्री ५ ले समेत सम्मान

गरिने मान्छेले त रामायणको अनुसन्धान गर्दा श्री ३ बाट खप्की खानु परेको थियो भने अरू साधारणको त के कुरा ! यसको चर्चा मैले अन्यत्र गरेको छु ।

फेरि नेपालमा पुराना अभिलेख पढ्नु, पुराना लिपि जान्नु र सत्यतथ्य पत्ता लाउनु भनेको कुरा साधारण होइन । नेपाली विद्वान्ले गर्न सकिने कुरा हुँदै होइन, विदेशीहरूले गर्ने उनीहरूले नै सक्ने काम हो, भारतीयहरूले अथवा साँच्चै त गोरा छालावालाले नै यस्तो काम गर्न सक्छन्, त्यसमा पनि यो बेलायतीहरूको विशेष पहुँचको कुरा हो भन्ने भाव सर्वत्र व्याप्त थियो, शासकमा पनि शासितहरूमा पनि ।

यसरी नयराज पन्तले अनुसन्धानकार्य थाल्दाको समय बहुत कठिनको थियो । राणाशासनको बेलामा लेख्न, पढ्न, नयाँ कुरा छाप्न, पुस्तक प्रकाशन गर्न फुकीफुकी पाइला चाल्नुपर्थ्यो । सजायभागी बन्नुपर्थ्यो । स्वतन्त्ररूपले लेख्नु, पढ्नु भनेको त हुनै नहुने अपराधी काम गरेको जस्तो अनुभव हुन्थ्यो । 'मकैपर्व', 'लाइब्रेरी पर्व' आदि यसका उदाहरण हुन् । अरू व्यक्तिगतरूपले घटेका यस्ता घटनाको थुप्रै उदाहरण भेटिन्छन् । बाबुराम आचार्यले यहाँ बसेर पृथ्वीनारायण शाहको विषयमा ग्रन्थ लेख्न छपाउन नपाउने भएर सूर्यविक्रम 'बाबु'लाई सहयोग दिएर 'पृथ्वीनारायण शाह' निकाल्न लाएका थिए । वनारस, दार्जीलिङ आदि विदेशी शहरमा बसेर लेखपढ प्रकाशन गर्दा पनि अप्रत्यक्ष प्रहार सहनुपर्दथ्यो ।

सरकारी स्वीकृति नपाई पुस्तकालय र अरू निकायहरूमा अध्ययन–अनुसन्धान गर्न पाइँदैनथ्यो भन्ने कुरा त जगजाहेरै थियो । व्यक्तिगत सङ्ग्रहमा मठ–मन्दिरहरूमा पनि अनुसन्धान गर्न सुविस्ता थिएन ।

एक दिन कुनै मन्दिरमा गएर अभिलेख पढिरहेको बेला एकजना सज्जन आएर नयराज पन्तलाई भनेछन् : के गरिरहनुभएको ? किन पढ्नुहुन्छ यो अभिलेख ? राहुलले यो अभिलेख पढेका रहेनछन् र ? उनले पढेर प्रकाश गरिसके होलान् नि ?

कुरा त यो सामान्य नै थियो, तर गुरुका मनमा यस कुराले धेरे प्रभाव पार्‍यो । विदेशीहरू आएर धडाधड सरकारी पुस्तकालय कार्यालयमा पस्न पाउँथे, उनका लागि गुरुज्यूको पुस्तकालय पनि खुला थियो । नेपालीले तिनमा त परै जाओस्, यताउता छरिएका अभिलेख पढ्दा पनि स्पष्टीकरण दिनुपर्थ्यो। जनभावना पनि त्यस्तै थियो। नेपालीले गर्ने काम यो होइन, नेपालीले सक्ने पनि होइनन् । विदेशीले गरेकै कुरा पक्का प्रमाणित पनि हुन्छ भन्ने भाव सबैमा थियो। यसैले ती सज्जनले त्यसो भनेका थिए। नयराज पन्तको यो प्रसङ्ग अहिले पनि सम्झिरहनुपरेको छ।



नयराज पन्तले पाठशाला खोलेर अध्ययन गरेको, वैज्ञानिकरूपले अनुसन्धान कार्यको थालनी गरेको, प्रारम्भिक कथा सङ्क्षेपमा यहाँ सिंहावलोकन गरियो । चार सालदेखि पाठशालाको श्रीवृद्धि हुँदै गयो र यस पढाइले राम्रै प्रकर्ष गरेको हुनाले यस पाठशालाको पाठ्यक्रमले र पाठकले त्यस बेला खुलेको ब्रह्मचर्याश्रममा पनि स्थान पायो। नौ सालदेखि यस पाठशालामा पढ्ने विद्यार्थीहरूद्वारा लेख लेख्ने, पुस्तक प्रकाशन गर्ने कार्यको थालनी पनि भयो । यसको उद्देश्यचाहिँ विशाल थियो । सङ्क्षेपमा निम्नलिखित यी कार्यहरू भए –

१. यस पाठशालामा पढाइने सजिला–सजिला पाठ्क्रम अर्थात् पाठ्यपुस्तकको प्रकाशन ।
२. इतिहासमा देखिएका अशुद्धिको संशोधन गर्दै नयाँ–नयाँ कुराको प्रकाशन ।
३. पञ्चाङ्ग (पात्रा) मा देखिएका अशुद्धिलाई निराकरण गर्न पञ्चाङ्ग संशोधनको प्रकाशन ।
४. व्याकरण संशोधनको प्रकाशन ।
५. संशोधन गर्दा पनि वास्ता नगर्ने त्यस्ता विषयमा आँखा चिम्लिदिने र अर्काले परिश्रम गरेर निकालेका लेखेका कुरालाई चोरी गर्ने आदि काम गरेकोमा सावधान–पत्र प्रकाशन ।
६. उपर्युक्त कार्य गर्दा धेरै विरोधी पनि बढे, कतिले विरोध बखेडा पनि गरे । यसमा समर्थकहरू पनि भए, प्रशंसा गर्ने पनि भए, प्रशंसा गर्नेहरूले दिएका अभिनन्दनपत्रको सङ्ग्रह, अभिनन्दनग्रन्थको प्रकाशन ।
७. पुराना अप्रकाशित ग्रन्थहरूको र अभिलेखहरूको सम्पादन, अनुवाद, व्याख्याद्वारा सुसज्जित गरी प्रकाशन ।
८. इतिहास, संस्कृतिविषयक अनुसन्धानप्रधान पत्रिकाको प्रकाशन ।
९. नयाँ अनुसन्धानद्वारा विशिष्ट ग्रन्थहरूको रचना र प्रकाशन ।

यस पाठशालाका यी विशेष कार्यहरू थिए । यिनमा कति कार्य विशेषरूपले अघि बढे भने कतिले त्यत्ति प्रगति गर्न पाएनन् ।

विस्तारै संशोधक विद्यार्थी सङ्ख्या २१ सम्म पुग्यो तर पछि अलि–अलि विद्यार्थी सङ्ख्या घट्दै गयो, संशोधन पुस्तिका पनि स्वतः कम हुने नै भए । यस संशोधन मण्डलबाट पछि प्रकाशित हुन लागेको इतिहासप्रधान पत्रिका 'पूर्णिमा' भने नियमित रूपले चलिआएको छ । यसले दुःखसुख यौवनावस्था पार गरिसकेको

छ र यसका अङ्कहरू हीरक जयन्ती मनाउने स्थितिमा पुगेका छन् ।

पाठशाला चलाएर पढाउँदा, अशुद्धिको संशोधन गरेर इतिहास संशोधन निकाल्दा पनि संशोधकले धेरै भनाइ नै खानुपऱ्यो । परीक्षामा निर्धारित पाठ्यक्रमअनुसार नपढाउँदा विस्तार–विस्तार विद्यार्थीहरू पनि नाखुश हुँदै छोड्दै जान थाले । अभिभावकहरू पनि रुष्ट हुन गए भने संशोधन गर्दा अशुद्धि गर्ने, अर्काले गरेको अनुसन्धान कार्यको चोरी गर्ने तथाकथित ग्रन्थकार त झन् अत्यन्त क्रुद्ध हुने नै भए ।

आफू लुकेर बस्ने र विद्यार्थीलाई लाएर हाम्रो अशुद्धि देखाएर अवज्ञा गराउने भनेर तिनमा कतिले त मुद्दा हाल्नेसम्म धम्की दिए । कतिले त विद्वान्‌को रूप लिएर अधिकार, मानसम्मान पाएका व्यक्तिबाट पैसा खाएर कुचोद्य गर्ने शुष्क तर्क गरेर वितण्डा पनि फैलाउने काम गर्न लागे । आफ्नो सिद्धान्तनिष्ठा र मौलिकतामा अडिग भएर नयराज पन्तले यी सबै कुरालाई सहेर विरोध बखेडालाई पचाइरहे । आफ्ना निष्ठाबाट सिद्धान्तबाट रत्ति पनि विचलित भएनन् । प्रज्ञाप्रतिष्ठानमा सदस्य भएपछि पनि एउटा लेखमा नयराजमाथि आरोप लाएर साँखुल्ले बन्नेहरूले विरोध नमच्चाएका होइनन् । त्यसमा पनि उनको छविमा दाग लागेन, बरु झन् उजिलियो ।

अन्त्यमा म एउटा कुरा स्मरण गराउन चाहन्छु । राणाकालमा मानव अधिकार थिएन, लेख्ने, पढ्ने, बोल्ने सङ्घसंस्था खोल्ने, प्रकाशन गर्ने अधिकार त थिएन । त्यसै बेला पनि बाबुराम आचार्य, नयराज पन्त, हेमराज शर्मा, सोमनाथ सिग्देल, पद्मप्रसाद भट्टराईजस्ता प्रकाण्ड विद्वान्‌हरू पैदा भएका थिए । त्यसकारण शासकलाई, शासनलाई दोष दिनुभन्दा संस्कार मनोवृत्तिलाई हेर्नुपर्दछ । राजनीतिक व्यवस्थाको दृष्टिले, देशको जनताको समृद्धिको दृष्टिले त्यो शासन, ती शासक निश्चय पनि निकृष्ट थिए तर आज प्रजातन्त्र लागेको यतिका वर्ष बितिसक्यो । के त्यो मनोवृत्ति, त्यो संस्कारमा परिवर्तन आएको छ त ? कति पनि छैन । अस्तु !

**वि.सं. १९८९ सालमा सगरमाथा अञ्चलको खोटाङमा जन्मने श्री ज्ञानमणि नेपाल इतिहास, संस्कृति एवम् पुराना कविलेखकको अध्ययन-अन्वेषणमा समर्पित व्यक्तित्व हुनुहुन्छ । कविता, नाटकलगायत इतिहास र संस्कृति विषयका दर्जनौँ कृति प्रकाशन गर्नुभएका नेपाल प्रसिद्ध विद्वान् नयराज पन्तका शिष्यका रूपमा परिचित हुनुहुन्छ ।**

❖❖



# बालकृष्ण सम र म

**✍वसन्तकुमार शर्म्मा 'नेपाल'**

**१. नेपाली भाषा प्रकाशिनी समितिमा समलाई तपाईंले पहिलोपल्ट भेट्दा तपाईंको अनुभव कस्तो रह्यो ?**

श्री बालकृष्ण शमशेरज्यूलाई मैले पहिले नै 'मुकुन्द इन्दिरा' पढेर चिनेको हुँ । वि.सं.१९९५ मा उपत्यकाको पहिलो प्रदर्शनीमा भेटेको हुँ । मेरा पिताजी पनि सँगै हुनुभएकाले उहाँहरूको वार्तालापमा मैले पनि भाग लिने मौका पाएँ । ने.भा.प्र.स.बाट त्यही साल एकैपटक २५ वटा नेपाली किताबहरू छापिएका थिए । ती सबैको प्रदर्शनीमा निकै रौनक थियो र समज्यूसँग मेरो वार्तालाप त्यहीँबाट सुरु भएको हो । उहाँले समितिका भएभरका प्रकाशित पुस्तक पढ्ने प्रेरणा दिनुभो । पिताजीले पनि सबै नै प्रकाशित पुस्तकहरू किनिदिनुभो । किताबको भारी नै बोकेर म फर्केको छु । सप्ताहमा एकदुई पटक भेटवार्तामा समजी लक्ष्मी निवासमा बिहान उपस्थित हुनुहुन्थ्यो र उहाँसँग त्यहाँदेखि नै हाम्रो निजी वार्ता चल्न थाल्यो र उहाँले मलाई आफ्नो घरमा बोलाउनुभो । 'भोलि नै आउनू' भन्नुहुँदा मैले मङ्गलबारको कुरो निकालेँ । वहाँले आजै भएको कुराकानीमा बारको दोष हुन्न भोलि नै भेटौँ भन्नुभो र म बिहान उहाँकहाँ पुगेँ । बाहिरबाट घर त देखेकै थिएँ अब भित्रबाट घुमीघुमीकन बगैँचा र फूलविरुवाहरू देखाउनुभो । वहाँको कलाकारी ढोकाभित्रको कोठा कलामय नै थियो । यस्तो कि त्यस्तो मैले कहिल्यै देखेकै थिइनँ । साजसज्जा, सरसम्मान, चित्रकारी र चित्रकार एउटै कोठामा समष्टिरूपमा जम्मा भएको देख्न पाउँदा मैले आफूलाई त्यसै दिन साँच्चै भाग्यमानी ठानेँ । हुन सक्छ तिनै चीज र आफ्नो भित्री सत्व, तत्त्वलाई, प्रकाशित पार्न नै उहाँले मलाई बोलाउनुभएको होला । दुई घण्टा जति बसेपछि हाम्रो कुराको टुङ्गो लागेन र उहाँले आज मेरो जन्मदिन भएकाले पवित्र ब्राह्मण पुत्रलाई भोजन गराउने योजना गरेरै तपाईंलाई बोलाएको हुँ, यहीँ खाऊँ र विस्तारै छुट्टिउँला भनेर मलाई अस्वीकार गर्न नसक्ने तुल्याउनुभयो । मन्दाकिनीज्यूले तत्कालै भित्रपट्टि बोलाइहाल्नुभो । हामी दुवै भित्र गयौं त हाम्रो खाना ठीक थियो–तीन भाग अनि त म जतिसुकै घमण्ड गर्ने

भए पनि बाध्य भएर त्यहाँ खान बस्नै पर्ने भो अनि त्यसै दिनदेखि हरेक मङ्गलबार बिहानको खाना जूठो सुत्केरोबाहेक १६ वर्षसम्म आफ्नो घरमा खान पाइनँ । यसरी श्री सम र मेरो सम्बन्ध बीच–बीचमा छुट्दै, जोडिँदै सदा कायम रह्यो ।

**२. समको तपाईंलाई सबभन्दा मन परेको स्वभाव वा पक्ष के हो ?**

श्री सम जङ्गीलाठ खड्गशमशेरका छोरा समरशमसेर र उनका ल्याइते रानीपट्टिका दाजु पुष्कर र भाइ बालकृष्ण हुन्। आफूलाई चित्त नबुझेको जुनसुकै कुरामा पनि खण्डन गरिहाल्ने दाजु पुष्कर र जस्तोसुकै कष्ट आइपरे पनि भित्रभित्रै दमन गरेर बाहिर प्रकट हुनै नदिने बालकृष्ण राणापरिवारमा साँच्चै नै नमुनाका दाजुभाइ थिए। यतिसम्म कि छुट्टिएर बसेका दुई छोराका बीचमा दरबार भएका समरशमसेरले आफ्नो तर्फबाट फाटेर गएको धाराको नलमा रातमा विष हालेर भएभरको परिवारलाई सोत्राममा पार्दासम्म, नौ–दशजनाको परिवार विषले ढलेर औषधीमूलोद्वारा हप्तौंपछि बाँच्दासम्म पनि अपराधीलाई बदला लिनुसट्टा लौ माफै भो आजदेखि हामी सम्पर्कविहीन भयौं भनेर सहिदिने व्यक्तित्वलाई म त स्थितरता, धीरता, दृढता आदि सबै कुरामा अदमित साहस भएका नेपाली साहित्यजगत्का नाटकसम्राट बालकृष्ण समको प्रभाव म कहिल्यै बिर्सन सक्दिनँ ।

**३. समज्यू साहित्यबाहेक अन्य कुनकुन क्षेत्रमा रुचि राख्नुहुन्थ्यो ?**

श्री बालकृष्ण समले २००५/१०/५ गते आफ्नो राणापनबाट साहित्यिकहरूमा ईर्ष्या, राग द्वेष आदि उब्जिइरहने र मौकामौकामा घोचपेच पनि सुन्दै रहनु परेकाले शमसेरलाई त्यागेर 'म आजदेखि शमसेर होइन, सम मात्रै हुँ पातलो' भनेर सदर टुँडिखेलको खरीको बोटमा भेला भएका प्रजातान्त्रिक आन्दोलनका दर्शक, पाठक, श्रावक, श्रोता सबैसँग आफ्ना सकल परिवारलाई उभ्याएर श्री समले हाँस्दैहाँस्दै समत्व स्वीकार गरेका हुन् र त्यसपछि उनी कहिल्यै समबाट विचलित भएनन् र उनको लगभग अन्तिम अवधिसम्म यस्ता दुर्घटनाहरू प्रशस्तै परेको मलाई थाहा छ । मैले भए सहन अवश्य नसकिने घटनाहरू, प्रवञ्चनाहरू, प्रतारणाहरू, प्रलोभनहरू उनले प्रशस्तै पाएर पनि क्षमा दिए, सहिदिए, पर्खिदिए, त्यसैले मचाहिँ बालकृष्ण समलाई स्थिरता, धीरता, दृढताभन्दा पनि अझ बढ्दा वीरताका प्रतीक हुन् भन्ने मान्दछु । मानिसहरू सम्पर्कभित्रका कतिपय घटनाहरूलाई लिएर नै जसको पनि मूल्याङ्कन गर्दछन्। वास्तवमा मान्छेको व्यक्तित्वको मूल्याङ्कन सही रूपमा गर्ने हो भने यत्तिकै पूर्ण हुँदैन। व्यक्तिको सर्वतोमुखी यात्रामय घटनाहरू नलिने हो भने वास्तवमा नै मूल्याङ्कन सही हुन्न ।



समज्यूलाई लक्ष्य गरेर केही कुरा गरि नै हाल्ने हो भने म धेरै कुरा देखाउन सक्छु भनेको होइन तापनि नेपाली साहित्यको क्षेत्रमा मेरो जीवनका निकै धेरै वर्ष म समको नजिक भएँ, यसैले पनि वहाँका सुखदुःखका दिन र मेरा दुःखका दिन निकै पल्ट साटासाट गरेका छौँ । हृदय पनि निकै पल्ट मिलाई हेरेका छौँ, झण्डैझण्डै मेरो पिताजीको नजिक–नजिक पुग्ने समज्यू र ममा त्यस्तो विधि मैत्री कसरी बस्यो, त्यो म नै भन्न सक्दिनँ। हुन सक्छ, जुनसुकै कुरामा पनि आफूले नजाने जस्तो गरी विषय प्रस्तुत गर्दै अरूको मन्तव्यलाई मानेझैँ व्यवहार राख्ने समजी मेरो निम्ति श्रद्धेय संरक्षकजस्तै भएर मलाई भाग्यमानी बन्ने मौका दिनुभएको हो, जस्तो ठान्दथैं अघिपछि म, म विश्वास गर्थें परिआयो भने समज्यूबाट म सधैँ संरक्षित रहन पाउनेछु तर त्यो दिन आयो कि आएन भन्ने कुरामा चाहिँ मजस्तै अति विश्वस्त शुभाकाङ्क्षीहरू प्रश्न गरिहेर्थे र उत्तर पाउन्नथे होला। आखिर, वहाँकै अन्तर्गत २०२१ देखि २०२७ सम्म ने.प्र.प्र.को कर्मचारी भएर नियम अनुशासनमै विद्रोह गर्दै मैले राजिनामा दिएपछि अनुशासन कारवाही गर्न कटिबद्ध रहेको तात्कालीन कुलपतिलगायत प्रज्ञासदस्यहरूका विरुद्ध ८ महिनासम्म ५ पटकको बैठकमा विरोध गर्दै उपकुलपतिका हैसियतले 'म उसको राजिनामा स्वीकृत गर्छु' भन्दै हस्ताक्षर स्वीकृति पत्र दिएर मेरो हस्ताक्षर पाएपछि वहाँले सबैलाई प्रकट गरिदिनुभयो र 'म भन्दछु यसैले मैले समज्यूबाट भित्रभित्रै जे चाहेको थिएँ वास्तवमा त्यो पाएँ नै भन्नेमा म आज पनि विश्वस्त छु। यो त अति सङ्क्षिप्त सङ्केत मात्रै दिएको हुँ। ठूलाठूला दुर्घटनाहरू मसँग छन्। वहाँ त बिति नै सक्नु भो, मचाहिँ पुरिएको चिहान अझै खोतल्न लाग्दै छु, अब के भनूँ र !

**प्रस्तोता : महेश्वर खनाल**

***[साहित्यकार श्री वसन्तकुमार शर्मा 'नेपाल'सँग बालकृष्ण समका बारेमा गरिएको कुराकानी]***

❖❖

# बालकृष्ण सम साङ्गीतिक दृष्टिमा

✍रामशरण दर्नाल

बालकृष्ण समज्यू साहित्यका विविध विधाका अतिरिक्त, ललितकलाका विविध क्षेत्रमा पनि त्यत्तिकै सुपरिचित व्यक्तित्व हुनुहुन्थ्यो । शिष्ट वचन, सुसंस्कारयुक्त व्यवहार, सबैको आदर र सम्मान गर्ने विशिष्ट गुणले उहाँबाट प्रभावित नहुने सायदै केही होलान् ।

साहित्य, कला, संस्कृतिबाहेक उहाँको अर्को व्यक्तित्व पनि थियो, त्यो हो सङ्गीतकला । जुनसुकै विधाका विद्वान् उहाँलाई भेट्दा आफ्नो युगको प्रतिनिधित्व गर्ने द्रष्टाको रूपमा पाउने गर्दथे । धेरै विधामा अध्ययन, मनन र ज्ञान हुने समज्यू जुनसुकै विषयमा धाराप्रवाह बोल्न सक्नुहुन्थ्यो । यस्तो विलक्षण प्रतिभा कमै देखापर्छन् ।

नेपाल प्रज्ञाप्रतिष्ठान (तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान) द्वारा सञ्चालित योजनामा त्रिवर्षीय योजना र पञ्चवर्षीय क्रमशः सदस्यहरू प्राज्ञ र उपकुलपतिको पदमा रहेर समज्यूले महत्त्वपूर्ण योगदान पुऱ्याउनुभयो । यही अवधिमा उहाँ विशिष्ट पदक, त्रिभुवन पुरस्कार र पृथ्वी प्रज्ञा पुरस्कारले सम्मानित हुनुभयो ।

समज्यू केवल नाटककारमात्र हुनुहुन्नथ्यो । उहाँ स्वयं अभिनेता, रङ्गमञ्चीय व्यवस्थापन र वेशभुषा आदिबारे पनि विज्ञ हुनुहुन्थ्यो । आफूमात्र होइन कुनै कार्यक्रम सफल बनाउनमा परिवारका अन्य सदस्यहरूको पनि सहयोग लिनुहुन्थ्यो ।

सबै प्रकारका सङ्गीतमा रुचि राख्नुहुने समज्यू पूर्वीय शास्त्रीय सङ्गीत र पाश्चात्य शास्त्रीय सङ्गीतमा समेत अभिरुचि राख्नुहुन्थ्यो । बाक, विथोकेन, मुत्सार्ट, ग्लिन्का र चेकोभ्स्कीम् उहाँलाई मनपर्ने सङ्गीतकार थिए । यसबाहेक सबै विधाका सङ्गीत उहाँ एकाग्र भई सुन्नुहुन्थ्यो । नेपाली सङ्गीतको स्तर वृद्धि नभएकामा उहाँ दुःखित बन्नुहुन्थ्यो । धेरै वर्षअगाडि बेलायतका सङ्गीत अन्वेषक A.A Bake नेपाल आउँदा समज्यूले एउटा लोकगीत गाउनुभएको थियो ।

*"एक फेर बोली देऊ न*
*चोखो मनले माइली ।"*



उपर्युक्त गीत पछि जनार्दन समले गाएका थिए । बेलायतकी सङ्गीत अन्वेषक Dr. Carol Tirgey को आफ्नो सङ्कलनमा उहाँको स्वरमा सो गीत सुरक्षित रहेको छ ।

नेपाली सङ्गीतमा नेपाल बोलोस्, नेपाली ढुकढुकी र आत्मा बोलोस् । सिंगो संस्कृति प्रकट होस् भन्ने उहाँको इच्छा थियो ।

नेपाल एकेडेमीको स्थापनाकालदेखि नै संस्थापक सदस्य रहनुभएका समज्यू कला विभागको आयोजक सदस्य हुनुहुन्थ्यो । कला विभागका तीनजना सदस्य (प्राज्ञ)हरू बालकृष्ण सम, माधवप्रसाद घिमिरे र यज्ञराज शर्मा पालैपालो आयोजक रहने व्यवस्था थियो । आ–आफ्नो क्षेत्रका तीनैजना व्यक्तित्वले कला विभागलाई गरिमामय नेतृत्व प्रदान गर्नुभएको थियो ।

स्वर्गीय समज्यूका बारेमा जति लेखे पनि कमै महसुस हुन्छ । क्रमबद्ध रूपमा उहाँसँगको संस्मरण मात्रै लेख्ने हो भने एउटा ग्रन्थ नै तयार हुन सक्छ ।

समज्यू आज हाम्रा माझमा नरहनु भए पनि उहाँका अनेकौँ अमर कृतिले हामीलाई प्रेरणा दिइरहनेछन् । नेपाल राष्ट्रलाई कला साधकहरूले आ–आफ्ना साधनाद्वारा समृद्ध र सौन्दर्यमय बनाउन, नेपाल काव्यमय होस्, नेपाली संस्कृतिको धारा मेची–महाकालीझैं प्रवाहमान् भइरहोस् भन्ने उहाँको आदर्शलाई हामीले पालना गर्न सके साँच्चि नै उहाँप्रति श्रद्धाञ्जली हुनेछ।

नेपाली सङ्गीतबारे आफ्नो अमूल्य विचार प्रदान गर्दै बालकृष्ण समज्यूले 'सङ्गीत सरिता' (सङ्गीत पत्रिका)लाई २०२७ सालमा दिनुभएको एउटा कविता जसले सङ्गीतकलाको अमरताबारे प्रकाश पारेको छ–

*"सङ्गीतको सुरसित जन्मन्छ मानिस,*
*त्यो त्यसको स्वरसँगसँगै बामे सर्छ*
*अनि आरोहणसित उद्दै उद्दै जान्छ*
*त्यो त्यसको अवरोहसित नै मर्छ ।"*

***– बालकृष्ण सम***

**वि.सं. १९९४ सालमा काठमाडौंको कालधारामा जन्मने श्री रामशरण दर्नाल नेपाली सङ्गीत र वाद्यवादनका क्षेत्रका चर्चित व्यक्तित्व हुनुहुन्छ । नेपाली सङ्गीत र वाद्यवादन विषयसँग सम्बन्धित दर्जनौं कृति प्रकाशित गर्नुहुने दर्नाल सृजनाका क्षेत्रमा भन्दा अनुसन्धानमा बढी सक्रिय हुनुहुन्छ । उहाँका कृतिहरू खोजमूलक छन् ।**

❖❖

# श्रीखप्तडबाबाका साथमा आफू चिनिन खोज्दा

✍शिवगोपाल रिसाल

साधु, सन्त, सज्जन, अमह्रात्मा, विमह्रात्मा, शुद्धात्मा, महात्मा, ज्ञानवान्, मुक्तात्मा, योगी, ध्यानी, वैरागी आदि महापुरुषहरूको दर्शन, स्पर्शन, सान्निध्य सत्सङ्ग, सदुपदेश पाउनु पूर्वजन्म–जन्मान्तरको पुण्यपुञ्जको परिपक्व परिणाम हो ।

*मनुष्याणां सहस्रेषु कञ्चिद्यतति सिद्धये ।*

*यततामपि सिद्धान्त कञ्चिन्मां वेत्ति तत्त्वतः ॥*

***– श्रीमद्‌भगवद्‌गीता ७/३***

(सयौं, हजारौं, लाखौं, करौडौं मानिसहरूमध्ये सिद्धि अर्थात् ब्रह्मात्मैक्यबोध, शिवात्मैक्यबोधका लागि प्रयत्न गर्ने, त्याग गर्ने, तपस्या गर्ने, साधना गर्ने, साँच्चै नै खोजी गर्ने, आत्मानुसन्धान गर्ने कोही–कोहीमात्र होलान् ।)

हजारकडा, लाखकडा एकाध होलान् । त्यसरी खोजी गर्ने, तपस्या वा साधना गर्नेहरूमध्ये पनि कोहीकोहीले त्यस्तै महान् पुण्यात्माले, ईश्वरको अहैतुकी कृपापात्र महापुरुषले, गुरुको आशीर्वाद पाएका कसै कसैले, शास्त्रकृपा र आत्मकृपाले विभूषित भएका अत्यन्त पुरुषार्थी कोही महात्माहरूले पनि तत्त्वतः परमात्मालाई प्राप्त गर्दछन्, तत्त्व साक्षात्कार गर्दछन्, अपरोक्षरूपमा ब्रह्मात्मैकत्वबोध गर्दछन् र आफ्नो जीवनलाई धन्य र कृतार्थ बनाउँछन् । मैले आफ्नो जीवनमा दर्शन पाएको, सान्निध्य पाएको, सत्सङ्ग पाएको, उपदेश सुन्ने सुअवसर पाएको र सदासर्वदा सम्झिरहनुपर्ने ज्ञानवान्, जीवन्मुक्त महात्माहरूमध्ये सर्वोपरि नाम छ–प्रातः स्मरणीय गुरुदेव श्रीमस्तराम बाबाजी महाराज । त्यस्तै मेरा अत्यन्त श्रद्धेय महान् महापुरुष हुनुहुन्छ गुरुदेव श्रीखप्तडबाबा श्री १००८ स्वामी सच्चिदानन्दसरस्वती महाराज । आरम्भिक चरणमा मलाई वेदान्तको रसास्वाद गराएर असाधारण कृपा गर्नुहुने श्रेत्रीय ब्रह्मनिष्ठ गुरुदेव पण्डित शिवराम पुरुषोत्तमानन्द महाराज (डा. क्षितीशचन्द्र चक्रवर्ती) हुनुहुन्छ । यी महात्माहरूको अतिरिक्त पनि मैले धेरै सन्त, महात्माहरू (गृहस्थ र सन्यासी) को दर्शन पाएँ तर माथि उल्लेख भएका ज्ञानवान् मुक्तात्माहरूसँग जति सान्निध्य, सामीप्य र सत्सङ्ग पाइयो, त्यति अरूसँग पाउन सकिएन । त्यसैकारण मेरा जीवनमा वेदान्तको सार सर्वस्वको जति प्रभाव पर्‍यो र वेदान्त नै जीवनको अभिन्न अङ्ग बन्यो त्यसका लागि यी तीन महात्माप्रति म सदा नतमस्तक छु र मेरा प्रातः स्मरणीय यी गुरुहरूमा शतत नमन गर्दछु ।



अब आयो प्रसङ्ग–खप्तडबाबाको । बाबासँगको सामीप्य–सानिन्ध्य, सत्सङ्ग मैले दशौँ वर्षसम्म लगातार पाइरहेँ । पहिलो दर्शन भयो ध्रुवस्थलीको श्रीशिवपुरीबाबाको समाधिस्थल रहेको पवित्र प्राङ्गणमा, आश्रममा, सन्तसाधना एवं सिद्धभूमिमा । “श्रीपरमपूजनीय खप्तडबाबा काठमाडौँ पाल्नुभएको छ, ध्रुवस्थलीमा बस्नुभएको छ” भन्ने सुन्नासाथ जाउँ–जाउँ दर्शन, गरुँ, गरुँ भन्ने अत्यन्त तीव्र इच्छा भएको हुनाले तत्कालै उक्त स्थानमा पुगिहालेँ । त्यतिबेला पद्मकन्या क्याम्पसमा पढाउँथेँ, सामुदायिक सेवा समन्वय समितिमा सभापति थिएँ । आफ्नो तोकिएको काम सकेर बाबाकहाँ पुगिहाल्थेँ । एक–दुई दिन त परिचित हुन समय लाग्यो । अनि परमात्माले प्रेरणा दिए अथवा बाबाकै इच्छा भयो–प्रतिदिन बाबाका सान्निध्यमा बसेर आएका दर्शनार्थी भक्तहरूलाई समेत लाभ होस् भन्ने सदिच्छाले बाबाकै ‘विचार–विज्ञान’ पढेर सुनाउन थालेँ । पहिले त बाबा यी सत्सङ्गीहरू हजुरको केही आशीर्वाद एवं उपदेश सुन्न चाहनुहुन्छ’ भनेँ । बाबाले केही समय त उपदेश दिनुभयो । त्यसपछि मैले नै बाबाको पुस्तक पढ्ने अनुमति मागेँ । बाबाले ‘हुन्छ, पढ्नुहोस्’ भन्नुभयो । अब मेरो प्रत्येक दिन करिब १०:३० वा ११ बजेदेखि एक डेढ घण्टा बाबाको पुस्तक पढ्ने कार्यक्रम नै बन्यो । एक दिन कलेजको कामले म बाबाकहाँ जान सकिनँ । भोलिपल्ट जाँदा साथ ‘तपाई हिजो गयल हुनुभयो’ भन्नुभयो । यसबाट थाहा भयो बाबाले मेरो आवश्यकता स्वीकार्नुभएछ । म अप्रत्यक्ष प्रसन्न भएँ, साथै जान नपाएकामा दुःख पनि लाग्यो । बीचबीचमा आफूलाई अस्पष्ट भएका कुराको स्पष्टताका लागि बाबासँग सविनय अनुरोध गर्दा त्यस विषयलाई छर्लङ्ग पारिदिनुहुन्थ्यो । यसरी बाबासँगको सामीप्य, सान्निध्य, श्रद्धा, आस्था क्रमैसँग बढ्दै–बढ्दै गयो । सामूहिक दर्शन र बाबाको सामूहिक उपदेश त प्रतिदिन पाउथेँ नै । अब त बाबासँग बेग्लै, छुट्टै, तर पण्डित बदरीनाथ भट्टराई, प्रा.चूडानाथ भट्टराई आदिको साथमा बाबा बस्ने कोठामा पनि दर्शन मिल्यो, सत्सङ्ग भयो । शङ्का समाधान गर्ने सौभाग्य पाइयो ।

यही क्रमले बाबासँगको सान्निध्य निरन्तर नै पाउने सौभाग्य मिल्यो । प्रत्येक हिउँदमा बाबा खप्तडबाट काठमाडौँ पाल्नुहुन्थ्यो र बुढानीलकण्ठमा क्याप्टेन रवीन्द्रप्रसाद प्रधानको घरमा बस्नुहुन्थ्यो । हप्ताको चार दिन अपराहण ३ बजेदेखि ५ बजेसम्म ३ घण्टा सत्सङ्ग हुन्थ्यो– बाबाकै आश्रममा यो क्रम बाबाको शरीर शान्त हुनुभन्दा ७ दिन अगाडिसम्म चल्यो । म भरसक प्रत्येक दिन बुढानीलकण्ठ पुग्थें र सत्सङ्गमा सहभागी बन्दथे । पद्मकन्या क्याम्पसमा कक्षा लिइसकेपछि बुढानीलकण्ठको बस चढेर नारायणस्थानसम्म बसमा, त्यसभन्दा पछि आधा घण्टाको बाटो उकालो लागेर बाबाकहाँ पुगिन्थ्यो । त्यतिबेला सत्सङ्ग चलिरहेको हुन्थ्यो । बाबाका भक्तहरू, सत्सङ्गीहरू, जिज्ञासुहरू साधुसन्तहरू, बिरामीहरू, प्राध्यापकहरू राजनीतिक नेताहरू सबै प्रकारका मानिस बाबाको आशीर्वाद पाउन पुग्दथे ।

वि.सं. २०४६/२०४७ तिरको कुरा हो । नेपालको नयाँ संविधान निर्माणको बेला थियो । धर्म सापेक्ष र निरपेक्षको ठूलो विवाद, खलबली थियो । बाबाले 'धर्मसापेक्ष हुनुपर्दछ, नेपाललाई हिन्दूराष्ट्र नै राख्नुपर्छ' भनेर वेदादिशास्त्रका प्रमाणहरू दिएर व्याख्या गर्नुहुन्थ्यो। धर्मविज्ञानमा समेत यस विषयमा विशेष चर्चा भएको छ। आखिर संविधानमा हिन्दूराष्ट्र नै रह्यो । यसमा बाबाको विशेष योगदान भएको कुरा हामीले पछि थाहा पायौं ।

वि.सं. २०५३ साल वैशाख १९ गते बुधबार पद्मकन्या क्याम्पसबाट आफ्नो अध्ययन कार्य सकी बाबाकहाँ जान लाग्दा त्यसबेलाको क्याम्पसप्रमुख डा.कमला सुवेदीलाई पनि बाबाको दर्शन गर्न जाने अनुरोध गर्दा उहाँले स्वीकार गर्नुभएकाले हामी दुई जना गयौँ । सम्भवतः टेम्पोमा होला हामी बुढानीलकण्ठतिर लागेपछि धुनधानसँग पानी पऱ्यो र हामी यानभित्रै निथ्रुक्क भिज्यौँ । ओर्लेपछि पनि भिज्दै उकालो लाग्यौँ । बाबाकहाँ पुगेपछि असाध्य आनन्दको अनुभव भयो । पहिले त बाहिर नै बसी सत्सङ्ग (बाबाको ग्रन्थ पढी, त्यसैबाट जिज्ञासा राख्ने, बाबाले उत्तर दिने क्रम) चलेको थियो । हुरीसहित पानी ज्यादा परेको हुनाले बाहिरबाट भित्र पस्यौँ । सत्सङ्ग आनन्दसँग भइरहेको थियो–बत्ती निभ्यो तैपनि सत्सङ्ग रोकिएको थिएन । बाबाका मुखारविन्दबाट निस्केका ब्रह्ममय शब्दले हाम्रा मनका गाँठाहरू फुस्कँदै थिए, सबैमा प्रसन्नताले छाएको थियो । पं. बदरीनाथ भट्टराई, श्रीमती अंगुरबाबा जोशी, सुश्री अम्बिका पाण्डे, श्री अच्युतनाथ भट्टराई, श्रीमती धनु भट्टराई, श्रीमती गीता भट्टराई, डा. कमला सुवेदी, श्रीमती निर्मला पोखरेल, डा. शम्भुनाथ प्याकुऱ्याल, श्रीमती अम्बिका प्याकुऱ्याल आदि त सम्झन्छु । अरू पनि



सत्सङ्गी हुनुहुन्थ्यो । सत्सङ्गकै क्रममा मैले 'बाबा हजुर यहीँ राज भए हुन्न ? खप्तड किन सवारी हुने ?' भनी निवेदन गर्दा बाबाले आज्ञाले भयो– 'ब्याट्री चार्ज गर्न जाने' । महिना भयो, अब खप्तडमा ब्याट्रीचार्ज गरेर आइहाल्छु नि ।' त्यहाँ मीठो हाँसो गुञ्जियो । हामी अलि गम्भीर पनि भयौँ । पानी थामिएपछि बिदाबादी भएर हामी फर्कियौं । त्यसको आठ दिनपछि अर्थात् वि.सं. २०५३ साल वैशाख २७ गते बृहस्पतिबार ज्येष्ठ कृष्ण सप्तमीका दिन त बाबा ब्रह्मलीन हुनुभएको समाचार आयो । त्यसको भोलिपल्ट बाबाको पार्थिव शरीर बुढानीलकण्ठकै बाबा अहिलेसम्म राज भएको क्याप्टेन प्रधानकै घरभन्दा माथिको खाली जग्गामा बाबाको स्थल समाधि गराइयो–वैदिक विधिअनुसार सन्यासीपरम्पराअनुसारपछि त्यो जग्गा प्रधानज्यूले विधिपूर्वक पास गरेर बाबाका नामको समितिलाई अनुदान दिनुभयो र ऐले त्यहाँ भव्य मन्दिर बनेको छ र प्रत्येक वर्ष बाबाको पुण्यतिथिमा बाबाको आश्रममा भव्य समारोह हुन्छ । शिवमन्दिरमा पूजाआजा, प्रवचन सन्यासीहरूको पूजन र विशाल भण्डारा लगाएर प्रधानज्यूले बाबाप्रतिको अगाध श्रद्धा देखाउँदै आउनुभएको छ ।

दशैँमा, गुरुपूर्णिमामा, बाबाको जन्म दिनमा र अन्य पर्वमा समेत आश्रममा विशेष पूजा, प्रवचन, प्रसादको व्यवस्था श्रद्धापूर्वक भक्तजनहरूबाट हुँदै आएको छ । बाबाको विषयमा यो त सामान्य परिचय मात्र भयो । उहाँका ग्रन्थ, सिद्धान्त, तपस्या, त्याग, उपदेश आदि आदि विषयमा त राम्ररी अनुसन्धान गर्ने हो भने दुई चार ओटा विद्यावारिधिका लागि सामग्री भेटिन्छन् । अहिलेलाई यति नै ।

शिवमस्तु !

*शिव मन्दिर*

*शान्तिकुना, ललितपुर–५ ।*

**वि.सं. १९९४ सालमा बाग्मती अञ्चलको ललितपुर, भैंसेपाटीमा जन्मने श्री शिवगोपाल रिसाल त्रिभुवन विश्वविद्यालयका सेवानिवृत्त प्राध्यापक हुनुहुन्छ । नेपाली साहित्यका कविता, निबन्ध, लेख आदि विधामा दर्जनौं कृति प्रकाशन गर्नुभएका रिसालले शैक्षिक, सामाजिक, धार्मिक, सांस्कृतिक आदि विषयमा कलम चलाउनुहुन्छ ।**

❖❖

# इतिहास–शिरोमणि बाबुराम आचार्यलाई सम्झँदा

✍ज्ञानमणि नेपाल

बालक–कालमा मैले घरैमा बाबु–दाजुबाट प्रारम्भिक शिक्षा प्राप्त गरेको थिएँ । मेरा घरबाट दुई–अढाई कोश पूर्वतिर रहेको टक्सार बजारमा एक भाषापाठशाला थियो, एक कोश पश्चिमतर्फ गोगनेमा जनताबाट चलेको संस्कृत पाठशाला थियो । भाषापाठशालामा मैले दुई वर्षको बीचमा आठ–दश महिनामात्र पढ्ने अवसर पाएँ । त्यसपछि गोगने पाठशालामा गएर मामा पं. जयदेव अधिकारीसँग मध्यममा परीक्षामा निर्धारित ग्रन्थहरू पढ्न थालेँ । सो पाठशाला पं. लक्ष्मीप्रसाद पोखरेलको तत्परतामा धार्मिक दाताहरूको सहयोगबाट चलेको थियो । पाठशालाको गुरु र छात्रलाई वृत्ति वितरण गर्ने र मौखिक जाँच लिने सन्दर्भमा लक्ष्मीप्रसाद पोखरलेको आवतजावत त्यहाँ बराबर भइरहन्थ्यो । काठमाडौंमा पहिले पढ्दाकै अवस्थादेखि नयराज पन्तसँग जयदेव अधिकारीको र लक्ष्मीप्रसाद पोखरेलको पनि सम्बन्ध हिमचिम थियो ।म त्यहाँ पढ्न आउनुभन्दा पहिले नै नेपाली भाषा प्रकाशिनी समितिमार्फत खरिदार बाबुराम आचार्यलाई पुराना कवि र कविताको खोजी गरी पुस्तक लेख्न लगाइएको रहेछ र सो कुरा नयराज पन्तद्वारा लक्ष्मीप्रसाद पोखरेलले चाल पाएका हुनाले पुराना कवि र तिनका कविताको खोजीका प्रसङ्गमा मेरो पिताजीसँग पनि सो कुरा गर्दा पिताजीले पनि आफ्ना पिता पं. वैयाकरण नेपालका अप्रकाशित रहेका छरिएका काव्यकविताहरू भेला पारी लक्ष्मीप्रसाद पोखरेलमार्फत काठमाडौं पठाइदिने सिलसिलामा "काठमाडौंमा एकजना बडा भारी विद्वान् बाबुराम आचार्य छन् अरे, उनले यी कविताकाव्य छपाउँछन् भनेर पठाइदिन लागेको" भन्ने कुरा गरेको मैले सानैमा सुनेको थिएँ । गोगने पाठशालामा पढ्न लाग्दा लक्ष्मीप्रसाद पोखरेलका मुखबाट पनि खरिदार बाबुराम आचार्यका बारेमा केही कुरा सुन्न पाएँ । त्यसै बेला खरिदार बाबुराम आचार्य र पं. नयराज पन्त ठूला विद्वान् हुन् भन्ने भाव मेरो मनमा परिसकेको थियो ।



गोगने पाठशालामा मध्यमा निर्धारण भएका ग्रन्थहरू पढेपछि त्यसभन्दा बढी पढ्न र परीक्षा दिन पनि मैले कि काठमाडौं कि वनारस नै जानुपर्ने भयो । भाषापाठशालामा पढाउने र संस्कृत पाठशालामा पढाउने दुवै गुरु मेरा बाका सम्बन्धी थिए, एक सम्धी र अर्का जेठान। धर्मशास्त्रीय विषयमा दुवै गुरुसँग बाको मतभेद पर्दथ्यो । दुवै गुरु तीनधारा पाकशालमा बसेर खाएर रानीपोखरी संस्कृत पाठशालामा मात्र पास गरेका पण्डितप्रति राम्रो धारणा नबसेको हुनाले छोरालाई पनि त्यसरी नै पाकशालामा राखेर मध्यमासम्म मात्र पढाउने कुरामा पिताजीको पटक्कै मन थिएन र आफ्नै खर्चमा स्वतन्त्ररूपमा पढाएर कमसेकम शास्त्रीसम्म चाहिँ मलाई गराउने विचार थियो ।

एकजना हाम्रा छिमेकी दरभङ्गाको लहरियासराय अस्पतालमा जागिरे थिए । बाहरू औषधि गर्ने सिलसिलामा त्यहाँ जाँदा साथमा म पनि गएको थिएँ। त्यस बेला उनले मलाई त्यहीँ राखेर स्कुलमा पढाउने र एम.ए. गराउने सल्लाह दिएका थिए। पहिले हुन्छ जस्तो गरे तापनि बाको भित्री इच्छा अङ्ग्रेजी पढाउनेतर्फ नभएर होला, सो कुरा अघि बढेन । एकजना अर्का हाम्रा छिमेकी जोगी भएर काशीवास बसेका थिए। उनी पनि नानीलाई काशीमा पठाइदिनू, मेरो हेरचाहमा यहीँ बस्दछन् भनेर बासँग बराबर भन्दथे रे । परन्तु मामासँग गोगने पाठशालामा पढिसक्ता मलाई पं. लक्ष्मीप्रसाद पोखरेलका साथमा काठमाडौंमै पढ्न जाने नै अनुकूल पर्‍यो । रानीपोखरी पाठशालामा नपढ्ने कुरामा त बाको र लक्ष्मीप्रसाद पोखरेलको मन मिलेको थियो तर यहाँ आएपछि शेषराज गुरुकहाँ पढेर चाँडै परीक्षा पास गर्नेतर्फ लाग्ने कि नयराज गुरुको परीक्षा नदिने अष्टाध्यायीको पढाइतर्फ लाग्ने भन्ने कुरामा दुविधा पर्न आयो। अघिल्लै सालदेखि पेशलकुमार नयराज गुरुसँग पढ्दै थिए तापनि परीक्षा नदिलाउने पढाइतर्फ लाइदिँदा पछि अबगाल आइलाग्ला कि गुरु, मेरा पिताजीले केही भन्नुहोला कि भन्ने भय भएकाले लक्ष्मीप्रसादजीलाई आफ्ना निर्णय दिन अप्ठ्यारो परिरहेको थियो ।

मैले सानैमा दाजु पं. वासुदेवको मुखबाट अष्टाध्यायीको महिमा बारम्बार सुनेका थिएँ। अष्टाध्यायी पढेपछि 'अनन्तपार शब्दशास्त्र' सबै जान्न सकिन्छ भन्ने विश्वास मलाई परेको थियो । दाजुले सत्यार्थप्रकाश, उदासीन, ब्राह्मणसर्वस्व आदि सरल हिन्दी भाषाका पुस्तकहरूको सङ्ग्रह गरेका थिए। सानैमा मैले त्यस्ता पुस्तक हेरेकाले तर्क गर्ने र शङ्का गर्ने मेरो बानी बसिसकेको थियो र मेरा मनमा ब्रह्मचर्यको महिमा र अष्टध्यायीको महत्त्व पनि जमिसकेको थियो । यसैले मैले

परीक्षा नदिने भए अष्टध्यायीकै पढाइतर्फ लाग्ने आँट गरे । परन्तु प्रथम अवस्थामा गुरुको अत्यन्त शङ्कालु स्वभावले र पढाइको आनीबानी थाहा नहोउन्जेल त्यहाँ अड्न मलाई मानसिक सङ्घर्षचाहिँ कम भएन । अरू नियममा भने अरूले जस्तो काठिन्य मैले अनुभव गरिनँ। पाठशाला छुट्टी भएपछि कहिलेकाहीँ विविध विषयमा कुरा सुन्दै गुरुसँग म पनि डुल्ने गर्दथेँ ।

एक दिन (मिति यकीन सम्झना भएन) गुरुसँग म पनि पशुपतितर्फ जाँदै थिएँ । गुरु अघिअघि म पछिपछि थिएँ । डिल्लीबजारको चोकमा पुगेपछि पूर्वतिरबाट दाह्री सेतै फुलेका, साधारण नेपाली पोशाक पहिरेका, आँखा नदेख्ने एकजना बूढा मान्छे एउटा केटाको (शायद कान्छा छोराको) हात समातेर लुखुरलुखुर आउँदै गरेका देखिए । जम्काभेट हुनेबित्तिकै गुरुले निहुरेर हात जोडेर 'नमस्कार खरिदारबाजे' भनेपछि खरिदार बाबुराम आचार्य भनेको विद्वान् यिनै रहेछन् भन्ने कुरा मलाई लाग्यो र मैले पनि 'नमस्कार' भनेँ । मेरो स्वर सुन्नेबित्तिकै खरिदारबाजेले को हुन् यिनी ? भनेर सोधे । गुरुले 'ज्ञानमणि नेपाल हुन् यी' भन्नासाथ उनले 'ए, वैयाकरण नेपालका नाति हुन् ?' भनिहाले । गुरुले 'हुन्' भनेपछि सो प्रसङ्ग टुङ्गियो र कुरा अन्तअन्तै मोडिए। एकछिन बात मारेपछि हामी पूर्वतर्फ लाग्यौं, खरिदारबाजे शहरतर्फ। मलाई आश्चर्य लाग्यो । मैले पहिलेदेखि नाम बयान सुनिरहेको भए पनि खरिदार बाजेको अनुहार देखेको आजै हो। खरिदारबाजेले मेरो नाम सुन्ने कुरै थिएन। कहिल्यै नदेखेको नसुनेको केटाकेटी मान्छेको नाम र थर सुन्नेबित्तिकै आचार्यज्यूले मलाई भ्वाट्टै कसरी चिनिहाले ? न मेरो वतन भनेको थियो, न त कुनै परिचयको प्रसङ्ग नै आएको थियो । यस्तो अवस्थामा आँखा नदेख्ने मान्छेले देख्दै नदेखी नाम थर मात्रैका भरमा कसरी चिने होलान् भनेर मेरो मनमा कुरीकुरी लागिरह्यो । मैले यो कुरा मनैमा लिइराखेँ । त्यस बेला म भरखरै काठमाडौं आएको, सानो केटाकेटी मान्छे अनाडी नै थिएँ । आचार्यज्यूसँग सोध्ने कुरा पनि भएन ।

त्यसपछि हाम्रो पाठशाला निकै बढ्दै गयो। पढ्न आउने विद्यार्थीको सङ्ख्या पनि राम्रै थियो। हाम्रो पढाइमा पाँच पुस्तक (अष्टाध्यायी, अमरकोश, रघुवंश, भट्टिकाव्य र हर्षचरित) को रफत गर्नुपर्दथ्यो। अरू काव्य नाटक आदि संस्कृत साहित्य पनि सकेसम्म र पाइएसम्म पढ्ने र नेपाली भाषामा निस्किएजति पुस्तकहरू प्रायः सबै हेर्ने क्रम चलिरहेको थियो । यस अतिरिक्त नेपाल र भारतको इतिहास पनि सकेसम्म मूलस्रोत नै पहिल्याएर पढ्ने गरिन्थ्यो। दुई वर्षजतिपछि हाम्रो पाठशालाको निकै ख्याति चल्यो। त्यस बेला बुद्धिप्रकाश



पाँडे र हरिप्रसाद खकुरेलहरूले मिलेर बूढानीलकण्ठमा ब्रह्मचर्याश्रम खोलेका थिए। योगी नरहरिनाथ गारेखनाथ सम्प्रदायका महन्त भएपछि योगीकै जोडले होला सो ब्रह्मचर्याश्रम मृगस्थलीमा सार्ने योजना भएछ । हरिप्रसाद खकुरेलका छोरा हाम्रै पाठशालामा पढ्ने हुनाले र यस पढाइको ख्याति पनि निकै चलिरहेकाले ब्रह्चर्याश्रममा पनि यही पढाइ चालु गर्ने निधो भएछ र गुरुसँग कुरा हुँदा पढाउनेमा गुरुले मेरो र भोलानाथ पौडेलको नाम दिएका रहेछन् । भोलानाथ पौडेलले त शास्त्री परीक्षा पास गरेका हुनाले शङ्कै भएन, मेरो चाहिँ अन्तर्वार्ता लिने कुरा भएछ र मलाई बुद्धिप्रकाश पाँडेको घर जानू भनियो र म इन्द्रचोकनेर उनको घरमा गएँ । म त्यहाँ जाँदा बुद्धिप्रकाश लम्पटमा पल्टिरहेका थिए । उनका वरिपरि भारतीय पत्रिका छरिएका थिए । पहिले नै कुरो भइसकेको रहेछ । मेरो नाम सुन्नासाथ अरू केही नसोधी च्याकबाट नहेरी एउटा पुस्तक थुत्त झिकेर मेरो अगाडि पर्लक्क पल्टाइदिए । पुस्तक नलचम्पूको रहेछ । मैले पनि सर्रर्र पढेर नअट्कीकनै अर्थ गरिदिएँ । त्यति भएपछि एउटा सानो चिर्कटो लेखेर नरहरिनाथकहाँ जानू भनेर दिए । त्यसपछि अर्को दिन म मृगस्थली नरहरिनाथकहाँ गएँ । योगी नरहरिनाथ पनि पुस्तक-पात्राहरू फिँजाएर धेरै मानिसका साथ बसिरहेका थिए । मैले सो चिर्कटो दिएपछि त्यस्तै एउटा सानो कागतमा एउटा संस्कृत श्लोक पढेर सहजैसँग अर्थ गरिदिएँ । त्यो अर्थ गरेको सुन्नासाथ योगीजी अत्यन्त खुसी भए र भने *"अहो अतीव शोभनम्, अस्य श्लोकस्य अर्थं कर्तुं शास्त्रिणः आचार्याः अपि न पारयन्ति, किमन्ये? अतः परीक्षायाः किमावश्यम् ? आगम्यताम्, स्वप्रभृत्येव पाठ्यताम्, शुभस्य शीघ्रम् ।"*

यति भनेर एउटा फूलको माला त्यहीँ गाडीबाट झिकी मलाई लाइदिएर पुरस्कारस्वरूप एक रुपैयाँ पनि बोहतामा राखेर दिए । 'नाहं गृहणमि भवद्धस्ताद्दक्षिणां' भनेर मैले लिन आनाकानी गर्दा 'ननु गुह्यतां पुरस्कार एष न दक्षिणा' भनी मेरो हौसला बढाइदिएर प्रेमले दिएको सो रु. मैले लिएर राखेँ । मैले विद्याको क्षेत्रमा काम गर्दा पाएको आद्य पुरस्कार यही नै हो ।

हामी बिहान बेलुका ब्रह्मचर्याश्रममा पढाउँथ्यौं र दिउसो आफू पढ्न आउँथ्यौं । यसरी हाम्रो दैनिक १६/१७ घण्टा जति समय पढ्ने र पढाउनेमा बित्थ्यो । यसभन्दा पहिले नयराज गुरुकामा भेट गर्ने प्रसङ्गमा आचार्यज्यूसँग आकलझुकल भेट हुन्थ्यो तापनि त्यति हिमचिम हुन सकेको थिएन। अब ब्रह्मचर्याश्रममा पढाउन थालेपछि भने बाबुराम आचार्यसँग मेरो निकै राम्रो सम्बन्ध बढ्न लाग्यो ।

योगी नरहरिनाथ पढेलेखेका उत्साही व्यक्ति महन्त भएपछि उनी नेपालमा पाइने गोरखनाथपन्थी धार्मिक साहित्यको सम्पादन र प्रकाशनतिर दत्तचित्त हुन लागे । पुराना हस्तलिखित ग्रन्थको प्रसङ्ग बुझ्न र लिपि पढ्न आवश्यक परेपछि योगीजीको इतिहासतिर रुचि हुँदा बाबुराम आचार्यसँग सम्बन्ध बढ्न लागेको रहेछ । आचार्यज्यू पनि मृगस्थली आएर धार्मिक, राजनैतिक, सांस्कृतिक र इतिहासका कुरा गरेर घण्टौँसम्म बस्तथे । त्यहाँ कुराको सिलसिलामा यो पुस्तक यहाँ छ, यो पुस्तक वीर पुस्तकालयमा छ, यो पुस्तक माहिला गुरुज्यूकहाँ छ, यो पुस्तक पद्मनाभकेशरीकहाँ छ, यो ऐतिहासिक कागत फलाना ठाउँमा छ, फलानाको फलानो शिलालेख फलाना ठाउँमा थियो, त्यसमा यस्तो–यस्तो कुरा लेखिएको छ इत्यादि कुरा हुन्थे । यहाँनेर म एउटा कुरा स्पष्ट पार्न चाहन्छु–धार्मिक क्षेत्रमा काम गर्ने गोरखानाथका महन्त योगी नरहरिनाथले साँच्चै बाबुराम आचार्यको सङ्गत नपाएको भए त्यस्तै–उस्तै क्षेत्रमा रुमल्लिरहन्थे होला । नेपालमा इतिहासको क्षेत्र अत्यन्त पिछडिएको छ। यहाँ अप्रकाशित सामग्रीहरू खेर गइरहेका छन् भन्ने कुरा आचार्यको मुखबाट बारम्बार सुनेकाले योगीजीको कार्यक्षेत्र एक्कासि इतिहासतिर मोडियो । यसैले योगीलाई हाम्रो सहयोग पनि आवश्यक पर्‍यो । संस्कृत सन्देश (मासिक पत्रिका) इतिहासप्रधान हुनमा हाम्रो बढी हात थियो भने यसमा घचघच्याउने प्रेरक शक्ति आचार्यज्यूले नै प्रदान गर्नुभएको थियो । २००७ सालपछि नयाँ आएको राजनैतिक विचारधाराको हावाले पनि धार्मिक आन्दोलन गरेर सडकमा उत्रेर विरोध गुर्नपर्छ भन्ने योगीजीको कुरामा विमति भएर हामीले ब्रह्मचर्याश्रम छाडेपछि पनि इतिहासका सामग्रीहरूको स्रोत खोज्ने, पढ्ने, प्रकाश गर्ने विन्दुमा भने योगीजीसँग हाम्रो सहमति कायम हुन आयो । बाबुराम आचार्य, नयराज पन्त र हाम्रो सहयोगले 'संस्कृत सन्देश' इतिहासप्रधान भएको थियो तर पछि हामीसँग छुट्टिई जनकलाल शर्माको सहयोग लिई इतिहासको क्षेत्रमा पहिले हाम्रो र पछि जनकलाल शर्माको सहयोग लिई ऐतिहासिक अभिलेख प्रकाश गराउने योगीको कार्यमा मूलभूत प्रेरकशक्ति बाबुराम आचार्यकै थियो भन्दा अत्युक्ति नहोला ।

ब्रह्मचार्यश्रम मृगस्थलीमा बस्ता प्रत्यक्षतः बाबुराम आचार्यसँग मेरो निजी सम्पर्क बढ्यो । आचार्यको घर गौचरमा थियो । मृगस्थलीबाट आउन जान पनि नजीकै पर्दथ्यो । धेरैजसो योगीकहाँ आइरहने हुँदा र मेरो पनि इतिहासका कुरामा चाख बढी नै हुँदा आचार्यसँग भेट हुनासाथ इतिहासका घटनामा र अभिलेखका सम्बन्धमा वार्तालाप चलिरहन्थे । यसैले यो सम्बन्ध गाढा र मधुर पनि हुँदै आयो । यसै प्रसङ्गमा एक दिन –"तिम्रा बाजेका कविता यस्ता छन् उस्ता छन्, मैले पढेको छु, हेर ती कविता छपाउनुपर्छ, वैयाकरण नेपालको जीवनचरित्र र कविता 'पुराना कवि र कविता'मा पार्न सकिएन । त्यसको अर्को भाग निकालौँला भन्ने मन थियो । खोइ त्यो पनि भएन" भन्ने कुरा आचार्यले गरेका थिए ।



सात सालपछि केशरशमशेरको धनको सहायताबाट नेपाल सांस्कृतिक परिषद्को स्थापना भयो र यसबाट राम्रो पत्रिका निकाल्ने कुरा हुँदा त्यसैमा लेख माग्ने प्रसङ्गमा ईश्वर बराल, बाबुराम आचार्यको घर गौचरमा आएको बेला म पनि त्यहाँ थिएँ । इतिहास, संस्कृति र साहित्यका बारेमा कुराकानी गरेर धेरै बेर बस्यौं । यस्तै कुराको प्रसङ्गमा लेख दिने कुरा हुँदा बाबुराम आचार्यले मलाई सङ्केत गरेर "खोइ यिनका बाजे वैयाकरण नेपाल नामी कवि र पण्डित पनि थिए, तिनको काव्य र जीवनचरित्र पनि छपाउन सकिएको छैन । अहिले एउटा संस्मरणचाहिँ छपाउन पर्‍यो, खोइ कसलाई लेखाउने ?" भन्दा ईश्वर बराललले मलाई नै लेखाउने कुरा उक्काउँदा "होइन संस्मरण लेख्न त कविसँगै सम्पर्क भएको मानिस चाहिन्छ, मैले पनि उनलाई देखेको थिइनँ, यी पनि उनी खसेको धेरै वर्षपछि जन्मेका रहेछन् । त्यस्तो मान्छे को छ र ?" भन्ने कुरा बरालजीसँग गरे । अरू पनि यस्तै विविध कुरा गरेर हामी उठ्यौँ । आचार्यसँग केही कुराको शङ्का लाग्यो कि सोध्न मानिस आइपुगिहाल्थे । एक दिन बाबुराम आचार्यकै घरमा म बसिरहेको बेलामा आएर बालचन्द्र शर्माले विविध किसिमका प्रश्नहरूको बौछार गरेको सम्झना अहिले पनि मेरो मनमा ताजै छ ।

बाबुराम आचार्यसँग कुरा हुँदा यस्तो गर्नुपर्ने, यस्तो खोज्नुपर्ने, यस्तो लेख्नुपर्ने, फलानाले यस्तो वाहियात कुरा लेखे भनी गर्नुपर्ने कामका थुप्रै लेखो राख्दथे । यस्तै प्रसङ्गमा आचार्यसँग राम्रै हिमचचिम बढेपछि एक दिन मैले पहिलो दिन भेट्दा गरेको मलाई मनमा कुरीकुरी लागेको कुरा उठाएँ – "होइन बा ! त्यस दिन मैले पहिलोबाजि तपाईलाई देखेको, तपाईले पनि सानो केटाकेटी मेरो नाम सुन्ने कुरै थिएन, नयराज गुरुले– 'यी ज्ञानमणि नेपाल हुन्' भन्नेबित्तिकै कसरी एक्कासि – 'ए वैयाकरणका नाति हुन् ?' भनेर चिन्नुभयो भनेर सोधेँ । 'ए त्यत्ति कुरा पनि बुझ्नेनौ ? तिमीलाई चिन्न मलाई गाह्रो परेन । हेर, पूर्वमा अघि नामी वैयाकरण नेपाल थिए । यति टाढा राजधानीसम्म पढ्न आउन सक्ने नेपाल उनैका नाति हुनुपर्छ भन्ने अनुमान लगाएँ र भनिदिएँ" भनी हाँस्तै जवाफ दिए । यो एउटा उदाहरण हो । कार्यकारणको एउटा सानो सूत्र फेला पारेपछि त्यसका आधारमा झट्ट अनुमान लाउन सक्ने विलक्षण प्रतिभा उनको थियो । लेखमा पनि यस्ता अनुमान धेरै पाइन्छन् ।

बाबुराम आचार्यका लेखमा र पुस्तकमा प्रायः गरेर प्रमाण–स्रोतको उल्लेख गरिएको हुँदैन । अनुसन्धानात्मक लेखमा यो एउटा ठूलै दोष हो तापनि उनका धेरै लेखले इतिहास, संस्कृति र साहित्यको क्षेत्रमा निकै उन्मेष ल्याएका छन् । पछि आएर उनका चर्मचक्षु ठ्याम्मै बन्द भए, बाहिरिया दृष्टिले काम नगरे पनि त्यसको शक्ति अन्तर्दृष्टिमा सरेको प्रतीत हुन्थ्यो । जीवनमा एकपल्ट देखे सुने जानेका कुरा कहिल्यै नबिर्सने अद्भुत शक्ति उनमा थियो । संसारमा यस्ता व्यक्ति विरलै भेटिन्छन् । वैयाकरण नेपालमा यस्तो विलक्षणता थियो भन्ने सुनेको हुँ, आफूले अनुभव गरेको होइन । पितामही पद्मादेवीमा एकपल्ट देखेसुनेका कुरा कहिल्यै नबिर्सने विलक्षण स्मरणशक्ति थियो ।केही मात्रामा दाजु पं. वासुदेवमा पनि यस्तो स्मरणशक्ति मैले पाएको थिएँ । आचार्यमा यस्तो शक्तिको प्रत्यक्ष अनुभव गर्न पाएँ ।

स्वर्गीय बाबुराम आचार्यका प्रकाशित एवं अप्रकाशित धेरै लेख र ग्रन्थहरूले धेरै नयाँ कुरा दिएका छन् तापनि एउटा 'श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी'लाई छाडेर अरूमा प्रमाणस्रोतको उल्लेख नगरेबाट अहिले हामीलाई परीक्षा गरेर पढ्न ठूलो हम्मे परिरहेको छ । आज अध्ययन–अनुसन्धान गर्दै जाँदा आचार्यले धेरै पहिले लेखेका कुरामा केही अशुद्धि र केही अमिल्दो कुरा पनि फेला परेका छन् । तिनको यथास्थान यथासम्भव हामीले संशोधन गर्दै यस क्षेत्रलाई अगाडि बढाउँदै लगेका छौँ तापनि उनको प्रथम अवस्थाको देन कम महत्त्वपूर्ण छैन । त्यस्तो विषम अवस्था र विकट परिस्थितिमा पनि उनले एक्लै यस्तो अनुसन्धानको काम चलाए, नयाँ–नयाँ कुरा लेखेर नेपाली पाठकलाई दिए, यस कामको र यस परिश्रमको प्रशंसा नगरी रहन सकिँदैन ।

गत शताब्दीमा विदेशबाट नेपाल आएका इतिहासका विद्वान् भारतका पं. भगवान्लाल इन्द्रजी, हरप्रसाद शास्त्री, बेलायतका सेसिल बेण्डाल र फ्रान्सका सिल्वाँ लेवीहरूले नेपालका अभिलेख र हस्तलिखित ग्रन्थहरूको खोजी गरी पढेर तिनका आधारमा वैज्ञानिक ढङ्गले इतिहास लेख्ने पढ्ने कामको जग बसाले । तिनमा सिल्वाँ लेवीलाई मद्दत गर्नु परेकाले महाराज चन्द्रशमशेरले यसको अभिभारा माहिला गुरुज्यूलाई लाए । उनले पनि सक्तो मद्दत गरे । यसबाट माहिला गुरुज्यूमा पनि आधुनिक अनुसन्धानको चस्का लाग्यो । उनले मुद्रित र हस्तलिखित ग्रन्थहरूको ठूलो सङ्ग्रह गरेका थिए तर यस पुस्तकालयबाट स्वदेशीभन्दा विदेशी विद्वान्हरू नै लाभान्वित हुन्थे ।



पाठशाला बन्दोबस्त अड्डामा खरिदारी जागीर खाएका हुनाले बाबुराम आचार्यको माहिला गुरुज्यूसँग प्रत्यक्ष सम्बन्ध थियो । तात्कालिक अभिलेख र हस्तलिखित ग्रन्थहरू पढेर तिनका आधारबाटै प्रामाणिक इतिहास तयार हुन्छ भन्ने कुरा तीक्ष्ण प्रतिभाशाली बाबुराम आचार्यको हृदयले त्यति बेलैदेखि आत्मसात् गरिसकेको थियो । उनी पाठशाला बन्दोबस्त अड्डामा हुँदा मेचीदेखि महाकालीसम्मका पाठशालीय पण्डितहरूसँग सम्पर्क भइरहने हुनाले तिनको सहाराले तत्तत्स्थानको भौगोलिक स्थिति, रहनसहन र रीतिरिवाज बुझ्न त्यताहुँदोका पुराना अभिलेख कागजपत्र पनि सङ्ग्रह गर्न सजिलो भएको थियो । उनको यस प्रवृत्तिले गर्दा जुन बेला नेपालको इतिहासमा पूर्व–मध्यकालमा पश्चिममा खसमल्लहरूको साम्राज्य थियो भन्ने कुरा प्रकाशमा आउन सकेको थिएन, त्यहाँका अभिलेख प्रकाशमा आएकै थिएनन्, त्यतिबेलै त्यहाँका कति अभिलेखका प्रतिलिपि ल्याउन लाएर उनले पढिसकेका थिए । दुल्लुको पृथ्वीमल्लको स्तम्भलेखको प्रतिलिपि उनैबाट पाएर तोत्रराज पाँडे र नयराज पन्तको नेपालको सङ्क्षिप्त इतिहासमा त्यसको सार पारिएको थियो । पछि 'संस्कृत–सन्देश' मा आचार्यले ल्याउन लाएकै प्रतिलिपिका पाथरन्याउलीको अभिलेख छापिएको थियो ।

बाबुराम आचार्यको अनुसन्धानमा धेरै महत्त्वपूर्ण साबित भएको कुरा नेपालको पूर्वी भागमा अवस्थित विश्वको सर्वोच्च–शिखर 'सगरमाथा' को नाम पत्ता लाउनु हो । सर्वप्रथम यसको उचाइको इयत्ता पत्ता लाउने टोलीका नेता जर्ज एभरेस्टकै नामले यसको नाम 'सगरमाथा' र तिब्बती नाम 'झ्यामोलोङ्मा' वा 'चोमोलुङ्मा' हो भन्ने कुरा पत्ता लगाई 'शारदा' पत्रिकामा त्यस बारेमा लेख पनि छापिदिएका थिए । त्यो त मैले पहिले देखेको थिइनँ । पछि गद्यसङ्ग्रहमा छापिएको चाहिँ पढेको थिएँ । भारतमा कुनै ऐतिहासिक गोष्ठीमा त्यस लेखको प्रशंसा गरी भारतीय इतिहासकार जयचन्द्र विद्यालङ्कारले बोलेछन् । त्यो खबर 'सन्मार्ग' पत्रिकामा छापिएर आयो । ब्रह्मचर्याश्रममा बसेको बेलामा अयोध्याबाट प्रकाशित हुने संस्कृत पत्रिकाको र करपात्रीजीको रामराज्य–परिषद्को मुखपत्र 'सन्मार्ग' को पनि म पाठक थिएँ । विद्यालङ्कार पनि मेरा मन परेका इतिहासकार थिए । बाबुराम आचार्यको प्रशंसामा उनले बोलेको कुरा सुनेपछि गद्य–सङ्ग्रहलाई लेखलाई मैले पुनः निध्याएर हेरेँ । अरू कुरा त रमाइलै लाग्यो, परन्तु पाल्पाली राजा प्रथम मुकुन्द सेनले पूर्व किरातप्रदेश विजय गरेर कोशीमा खाँडो पखाले, सर्वप्रथम कोशीमा नुहाउने बाहुन–क्षत्रीमा मुकुन्द सेनकै सैनिक थिए भन्नेजस्ता कुराचाहिँ मेरा मनमा खट्किन आए । यसपछि आचार्यसँग इतिहासविषयक छलफल हुँदा

मैले सो कुरा उठाएँ । "ए तिमी पूर्वका हुँदा तिमीलाई चित्त बुझ्नेन होला । के विश्वामित्र (कौशिक) ले नुहाएका थिए भन्न खोजेका ?" भनेर मेरा कुरा अघि सार्न खोजे। "होइन, मैले त्यति परको कुरा गरेको होइन। ऐतिहासिक कालकै कुरा गर्दैछु। मानदेवले पूर्व विजय गरेका थिए, उनका सैन्यमा बाहुन-क्षत्री पनि थिए, पश्चिम विजयमा जाँदा एक दलको नेतृत्व मानदेवकै मामाले गरेका थिए भने के तिनीहरू मुकुन्दसेनका सिपाहीभन्दा पहिले कोशी नुहाउने बाहुन-क्षत्री होइनन् त ?" भनी मैले भन्दा होइन, मानदेव त्यति पर पुगेकै थिएनन् भनेर त्यस बेला आचार्यले मेरो कुरा स्वीकार गरेनन् । यस कुराले मेरो मनमा खुलदुली मच्चिइरह्यो । यस विषयमा विशेष अध्ययन गरी मैले कुशेश्वर महादेव, हरीश्वर (हलेसी) महादेव, बराहक्षेत्र, मैना पहाडहरूको अवस्थिति तथा राजा हरसिंहदेवका महामन्त्री चण्डेश्वर ठक्कुर एवं राजा यक्ष मल्लहरूको विजय आदि कुरा खोतलेर 'कोशी प्रदेशमा खस बाहुनको प्रवेश' भन्ने विषयमा एक लेख लेखें । पछि वि.सं. २०२७ मा प्रज्ञामा 'कोशी -प्रदेश' भनेर सो लेख छापियो। दुर्भाग्यले आचार्यज्यूसँग मेरो भेट हुन सकेन र यस विषयमा आचार्यको दोस्रो प्रतिक्रिया सुन्ने मेरो धोको रहेको रह्यै भयो।

बाबुराम आचार्यसँग भेट हुँदा प्रायः ऐतिहासिक विषयमै छलफल हुन्थे । कति नयाँ कुरा आचार्यबाट हामी सुन्थ्यौँ र हामीले अनुसन्धान गर्दा पाएका कति नयाँ कुरा सुनाउँथ्यौँ। २००९ सालदेखि हाम्रो पाठशालाबाट इतिहास संशोधनका पुस्तिका प्रकाशन हुन लागे। हाम्रो पाठशालाका सबैजसो विद्यार्थीहरू यस काममा उत्साहित भएर लागेका थिए। इतिहास संशोधन गर्दै जाँदा मैले र साथी धनबज्रले निकालेको एक पुस्तिकामा बाबुराम आचार्यको र नयराज गुरुको लेख एवं पुस्तकमा रहेका अशुद्धिको पनि संशोधन गरेका थियौं, त्यसमा एउटा कुरा महत्त्वपूर्ण र चाखलाग्दो पनि छ।

नेपालबाट तेइसवटा अभिलेखका उतार लगेर सर्वप्रथम प्रकाशन गर्ने पं. भगवान्लालले पशुपतिको जयदेवको शिलालेखका संवत् १५३ पढेका थिए । यसको संशोधन गरी आचार्यले 'त्र इत्यस्य मानं ३ उत ९' भन्ने लेख 'संस्कृत सन्देश' को तेस्रो अङ्कमा छपाएका थिए । ९ पढ्दा सो संवत् १५९ हुन आउँथ्यो । (भारतीय इतिहासकार बलदेवप्रसादले पनि यो संवत् १५९ नै पढेका रहेछन्, त्यस बेला हामीले चाहिँ सो देखेका थिएनौँ) लिच्छवीकालका अक्षराङ्क पढेर हामीले (धनबज्रले र मैले) यो अङ्क ३ पनि होइन, ९ पनि होइन, ७ हो भनेर इतिहास संशोधन ४ सङ्ख्या लेख्यौं । सो संशोधन सुनाउँदा आचार्यले हो, यो कुरा ठीक



पहिल्यायौ, तिमीहरूले पढेको शुद्ध हो, किनभने ९ पढ्दा नरेन्द्रदेवको समय वि.सं. ७०२ हुन जान्छ, तर ७०० मै नेपाल आएका चिनियाँ राजदूतले नरेन्द्रदेवलाई नै नेपालको राजसिंहासनमा देखेका थिए, ७ पढ्दा नै सो समय ठ्याक्क मिल्यो भनेर हाम्रो हौसला बढाएका थिए। त्यस बेला यो संशोधन साधारण सम्झिएको थियो परन्तु यही साधारण सानो कुराले अहिले वेदाङ्गज्योतिषको विश्वसनीयता र प्रामाणिकता सिद्ध गर्ने अत्यन्तै ठूलो कुरा प्रकट गरिदिएको छ । यसको विस्तृत व्याख्या गुरु नयराज पन्तद्वारा 'लिच्छवीसंवत्को निर्णय' भन्ने ग्रन्थमा गरिसकिएको छ।

यसै सन्दर्भमा उनको जीवनमा घटेको मैले सुनेको एक खट्किने खालको घटनाको उल्लेख गर्न चाहन्छु। हामी नयाँ इतिहास संशोधन निस्कनेबित्तिकै लिई गएर आचार्यज्यूलाई आद्योपान्त सुनाउथ्यौँ र सुनिसकेपछि उनीबाट स्याबासी पनि पाउथ्यौँ । हेर, मैले गर्न सक्ने जमानामा यस्तो लेखपढ गर्न र छपाउन पाइँदैनथ्यो, तिमीहरू त समय पाएरै जन्मियौ, नयाँ नयाँ सामग्री खोजेर नयाँ कुरा प्रकाशमा ल्यायौ, तिमीहरूले इतिहासको क्षेत्रमा गर्नुपर्ने काम धेरै छ भनेर हामीलाई उत्साहित पारी आफ्नो अनुभव बताएर आनन्दित पार्दथे । धेरै बेर इतिहासका कुरा, पुराना कुरा र अभिलेख एवं लेखहरूको चर्चापछि हामी विदा हुन्थ्यौँ। इतिहास संशोधनको कार्यप्रति प्रसन्नता व्यक्त गरेरै आचार्यले इतिहास संशोधनलाई अभिनन्दन लेखेर दिएका थिए। पछि मैले सुनें - रोयल नेपाल एकेडेमीको स्थापना हुँदा बालचन्द्र शर्मा यसको उपकुलपति हुने भएछन् र पहिले यसको सदस्य मण्डलमा बाबुराम आचार्यको पनि नाम समावेश गर्ने निर्णय गरेका रहेछन् । संयोगले त्यतिबेलै आचार्यज्यूले इतिहास संशोधनलाई दिएको अभिनन्दनपत्र छापिएर आएछ । सो देख्नेबित्तिकै बालचन्द्र शर्माले आचार्यको नाम छुटाइदिए। एकेडेमीको घोषणा हुँदा बाबुराम आचार्यको नाम सदस्यमा आएन। यो कुरा सुन्दा "दाह्रा-नङ्ग्रा भएका राणाहरूको शासन समाप्त भए पनि दाह्रा-नङ्ग्रा नभएका राणाहरूले अझै पनि प्रतिभाको पालुवा निमोठ्न छाडेका रहेनछन्" भन्ने अनुभव हुन आएको थियो । बाबुराम आचार्यको संस्मरण गर्दा राणाकालमा उनी कतिसम्म टाक्सिएर, कतिसम्म अपहेलित भएर रहेका थिए भनी नयराज पन्तबाट मैले बराबर सुनेको प्रसङ्गको उल्लेख नगर्दा यो लेख अपूरो हुने ठानेर पाठकलाई सो पनि सङ्क्षेपमा थप सुनाउन चाहन्छु : राणाकालमा सानाठूला सारा जागिरदारहरू, अन्य पदप्रतिष्ठा चाहने आसेपासेहरू पनि राणादरबारमा प्रतिदिन साँझसबेर सेवामा सामेल हुन्थे। कोही प्राइम्मिनिष्टरकामा, कोही चीफकामा कोही लाठकामा लाम लाग्न पुग्दथे र स्वस्तिसलाम ठोक्थे। फुर्सद भएका कतिपय चाहिँ प्रायः सबैतिर भ्याउँथे । बाबुराम

आचार्य पनि कर्मचारी हुँदा यदाकदा उस मेलामा सामेल भएका रहेछन् । एक दिन आचार्य यस्तै चाकरीको मेलामा बबरमहलको भेलामा सामेल भएका रहेछन् । आचार्यलाई देखेपछि बबरशमशेरले परैबाट चोर औँलाले औँल्याउँदै "हेर, हेर, यसको अनुहार त चोरको जस्तै छ" भनेर अपहेलना गरेछन् । यस बेला त्यस्ता ठूला राणाजीको सामु परेर मुख फर्काउन सक्ने कसको तागत ? 'यी साधक हुन्, वाङ्मयसेवी हुन्, यिनलाई यस्तो दुर्वचन गर्नु उचित हुन्न" भनेर विद्वान्लाई सम्मान गर्नुपर्ने के दरकार ? त्यत्रा ठूला राणशासकलाई, किन केमा मन परेको थिएन, चाकरी गराएको ढङ्ग पुगेन वा आचार्यको भनाइ गराइ लेखाइमा वा केमा चित्त बुझेन, आचार्य पटपट बोलिरहने, लेखिरहने हुँदा कसैले केही लाइदियो कि ? यस्तो अपशब्दले अपमान गरे अनि त्यस बेला कहाँबाट उनको पदोन्नति (प्रमोसन) वा प्रशंसा हुने ?

यसरी राणाकालमा त खरिदार बाबुराम आचार्यको प्रतिभा कुण्ठितै भएर रह्यो, उनले जीवनभर खरिदारमै टाक्सिएर रहनुपर्‍यो। बडामहाराज पृथ्वीनारायण शाहको जीवनचरित्र लेख्ने प्रेरणा उनको मनमा पलाएको भए तापनि विद्याको क्षेत्र यहाँ ऊर्वर नभएबाट दार्जीलिङबाट सूर्यविक्रम ज्ञवालीलाई 'पृथ्वीनारायण शाह' लेख्नभर मग्दुर सहयोग गर्नुपर्‍यो। उनको सहयोग नपाएका भए ज्ञवालीको भरमा मात्र त्यस्तो पुस्तक निस्कन सम्भव थिएन भन्ने कुरा जगजाहेरै छ।

प्रजातन्त्रोत्तर कालमा भने बाबुराम आचार्यको प्रतिभाले प्रस्फुटित हुने अवसर पायो । त्यस बेलाका सुझबुझहरू भएका उच्च नेता विश्वेश्वरप्रसाद कोइराला, मातृकाप्रसाद, गणेशमान सिंह, सुवर्णशमशेरहरूको सिफारिसमा श्री ५ त्रिभुवनबाट उनले 'इतिहास –शिरोमणि' भन्ने पदवी पाए, सुविधा पाए। यो कुराको बेलीविस्तार लाइरहनु आवश्यक छैन तापनि अन्त्यमा अहिले उनका उपरमा गिज्याउने खालको आफूले देखेसुनेको र अनुभव गरेको अर्को मन खट्किने कुराको चाहिँ यहाँ जिकिर गर्न चाहन्छु। सो यस प्रकार छ :

आजभोलिका बी.ए., अनर्स, एम.ए., पी.एच.डी. आदि उपाधिधारी महिमापण्डित महानुभावहरू बाबुराम आचार्यको इतिहासकारिता र उनको इतिहास शिरोमणित्वको महत्त्वलाई मान्न तयार छैनन्। अम्बिकाप्रसाद उपाध्याय बी.एल.लाई प्रथम इतिहासकार एवं इतिहासज्ञ–शिरोमणिका रूपमा हेर्न खोज्छन् र बाबुराम आचार्यलाई 'खरदार इतिहासकार' भनेर होच्याउन खोज्छन्। हुन पनि हो, त उनी आधुनिक उपाधिमण्डित पण्डित थिए, न अमेरिका निवृत्त थिए, न बेलायत–



निवृत्त, न भित्री गुदी नभए पनि बाहिरी आवरणमा अद्‌भुत अनुसन्धानको स्वाँग रच्ने प्रविधिमा पोख्त थिए। नेपाली दौरा सुरुवाल र भोटो लाएका उनले त बाहिर रहेका ढुङ्गा र भित्र सडेका कागतहरू पढेर साना दुःखले इतिहासको ज्ञान आर्जन गरेका थिएनन् । यस्ता पुराना मान्छेलाई आधुनिक महिमा–मण्डित पण्डितले मान्नुपर्ने नै के दरकार छ र ? यसैले त उनीहरू आफ्नो देशका इतिहास आफ्नै स्रोत र साधन बटुलेर आफैले तयार गर्नुपर्छ, विदेशीले लेखिदिएका अण्टसण्ट कुरा पढेर देशको सच्चा इतिहास जानिँदैन, विदेशतिर हेरी स्वदेश देखिँदैन' भनी जीवनभर दुःख गरेर रुक्खासुक्खा खाएर दौरा, सुरुवाल र भोटो लाएर अध्ययन–अनुसन्धानमा लागेका कुनै उपाधि–मण्डित नभएका र कुनै पदप्रतिष्ठा, पुरस्कार नपाएका ज्ञानमणि नेपालजस्ता मानिसलाई लक्ष्य गरेर 'खरदारहरूलाई लाएर राष्ट्रिय इतिहास लेखाइँदैछ' भनेर गिज्याउँदै आफ्नो मनको औडाहा अभिव्यक्त गर्छन्। धनञ्जय आचार्यको खरिदारी पदले भानुभक्त आदि उनका छोरा नाति बुहारीहरू पनि वंशको नाताले 'खरदार बाजे खर्दानी बज्यै' भएजस्तै खरिदार बाबुराम आचार्यको जस्तै नेपाली पाराले शोधखोज गर्ने र अध्ययन–अनुसन्धान गर्ने व्यक्ति पनि विद्याको नाताले 'खरदार इतिहासकार' हुनु स्वाभाविकै होला। डाक्टर साहेब र खरदार साहेबको ज्ञानगरिमा ग्रन्थहरूको परीक्षा गरेर कसले हेरिरहन्छ र ? डाक्टर साहेबहरूले बेलैमा आफ्नो विद्यालाई प्रमाणपत्रमा स्थायी पारेर सारिसकेका छन्, परिपूर्णता पाइसकेका छन्, ठूलादेखि सानासम्मले, राजादेखि रङ्कसम्मले उनलाई पत्याइरहेका छन्, यसैले सुलभ तरिकाले पदप्रतिष्ठा र पुरस्कार प्राप्त गरिरहेछन्, त्यस्तो कुरा दिने दिलाउने स्थान–स्थानमा विराजमान पनि उनै बनेका छन् र खरिदारहरूलाई टङ्च्याएर राख्न एवं पद प्रतिष्ठाबाट पर पार्न पनि सफल भएकै छन् ।

यसरी खरिदारबाजेदेखि चल्दै आएको नेपालको अनुसन्धानको परम्परालाई होच्याउने भरमग्दुर प्रयास भइरहेको छ। आधुनिक महिमामण्डित महानुभावहरूलाई पुरानो नेपाली अनुसन्धानको के आवश्यक ? पुराना चिट्ठीपत्रका मजबून उतारेर इतिहासग्रन्थको कायावृद्धि गरेर के फाइदा ? कर्कपेट्रिक, हेमिल्टन, ओल्डफिल्ड, राइट, लेवी, वेण्डाल, ल्याण्डन, तुची र पेटेक आदि इतिहासकारका वैज्ञानिक ढङ्गले लेखिएका साजसज्जायुक्त इतिहासका ग्रन्थहरू छँदाछँदै पुराना अभिलेख र थोत्रा कागज केलाउने नेपाली इतिहासकारले लेखेका कुरालाई उनले गिज्याउनुमा के आश्चर्य भो र ? कुनै पी.एच.डी., डीलिट्. साहेबहरूलाई अनुसन्धानग्रन्थ लेख्नुपर्‍यो र लहड चल्यो भने पनि तिनै खरदार साहेबका नेपाली भाषाका कृतिको अङ्ग्रेजीमा उल्था गरेर साजसज्जासाथ छापिदियो, विश्वमा चम्किहालिन्छ तर

यहाँनेर एउटा कुराले चाहिँ निकै असमञ्जसको स्थिति सिर्जना गरिहेछ, सो के भने भलै खरदारहरूका लागि यहाँ सबै ढोका बन्द गरिएलान् । उनलाई पद, प्रतिष्ठा र पुरस्कारबाट पनि पर पार्न सकिएला, उनको अनुसन्धानकार्यमा गिज्याउन बि!नबाधा हाल्न सकिएला, तापनि उनले बोलेको विद्याको ज्योति अब ननिभ्ने गरी बलिसकेको छ । अब न यो फुक्ता निभ्छ, न छेक्ता छेकिन्छ । यसको प्रकाश ब्रिटेन, इटली, जर्मनी र अमेरिका आदि विश्वका विख्यात विश्वविद्यालय र अनुसन्धान संस्थाहरूसम्म पुगिसकेको छ । त्यहाँका वरिष्ठ कहलाएका अनुसन्धाताले भलै भौतिक लाभ डाक्टर साहेबहरूलाई ओइराइदिए तापनि ज्ञानको तिर्खाचाहिँ खरदारहरूकै ग्रन्थहरूबाट मेटिरहेका छन् । तिनका कृति नहेरी आफ्ना नेपालसम्बन्धी कृति अपूर्ण हुने ठानिसकेका छन् र यसले चाहिँ डाक्टर साहेबहरूको मनोवाञ्छालाई हिस्स पार्ने सम्भावना छ । अस्तु !

❖❖

## नेपाली शब्दसागरको महत्त्वपूर्ण पक्ष

**-दुर्गाप्रसाद नेपाल**

१. २०५७ फाल्गुण ३० गते तत्कालीन प्रधानमन्त्रीज्यूबाट विमोचित ।
२. २०६५ चैत्रसम्म पाँचौ संस्करण प्रकाशित ।
३. संस्था निरपेक्ष एक्लो कोशकारको १५ वर्षको निरन्तर लेखनको फल ।
४. व्याकरणको बहुमान्य नियममा आधारित ।
५. लगभग १,२८,००० शब्दको प्रविष्टि ।
६. व्युत्पन्नसहितको सोपपत्तिक कोष ।
७. विभिन्न तीर्थ, मठ, मन्दिर, भाषाभाषी, राजमार्गहरू विभूतिहरू सम्पदा सूची, नदीहरू, हिमालहरू आदिको समेत जानकारी ।
८. पाठकको मन जिती सर्वत्र प्रयोगमा आएको कोष ।
९. छन्द, वर्ग, पर्यायवाची शब्दहरूको एकै ठाउँमा समावेश ।
१०. शब्द, अर्थ, स्रोत व्युत्पत्ति, पर्याय, तात्पर्य, सूचना समावेश भएको कोष ।
११. नेपालकै सबैभन्दा ठूलो शब्दकोश ।
१२. नेपालमै सबैभन्दा धेरै उपयोगमा आएको शब्दकोश ।



# बी.पी. प्रति अन्याय : आफैप्रति अन्याय

**✍दमन ढुङ्गाना**

बी.पी. कोइरालाप्रति कसरी न्याय गर्ने भन्ने चुनौती आज सबै नेपालीसमक्ष छ । यो प्रश्न हामी नेपालीले आफैप्रति कसरी न्याय गर्ने भन्ने प्रश्न हो । मानवमुक्ति र मानव स्वाभिमानका निम्ति जीवन उत्सर्ग गर्ने बी.पी. को योगदानबाट अप्रभावित कोही नेपाली छैन । २००७ सालमा आधुनिक तथा प्रजातन्त्रोन्मुख युग निर्माण तथा युग प्रवेशदेखि आजसम्म नेपालले जे हासिल गरेको छ र जे हासिल गर्ने आकाङ्क्षा राखेको छ ती सबमा बी.पी. तत्त्व अविभाज्य छ, अग्रगन्य छ । आफूलाई नेपाली भन्ने प्रत्येक व्यक्तिले आफूभित्र के छ एकपल्ट एकाग्रचित्तले नियालोस्– उसले अन्तरआत्मामा बी.पी. पाउनेछ । राष्ट्रिय जीवनमा यसरी छाएको तथा राष्ट्रिय एकताका लागि मजबूत जग हालेर गएको बी.पी.लाई मृत्युपरान्त उचित मात्रामा सार्वजनिक प्रकट, प्रकाश, स्मरण तथा अनुशरण गर्ने काम भइरहेको छैन । बी.पी. राष्ट्रिय व्यक्तित्व हो कि एउटा पार्टी विशेषको नेता ? २००७ सालको मुक्ति कालमा अथवा ०१५–१६ सालमा संसदीय व्यवस्था स्थापनाका निम्ति बी.पी. ले खेलेको भूमिका तथा ती युगान्तकारी घटनाले जन्माएका भविष्यसम्मका आकाङ्क्षाहरू उसको नितान्त निजी सन्तुष्टिका लागि, उसको पार्टी (प्र. नेपाली कांग्रेस) मात्रका लागि हो कि वा सम्पूर्ण राष्ट्रकै लागि ? नेपालमा राष्ट्रियता तथा प्रजातन्त्रको अथक सङ्घर्षको प्रतीक एवं नेपाल बाहिर अन्तर्राष्ट्रिय जगत्मा सर्वाधिक चिनिएको तथा प्रतिष्ठित नेपाली बी.पी. बाहेक अरू को छ, के कोही देखाउन सक्छ ? एकचोटि एकजना विदेशी पत्रकारले मलाई नै भनेका थिए — नेपाल बाहिर बी.पी. कोइराला र पर्वतारोहणबाहेक अरू कुनै समाचारको मूल्य छैन । के यो गलत हो ?

उदार प्रजातन्त्र पक्षीय मत अथवा बी.पी.का अन्य मतहरूसँग सहमत हुन नसक्नेहरूको असहमत हुने हक बी.पी. आफैँ स्वीकार गर्नुहुन्थ्यो । यसको मतलब यो होइन कि उहाँसँग असहमत हुनेहरू विवादभन्दा माथि उठ्न नसकेर उहाँको व्यक्तित्वका अन्य निर्विवाद पक्षप्रति पनि असहमति प्रकट गरून् अथवा उहाँलाई

राष्ट्रिय व्यक्तित्व, राष्ट्रिय नेता वा देशभक्तको सम्मान सार्वजनिक तवरले प्रदान गर्न हिचकिचाएर हाम्रो राजनीतिक संस्कृतिको न्यून धरातल प्रदर्शन गरून् । यस्तो सम्मान बी.पी.ले चाहनुभएको, बी.पी. समर्थकहरूले चाहेको अथवा बी.पी.प्रति उचित सम्मान भएन भनेर गुनासो व्यक्त गर्ने सिलसिलामा भनिएको कुरा होइन ।

खास कुरा हो — प्रतिबन्धित नेपाली कांग्रेसबाहेक अन्य राजनीतिक पक्ष, चाहे ती आफूलाई राष्ट्रवादी दाबी गर्ने पञ्च वा आफूलाई प्रगतिशील दाबी गर्ने वामपन्थीहरू नै किन नहुन्, को बी.पी.प्रति के कुनै कर्तव्य छैन ? राष्ट्रको विभिन्न युगान्तकारी मोडमा पटकपटक विशिष्ट तथा अग्रगन्य भूमिका खेल्ने एकजना राष्ट्रिय व्यक्तित्वको, कमसेकम उसको जन्म दिनमा मात्र भए पनि ठूलो–सानो कुनै न कुनै किसिमको कार्यक्रम आयोजना गरी सार्वजनिक रूपमा स्मरण तथा श्रद्धाञ्जलीसमेत व्यक्त नगर्नु यो कुन राजनीतिक संस्कृति वा संस्कारको परिचायक हो ?

मैले देखेअनुसार पहिलो अन्याय यही भएको छ कि बी.पी. कोइरालालाई एउटा पार्टी विशेष (प्र.ने.का.)को नेताका रूपमा सीमित गर्न खोजिएको छ।

बी.पी. प्रति अर्को अन्याय यो भएको छ कि बी.पी. विचार, खास गरी राष्ट्रिय एकता र मेलमिलापको नीतिलाई नै मूल आधार बनाई हामी काम गर्दछौँ भन्ने यस्ता समर्पित मानिसहरू विशिष्ट रूपमा देखा परिरहेका छैनन् अथवा कोही छन् भने पनि तिनीहरू खुलेर तथा मिलेर कार्य क्षेत्रमा उत्रेको देखा परिरहेको छैन । हिजो यो काम बी.पी. एक्लै पनि गर्न सक्नुहुन्थ्यो तर आज उहाँको अनुपस्थितिमा उहाँले गर्दै आउनुभएको यो काम धेरैजनाले मिलेर गर्नुपर्ने भएको छ। वास्तवमा यस्तो जमात युवा–पिँढीबाट नै आउनुपर्ने हो किनभने बी.पी.को कुनै पनि नीति तथा कार्यक्रमले युवा विद्यार्थीहरूलाई नै सर्वाधिक आकर्षित गरेको तथा प्रभावित पारेको हो। बी.पी. विचारधाराप्रति समर्पित यस्तो विशिष्ट जमातको उदय प्र. नेपाली कांग्रेसभित्र मात्र हुनुपर्ने खास कारण पनि छैन। निर्दलीयताको बन्धन तोड्न सक्नुपर्दछ, राष्ट्रियता र राजसंस्थासम्बन्धी बी.पी. विचार अनुशरण गर्न पञ्चलाई पनि आपत्ति छैन। कांग्रेसी र पञ्चहरू परस्पर नतर्सने र नभस्कने समभदारीको सुरुवात बी.पी. विचार लागू गर्ने संयुक्त सङ्कल्प र कार्यक्रमबाट नै हुनुपर्ने हो। बी.पी. विचारधारा, खास गरी राष्ट्रिय एकता र मेलमिलापप्रति मनसा, वाचा, कर्मणा प्रतिबद्ध जमातले बी.पी. प्रति मात्र हैन, राष्ट्र, राजा, प्रजातन्त्र, जनता सबैप्रति न्याय गर्न र नेतृत्वसम्बन्धी समाजमा व्याप्त चिन्ता दूर तथा पूर्ति गर्न



सक्नेछ। भविष्यसम्म टिकाउ मेलमिलापको आधार वा सङ्गठन यस्तो जमातले मात्र प्रदान गर्न सक्नेछ । अतिवाद वा उग्रवाद विरुद्धको ढाल पनि यस्तै जमातमात्र हुनेछ ।

मैले देखेअनुसार अर्को अन्याय यो भएको छ कि बी.पी. निधनको दुई वर्षपछि पनि उहाँको स्मृतिमा गरिनुपर्ने एउटै कामको सुरुवातसम्म पनि भएको छैन । उहाँको रचनावली प्रकाशित गर्ने, अनुवाद गर्ने, सङ्ग्रहालय खडा गर्ने, समाज सुधार तथा मानव अधिकारसम्बन्धी अन्य योगदान प्रकाश तथा प्रेरित गर्ने एउटा राष्ट्रिय संस्था स्थापना त परै जाओस् यसबारे छलफलसमेत अघि बढ्न सकेको छैन । राजनीतिक मानिसहरू, ठीक छ, राजनीतिमै अलमलियून् तर सत्ताको राजनीतिदेखि पर बस्ने, राष्ट्रिय विभूति, राजनीतिज्ञ नै भए पनि, को स्मृति ताजा राख्ने तथा त्यस स्मृतिलाई समाजसुधारमा उपयोग गर्ने यस्तो लक्ष्य भएका विशिष्ट सामाजिक कार्यकर्ताहरूसमेत छैनन् के नेपालमा ?

**वि.सं. १९९८ सालमा काठमाडौँमा जन्मने श्री दमन ढुङ्गाना बहुमुखी व्यक्तित्वका धनी हुनुहुन्छ । नेपाली साहित्यका कथा र कविता लेखनमा सक्रिय ढुङ्गानाका मानवाधिकार, कानुन र साहित्यसम्बन्धी थुप्रै लेखरचना प्रकाशित छन् । राजनीति र कानुनी व्यवसायमा संलग्न रहनुभएका उहाँले विगतमा सभामुखको गहन राष्ट्रिय दायित्वसमेत निर्वाह गर्नुभएको छ ।**

❖❖

# वर्तमानमा बाँचेको इतिहास

✍भुवन ढुङ्गाना

घडीले कतै टङ-टङ दश बजाएको छ । चित्र भने छर्लङ्ग छ तर त्यो आवाज मिश्रित शब्द छैन, मुस्कुराहट छैन, त्यो व्यक्ति छैन। फगत केही टड्कारा उहाँका सम्झनाहरू छन् ।

सम्झना सुखद होस् या दुःखद— त्यसैले ओगटिरहेको हुन्छ मनमस्तिष्कलाई यस्तै एकाङ्कीका क्षणहरूमा, यस्तै बेला बखतमा ।

घटना करीब २०१८ सालतिरको हो । बी.पी. सुन्दरीजलको बन्दीगृहमा हुनुहुन्थ्यो। निश्चित तारिखमा उहाँसँग भेट्न म पनि सुन्दरीजल गएकी थिएँ । अनकन्टार ठाउँ, चारैतिर अग्ला-अग्ला पर्खालहरू, भित्र पस्नुअगाडिको घण्टौंको सोधपूछ र छेकबारका लागि एउटा ठूलो टिनको ढोका। सायद बी.पी.ले थाहा पाइसक्नुभएको थियो, बाहिर उहाँलाई भेट्ने मानिसहरू आइसके, प्रतीक्षा गरिसके र सबै आतुर छन्। त्यस बखत टिनको ढोकाको कापबाट अभिवादनस्वरूप हल्लिरहेको उहाँको हात र त्यो सेतो परिधान देख्दा मलाई त्यस बखत पनि कथामा पढेको, चित्रमा हेरेको कुनै देवदूतको सम्झना आयो, हुन सक्छ ईशा मसीहको ।

उहाँलाई भेट्ने कोठामा पुगेपछि सबैसँगको औपचारिक कुराकानीपछि मैले पनि सोधेँ— सान्दाजु कहिले छुट्नुहुन्छ ? 'त्यो कुरा त उहाँहरूलाई सोध्नुपर्छ ।' उहाँले मुस्कुराउँदै लहरै कुर्सीमा बसिरहेका मानिसहरूलाई औंल्याउनुभयो। मेरो आङ जिरिङ्ग भयो, बन्दूक बोकेका, देख्दै डरलाग्दा भीषण अग्ला-अग्ला मिलिट्री पोशाकका मान्छेहरू।

'एउटा कैदीको कथा' पढेपछि लाग्यो, त्यो युवक नभए पनि, त्यो वयस्क पक्कै पनि बी.पी. नै हो त्यस्तै-त्यस्तै परिस्थितिबाट गुज्रिएको ।

एउटा घेटघाट अर्को सम्झन्छु । २०२६ सालतिर बी.पी. बनारसमा मामूरगञ्जमा बस्नुहुन्थ्यो। सुशीला भाउजू बिरामी हुनुहुन्थ्यो, उहाँलाई भेट्न गएकी थिएँ । बी.पी.ले कता-कता 'कल्पना' र अरू पत्रिकाहरूमा मेरो पनि एक दुई रचना पढ्नुभएको रहेछ । म अवाक भए । आधुनिक कविताबारे एक दुई प्रश्न गर्नुभयो । आफ्नो एउटा छोटो, मीठो कविता मौखिक सुनाउनुभयो — परालको कुन्यूबारे, उहाँका मित्र ब्रह्मानन्दजीसँगै हुनुहुन्थ्यो । उहाँलाई मेरो परिचय गराउँदै भन्नुभयो— 'यो बहिनी, कथा-कविता लेख्न सुरु गरेकी छ, राम्रो लेख्छे ।' उहाँले पिठ्यूँमा धाप दिनुभयो । त्यस बखत त म गदगद भएँ, फुरुङ्ग भएँ, अनायास नै खुशीले आँखा रसाए । अहिले बारम्बार आफैँलाई प्रश्न गर्छु— के त्यो स्पर्श र हौसलाको भार मैले कतै कुनै रूपमा पूरा गर्न सकुँला ? उहाँसँगको भेटघाटको प्रभावमा लगत्तै मैले उहाँलाई नायक बनाएर एउटा कथा लेखेँ 'युद्धको घोषणा गर्नुभन्दा अघि' जुन पछि किशोर नेपालद्वारा सम्पादित 'स्वतन्त्रता'मा छापियो । आफूभन्दा सानोसँग पनि उत्ति नै सहज, सरल र स्वच्छ भइदिने बी.पी.को त्यो आत्मीयता के कसैले शब्दले व्यक्त गर्न सक्छ र ? त्यो त मात्र 'फिल' गर्न सकिन्छ ।

मेरो आफ्नो विवाह भइसकेपछिको करीब २०३७ सालतिरको कुरा हो । बी.पी. केही साथीहरूसँगै अस्वस्थ भवानी भिक्षुजीलाई हेर्न जान लाग्नुभएको थियो । केही क्षणका लागि बत्तीसपुतलीस्थित मेरो घरमा पनि बस्नुभयो । त्यस बखत काखमा मेरो सानो छोरो थियो । घरबाट निस्कने बेलामा मतिर फर्किएर सोध्नुभयो । छोराको कत्तिको माया लाग्छ ? म पनि कहिलेकाहीँ हाजिर जवाफी छु । तुरुन्तै भनेँ, 'जति तपाईंलाई आफ्नो जनताको लाग्छ ।' बी.पी. मुस्कुराउनुभयो र भन्नुभयो — 'ठीक भनिस्, खूब ठीक भनिस् ।'

म पनि चुपचाप यस्ता व्यक्तिहरूको सम्झना सँगालेर बस्नेमध्येको एक हुँ जसले जहाँ जसरी व्याख्या गरे पनि बी.पी. कुनै इतिहासको कथा होइन, इतिहास हो तर वर्तमानमा बाँचेको ।

**वि.सं. २००५ सालमा कोशी अञ्चलको विराटनगरमा कोइराला परिवारमा जन्मने श्री भुवन ढुङ्गाना नेपाली साहित्यका कविता र कथा विधामा सक्रिय प्रतिभाशाली व्यक्तित्व हुनुहुन्छ। प्राध्यापन पेशामा संलग्न ढुङ्गानाका कथा-कृति प्रकाशित छन् भने विभिन्न पत्रपत्रिकामा उहाँका थुप्रै लेखरचनाहरू छरिएर रहेका छन्। उहाँ नेपाली कथाकारमध्ये एक उत्कृष्ट कथाकार मानिनुहुन्छ।**

❖❖

# योगीजीसँग मेरो केही क्षण

✍एस पी आशा

नेपालका प्रसिद्ध विद्वान् योगीज्यूको जीवनकालमा हाम्रो नेपालको अध्यक्ष शङ्कर पौडेलले योगीजीको कीर्तिलाई जीवन्तता दिन एउटा संस्था बनाउने विचारले मसँग सरसल्लाह गर्नुभयो । त्यसबेला मैले पनि योगीको नाममा विभिन्न सङ्घसंस्थाले र व्यक्तिले अनेकौँ बहानामा फाइदा उठाएका कुरा सुनेको देखेको थिएँ । त्यसबेला जापानमा कोटी होम लगाउने र त्यो कोटि होममा नेपालबाट करिब ५०० मानिस जानुपर्छ लानुपर्छ भन्ने भावनामा योगीजी पनि लाग्नुभएको थियो । मैले आदेश्वर माइदेवस्थलमा शिवपुराण लगाएको थिएँ। त्यो पुराणमा उहाँको उपस्थिति गराउने प्रयास गर्दा उहाँले नै मलाई भन्नुभएको थियो तपाईंले त्यहाँको पुराण सकेपछि जापान जाने तयारी गर्नुपर्छ र यहीँ आएर बसेर मेरो काममा मद्दत गर्नुपर्छ" उहाँको यस्तै वाक्यलाई कयौंले जनमानसमा गलत व्याख्या गरी फाइदा उठाए । मैले आदेश्वरको शिवपुराण सकेर उहाँको कदरस्वरूप जाँदा उहाँको निवास मृगस्थलीमा सयौं मानिसहरूको समूह ठाउँठाउँमा अनेकौँ अनुदान गरेर बसेको देखेर त्यहाँ सोद्धा जापान जाने तयारी गरेको भन्ने जवाफ पाएँ । त्यसपछि म फेरि मृगस्थली गइनँ। पछि जब जापानको कार्यक्रम रद्द भयो तब म योगीको दर्शनमा गएँ। उहाँले ती पुराना कुराहरू कतैको पनि प्रसङ्ग उठाउनुभएन र मलाई भन्नुभयो : "तपाई लेखक, चिन्तक, तपाईं यही बसिदिने गर्नोस् न ।" यस्तो थियो शङ्कर पौडेलले योगी नरहरिनाथ ट्रष्ट खोल्ने प्रस्ताव ल्याउँदाको मेरो अवस्था र योगीज्यूको मप्रतिको विचार ।

ट्रष्ट खोल्ने विषयमा शङ्करजी र मैले सल्लाह गऱ्यौँ र कार्यक्रम कस्तो कुन स्तरको राख्ने प्रश्नमा मैले उच्च विद्वान्को सम्झनामा गठन हुने संस्थाहरू भएकाले स्तरीय, इज्जतदार, निर्विवाद कार्यक्रमहरूको सञ्चालन त्यो संस्थाबाट गर्नुपर्छ भनेपछि एक छिन उहाँ अलमलिनुभयो। मलाई त्यस्तो एउटा विचार फुऱ्यो जुन सोचेको भन्दा नितान्त फरक विवादरहित उच्च बौद्धिक स्तरले सराहना गर्ने र त्यस्तो खाले मानसम्मान पाउन भित्रीरूपमा लालचै गर्ने खाले कार्यक्रमको तर्जुमा



गरियो अर्थात् योगीजीको धेरै कार्यहरू धर्मरक्षा, राष्ट्ररक्षा र संस्कृतिरक्षाकै थियो । हामीहरूलाई सजग बनाइरहनुहुन्थ्यो भने हामीले पनि उहाँको त्यही कार्यलाई जीवन्त हुने गरी कार्यक्रम तय गरौँ भनेँ। त्यसपछि फेरि शङ्करजीलाई सम्झाएँ । धर्म, संस्कृति, इतिहासको मुख्य विधा बनाई यो क्षेत्रमा काम गर्ने विद्वान्हरूको सम्मानको आयोजना गरौँ भनेपछि शङ्करजीले समाजसेवा र संस्कृतभाषा पनि लिने कुरा गर्नुभयो। हामीले त्यही कुरा योगीजीलाई जानकारी गरायौं । यसको सारा अगुवाइ शङ्करजीले गर्नुभयो। त्यस वर्ष कार्यक्रम तय भयो ।

धार्मिक क्षेत्रबाट डा. स्वामी प्रपन्नाचार्य, इतिहासमा नयराज पन्त (उहाँ त्यस बेला जीवितै हुनुहुन्थ्यो), संस्कृतिमा सत्यमोहन जोशीज्यूलाई छनोट गऱ्यौं । कार्यक्रमको सभापतिमा उपकुलपति कवि मोहन कोइराला र प्रमुख अतिथिमा कविवर माधव घिमिरे रहनुभयो भने कार्यक्रमको संयोजक म एस.पी. 'आशा' (श्रीप्रसाद उपाध्याय) र अध्यक्ष शङ्कर पौडेल रहनुभयो। त्यही कार्यक्रममा नै उहाँलाई धार्मिक 'सहिद' धोषणा गर्ने निर्णय सरकारसँग गर्न माग गरिएको थियो । यस्ता कार्यक्रम हाल सातौँ वर्षमा छ र यस वर्षको कार्यक्रममा धर्म, संस्कृति र इतिहासमा गोविन्द टण्डन र समाज सेवामा विदुषी अङ्गुरबाबा जोशी र अन्य महानुभावसमेत ५ जना हुनुहुन्थ्यो ।प्रमुख अतिथिमा कोषकार वयोवृद्ध र विद्वान् वसन्तकुमार शर्म्मा र कार्यक्रमका संयोजक तथा सभापति एस.पी. आशा (श्रीप्रसाद उपाध्याय) थिए। अध्यक्ष शङ्कर पौडेल नै थिए। यसरी यो कार्यक्रमलाई अहिलेसम्म निरन्तरता दिइएको छ । हालसम्म विभिन्न क्षेत्रका वरिष्ठ साधकहरू करिब ७५ जनाजति सम्मानित भैसक्नुभएको छ । अब अर्को कुरा पनि बताउँछु । शङ्कर पौडेलको अध्यक्षतामा गठित "हाम्रो नेपाल" भन्ने सामाजिक संस्थाबाट देशका ठूला-ठूला संस्थाहरूका अध्यक्षहरूको सम्मान गर्ने कार्यक्रमको आयोजना भयो र संयोजक मलाई नै तोकिएको थियो। हामीले विश्वहिन्दूमहासंघका अध्यक्षलगायत ३२ जनाको छनौट गऱ्यौँ । त्यसमा रेयुकाइ, कृष्ण प्रणामी ब्रह्मकुमारी राजयोग, सनातन धर्म सेवा समिति, आर्य समाज, जैन परिषद्समेतका संस्थाहरूका अध्यक्षहरू हुनुहुन्थ्यो। प्रमुख अतिथि स्वयं नरहरिनाथ हुनुभयो । सभापति म एस.पी. आसा नै थिए र अध्यक्ष शङ्कर पौडेल हुनुहुन्थ्यो। यो कार्यक्रम वेद विद्याश्रमको हलमा भएको थियो। यो पनि अत्यन्त उत्कृष्ट, उच्चस्तरको कार्यक्रम थियो। हामीले योगीज्यूको सान्निध्यमा त्यति धेरै धार्मिक सामाजिक सङ्घसंस्थाहरूका अध्यक्षहरूलाई एकै थलोमा उपस्थित गराएका थियौँ।

संस्मरण लेख्दालेख्दै अर्को एउटा रमाइलो प्रसङ्गको सम्झना आयो । जुन यहाँ उल्लेख नगरी नहुनेछ । त्यो हो एक पटक आयोजित रामनवमीको कार्यक्रम । विश्वहिन्दू महासङ्घले प्रत्येक वर्ष हिन्दू एकता दिवसको रूपमा मनाउँनथ्यो । राष्ट्रिय समितिको अध्यक्षमा पं. नारायण पोखरेल थिए । यता विश्वहिन्दू युवा परिषद्ले त्यही दिन कार्यक्रमको आयोजना गऱ्यो। विश्वहिन्दू महासंघको निमन्त्रणामा धेरैजसो श्री ५ बडामहारानी सरकारको सवारी हुन्थ्यो । तर त्यस वर्ष सवारी भएन। विश्वहिन्दू युवा परिषद्ले मेरो पनि सम्मानको कार्यक्रम राखेको थियो । प्रमुख अतिथिमा योगी नरहरीनाथ र सभापतिमा नायव बडागुरुज्यू डा. माधव भट्टराई हुनुहुन्थ्यो । माधवलाई चाडै दरबार जानुपर्ने रहेछ। उहाँ छटपटाउन लाग्नुभयो । योगीको अगाडि परेर बोल्ने कसैको हिम्मत थिएन । सबै के गर्ने ? कसो गर्ने भन्नेमा भए । कार्यक्रम बीचैमा छाडेर नायव बडागुरुज्यू उठेर हिंड्न पनि सक्नुभएन। हामी सबैले थोरै बोलेर कार्यक्रम छोट्याएर माइक योगीजीलाई दियौँ। योगीज्यूको धाराप्रवाह प्रवचन चलिरहेको ठाउँमा कसैले छोटो बालौँ भन्न सकेन। सबै छटपटाउन लागे। युवा संघको अध्यक्षले मलाई के गर्ने होला दाइ भन्न लागे । त्यै बेला मेरो मनमा एउटा विचार आयो र मैले भनें "तपाई योगीज्यूको अगाडि उभिएर हात जोड्नोस् । उहाँले माइक तपाईंलाई दिनुहुन्छ।" अध्यक्षको नाउ सागर थापा थियो । मैले फेरि उकासैं, माधवजीले पनि उकास्नुभयो। सागर थापाले त्यसै गरे। योगीज्यूले भाषण गर्नुभएको अगाडि गएर हात जोडेर झुके । योगीज्यूले कुरा बुझेर माइक सागरलाई दिनुभयो र सभाविसर्जन भयो । संस्मरणगत अरू पनि छ तर उहाँसँगको यो सानु लेखमा यतिमात्र समावेश गरौँ ।

*[वरिष्ठ सल्लाहकार, योगी नरहरिनाथ ट्रष्ट]*

**वि.सं. २००१ सालमा काठमाडौंमा जन्मने श्री श्रीप्रसाद उपाध्याय घिमिरे नेपाली साहित्यमा एस.पी. आशा नामले चिनिनुहुन्छ । मूलतः नेपाली साहित्यको उपन्यास विधामा सक्रिय आशाका दर्जनौं कृति प्रकाशित छन् । विशेषगरी जासुसी र ऐतिहासिक उपन्यास लेखनमा चर्चित उहाँका कवितासङ्ग्रह र संस्मरण लेखरचना पनि प्रकाशित छन् ।**

❖❖



# मेरो स्मृतिमा योगी नरहरिनाथ

**✍डा.घनश्याम न्यौपाने 'परिश्रमी'**

सकल जीवहरूमा सर्वश्रेष्ठ मानिन्छ मनुष्य। विवेक, कर्मशीलता, वाक्शक्ति र चेतनाजस्ता गुणहरूले नै मानव जातिलाई अन्य प्राणीहरूभन्दा पृथक् तुल्याएका हुन् । हो, मानवजाति प्राणीहरूमा सर्वश्रेष्ठ हो भन्ने कुरामा कुनै विवाद छैन तर सर्वश्रेष्ठ प्राणी भए तापनि सबै मान्छे गुण, व्यवहार र कर्मले श्रेष्ठ हुन सक्दैनन् । संसारमा केही मान्छे मात्र श्रेष्ठ कहलिएका छन्। धेरैभन्दा धेरै मान्छेहरूको जीवन निरर्थक ढङ्गले टुङ्गिएको देखिन्छ। जसले जीवनमा कुनै रचनात्मक काम नै गरेको छैन त्यस्ता मान्छेको जीवन पशुतुल्य हुन्छ । जीवनको सार्थकता कर्मशीलता तथा मानवतामा निहित हुन्छ । सार्थक जीवनको कीर्ति आर्जन गर्ने व्यक्तिहरू अत्यन्त न्यून हुन्छन् ।

नेपाल आमाका सन्तानका रूपमा जन्मेर आफ्नो पृथक् पहिचान बनाउने केही मात्र व्यक्तिहरूको पङ्क्तिमा योगी नरहरिनाथको नाम पनि लिइन्छ। गोरखनाथप्रति मूल आस्था दर्शाउने नाथ सम्प्रदाय नेपाल र भारतमा प्राचीन समयदेखि चल्दै आएको एक प्रसिद्ध सम्प्रदाय हो । यही सम्प्रदायसँग सम्बद्ध योगी नरहरिनाथ नेपालका सन्दर्भमा अत्यन्त चर्चित व्यक्तित्व मानिन्छन्। योगी भएर पनि उनमा गहिरो चिन्तन थियो। उनी आफ्नो पृथक् अस्तित्व कायम राख्न सफल थिए । मैले योगी नरहरिनाथलाई जीवनमा दुई वा तीनचोटि भन्दा बढी भेटिनँ तर उनको चिन्तन–दर्शनका बारेमा सतही नै भए पनि ज्ञान भने प्राप्त गरेको छु । सन् १९७५ तिर हो जस्तो लाग्छ । म त्यतिखेर गोरखपुरस्थित गोरक्षनाथ संस्कृत विद्यापीठमा अध्ययनरत थिएँ। एकदिन योगी नरहरिनाथ त्यहाँ पुगे । नेपालबाट योगी नरहरिनाथ आएका छन् भनेर हल्ला भयो । हामी सबैजसो विद्यार्थीहरू उनको स्वागतमा हाजिर भयौं । कानमा मोटामोटा मुन्द्री लाएका गेरुवा रङ्गको भोटो र कछाड वस्त्रका रूपमा धारण गरेका रातोपिरो तेजस्वी अनुहारका योगी नरहरिनाथलाई प्रथमतः मैले त्यहीं अर्थात् गोरखपुर स्थित गोरखनाथ मन्दिरको परिसरमा देखेको हुँ । प्रथम दर्शनमा नै म उनको बाह्य व्यक्तित्वबाट प्रभावित भएको थिएँ ।

हामी विद्यार्थीहरू स्वागतमा हाजिर भइसकेपछि योगीजीले संस्कृत भाषामा धाराप्रवाह प्रवचन दिन थाले । संस्कृतको गरिमा र महत्त्वमाथि प्रकाश पार्दै उनले भन्न सुरु गरे– संस्कृत संसारकै सर्वप्राचीन भाषा हो। यो देववाणी हो। यस भाषामा वेद, पुराण, उपनिषद् र अन्य काव्यहरू प्रशस्त लेखिएका छन्। यस्तो भाषामाथि अहिले आङ्गल भाषबाट आक्रमण भइरहेको छ । यसको संरक्षण र संबर्द्धनका लागि हामी एकआपसमा संस्कृत भाषामा बोल्न आवश्यक छ, घरमा, विद्यालयमा र बजारमा समेत हामीले यही भाषाको प्रयोग गर्नु जरुरी छ । हामी सबैले यसरी घरभित्र र घरबाहिर जतासुकै संस्कृत भाषामा बोल्न थाल्यौँ भने यस भाषाको विकासमा ठूलो योगदान हुनेछ ............ । यस्तै यस्तै आशय र भावगुम्फित प्रभावकारी प्रवचन दिएर उनी हामीबाट बिदा भए ।

पछि थाहा भयो, योगी नरहरिनाथ भारतमा पनि अत्यन्त चर्चित व्यक्तित्वका रूपमा चिनिँदा रहेछन् । उनी त योगी मात्र रहेनछन्, एक इतिहासकार, अन्वेषक, चिन्तक, कवि–लेखक, राजनीतिवेत्ता, शिक्षाप्रेमी, धर्मगुरु अनेक रहेछन् । एकपटक योगीजी गोरक्षनाथ विद्यापीठमा पुगेका बेला तत्कालीन प्राचार्य श्यामवर्ण द्विवेदीसँग कविता लेखनमा प्रतिद्वन्द्विता गरेको प्रसङ्ग पनि मेरो स्मृतिमा छ । प्राचार्य श्यामवर्ण द्विवेदी संस्कृतका कवि पनि थिए। उनको **विशाल भारतम्** महाकाव्य र अन्य काव्यहरू पनि प्रकाशित छन्। योगीजीले श्यामवर्ण गुरुसँग एउटै विषय र छन्दमा दुईजना बसेर कविता लेख्न प्रस्ताव राखेछन्। गुरुबाट पनि स्वीकार भएछ । दुवैजना बसेर कविता लेख्न थालेछन्। यस प्रतिद्वन्द्वितामा गुरुलाई योगीजीले जितेछन् । सबै विद्यार्थीबीच यो हल्ला फैलियो। यस घटनाले योगीजी आशुकवि पनि थिए भन्ने कुरालाई प्रमाणित गर्दछ ।

योगी नरहरिनाथलाई मैले उच्चशिक्षा ग्रहण गर्ने क्रममा अलि बढी चिनें । वास्तवमा उनी बाबुराम आचार्यजस्तै रहेछन्। उनले राजनीतिक इतिहास र साहित्यिक इतिहास दुवैको खोज अन्वेषणमा महत्त्वपूर्ण काम गरेका छन्। भाषा, साहित्य, धर्म, संस्कृतिका विषयमा उनले गरेको योगदान उल्लेख्य छ। सुवानन्ददास नेपाली भाषाका प्रथम कवि हुन् भन्ने कुरा उनको नै खोजबाट पुष्टि भएको मानिन्छ ।

नेपालमा (दाङमा) संस्कृत विश्वविद्यालय स्थापनार्थ योगी नरहरिनाथको पहल महत्त्वपूर्ण मानिन्छ । नेपालका विभिन्न स्थानमा संस्कृत विद्यालय स्थापना गर्ने कार्यमा पनि उनको भूमिका रहेको देखिन्छ । विश्वशान्तिका लागि देशविदेशमा यज्ञ गराउने काम पनि उनबाट भएका छन् । राजनीतिमा पनि उनी मुछिएका छन् । बेलाबेलामा



राजनीतिक विषयमा बोल्दा उनी विवादमा परेका प्रसङ्गहरू पनि छन् । एकचोटि उनले राजा वीरेन्द्रलाई प्रतीकात्मकरूपमा आफ्नो छाता आफै ओढ्न नसकेको आरोप लगाएका थिए। यसले पनि निकै चर्चा पाएको थियो । उनी आध्यात्मिक साम्यवादका पक्षधर थिए । योगी भए पनि उनमा अनेक विषयको ज्ञान र चेतना थियो ।

मैले अन्तिम पटक नरहरिनाथलाई २०४९–०५० सालतिर नवलपरासीमा भेट्ने अवसर पाएको थिएँ। उनी दाउन्नेभन्दा अलि तल दुम्कीवासको नजिकै राजमार्गको छेउमा विश्वकर्मा बाबाको मन्दिर बनाई त्यहीँ यज्ञ सञ्चालन गर्दै थिए। उनका भक्त ऋषिराम शर्माको अनुरोधमा म पनि त्यस यज्ञस्थलमा पुगेको थिएँ । यज्ञका लागि आवश्यक सामग्रीको निकै अभाव थियो। हवनका लागि चरु थिएन । योगीजीले जङ्गली वनस्पतिका फूल, पात, हाँगा हवन गराइरहेका थिए । हवनकर्ताको रूपमा नारीहरू पनि सहभागी थिए। हवनका क्रममा उच्च स्वरमा गायत्री मन्त्रोच्चारण भइरहेको थियो। यज्ञमा गइसकेपछि केही न केही आर्थिक सहयोग त गर्नु नै पर्थ्यो। मैले सायद रु.१००/– सहयोगस्वरूप प्रदान गरेको थिएँ । योगीजी त्यो सहयोगबाट सन्तुष्ट देखिएनन् । असन्तुष्ट देखिनुको कारण के थियो भने उनलाई यज्ञ सञ्चालन र समापन गर्न आर्थिक अभाव खड्किरहेको थियो ।

म भौतिकवादी चिन्तन भएको मान्छे र योगीजी आध्यात्मिक, तापनि उनको व्यक्तित्वबाट म प्रभावित छु । उनले जीवनलाई सधैँ क्रियाशील राखे। रचनात्मक र अनुसन्धात्मक कार्य गरेरै उनले यस संसारबाट बिदा लिए। स्वार्थभन्दा माथि उठेर काम गर्ने केही मात्र नेपाली आमाका सन्तानहरूमा योगी नरहरिनाथ पनि एक हुन् भन्ने मलाई लाग्दछ । जन्मेर मर्नु प्राकृतिक नियम नै हो। उनी पनि अहिले यस संसारमा छैनन् तापनि नेपालको धार्मिक, सांस्कृतिक, ऐतिहासिक र साहित्यिक इतिहासमा उनी जीवन्त छन् ।

भैरहवा

**वि.सं.. २०१५ मा स्याङ्जामा जन्मने डा. घनश्याम न्यौपाने 'परिश्रमी'ले प्राध्यापन पेशामा संलग्न भई नेपाली साहित्यका कविता, गजल, समालोचना आदि विधाका थुप्रै कृति प्रकाशन गर्नुभएको छ । हाल भैरहवा बहुमुखी क्याम्पसमा प्राध्यापनरत न्यौपाने सम्पादक एवम् साहित्यिक सङ्गठकका रूपमा समेत सक्रिय हुनुहुन्छ ।**

❖❖

# श्री यदुनाथ खनालज्यूसँगको साक्षात्कार

✍लक्ष्मीकुमार कोइराला

मैले यदुनाथ खनालज्यूलाई नजिकबाट देख्ने, भेट्ने र चिन्ने मौका पाएकै थिइनँ । त्यसअघि केवल उहाँको एक समालोचना 'फूलमा भुँबरा कि बारुलो ?' पढ्ने मौका पाएको थिएँ । त्यसबाट मलाई यो स्पष्ट छाप परेको थियो कि उहाँ एक स्पष्ट वक्ता, निर्भीक र गहिरो अध्ययन गर्ने सचेत समालोचक हुनुहुन्छ । त्यो समालोचना 'सूक्ति–सिन्धु' का बारेमा तयार पारिएको 'अग्नि परीक्षा' नै सायद थियो । समकालीन र विगतका लेखक, साहित्यकारहरूको बेलगाम र छाडापनका बारेमा तीव्र आपत्ति जनाउँदै, खबरदारी गर्दै लाठो उजाइएको थियो । 'सूक्ति–सिन्धु'का कतिपय रचनालाई औंल्याउँदै 'पतनोन्मुखी साहित्य'को संज्ञा दिइएको थियो । उक्त समालोचनाले नेपाली साहित्य–जगत्मा तत्काल ठूलो हलचल नै ल्याएको थियो ।

वि.सं. २०५७ मार्ग महिनाको पहिलो हप्ताको कुरा हो । त्यसबेला 'नेपाली शब्दसागर' को प्रकाशनको तयारी भइरहेको थियो । श्री वसन्तकुमार शर्म्माज्यूले वयोवृद्ध विद्वान् श्री यदुनाथ खनालज्यूलाई भेट्न जाऔं भन्ने प्रस्ताव राख्नुभयो र त्यहाँ उपस्थित सबैले सहर्ष स्वीकार गर्‍यौँ अनि फोनबाट सम्पर्क गरी समय मिलाएर तोकिएको समयमा हामी उहाँको वासस्थान बानेश्वरमा पुग्यौँ । हामी श्री वसन्तकुमार शर्म्मा, श्री प्रतापजङ्ग राणा, लक्ष्मीकुमार कोइराला, ठाकुर शर्मालगायत ६–७ जना त्यहाँ पुगेका थियौँ । हामी त्यसरी भेट्न गएको देखेर हाम्रो स्वागतार्थ खुसी हुँदै श्री खनालज्यू लट्ठी टेकेर उभिनुभयो र भित्र कोठामा बस्ने इसारा गर्नुभयो ।

हामी सबैजना अत्यन्त प्रसन्न थियौँ उहाँलाई उज्यालो, हँसिलो मुद्रामा आफ्नै सामुमा पाएर । ठूलो कोठा, चारैतिर उज्यालो प्रकाश, झ्याल–ढोकाहरू फराकिला, कोठामा पुस्तक–दराजहरू थुप्रै । दराजभर विभिन्न पुस्तकहरू टमाटम तर व्यवस्थित ढङ्गले सजाइएका । विभिन्न लेखकहरूका तस्बिरहरू, विशेष व्यक्तित्वका तस्बिरहरू सजाएर राखिएका, शान्त वातावरण, यो सब देख्दा श्री खनालज्यू



अत्यन्त शिक्षाप्रेमी, चिन्तनशील व्यक्तित्व हुनुहुन्छ भन्ने कुरा स्पष्ट झल्किन्थ्यो ।

श्री खनालज्यूले हामी त्यसरी उपस्थित हुनुको प्रयोजनबारे प्रश्न सोध्नुभयो । हामीले उहाँसँगको साक्षात्कार गर्ने रहर एवम् उहाँलाई भेट्ने श्रद्धा नै प्रथम प्रयोजन हो भन्यौँ । अनि दोस्रो प्रयोजनचाहिँ यदि सकिन्छ भने 'नेपाली शब्दसागर'को भूमिका लेखिदिने आग्रह गर्‍यौँ । उहाँले आफूले सयको दशकमा हिँड्दै गरेको, कफ–पित्तको समस्या पनि रहेको हुँदा चाहेर पनि उक्त गहन कार्य सम्पन्न गर्न आफू असमर्थ रहेको कुरा व्यक्त गर्नुभयो र शुभकामनाका दुईचार शब्द मात्र दिन सक्ने शुभेच्छा प्रकट गर्नुभयो । हामीले त्यो कुरा सहर्ष स्वीकार गर्‍यौँ । त्यसपछि उहाँले नेपाली भाषा र साहित्यबारे गम्भीर प्रश्न, गहिरो चिन्तन र चासो, अनेक जिज्ञासा र सही समाधानबारे आफ्ना सुस्पष्ट धारणाहरू व्यक्त गरेर हामी सबैको मन अत्यन्त प्रसन्न तुल्याइदिनुभयो । हामी त्यहाँ उपस्थित सबै उहाँप्रति गद्गद् र आभारी भयौँ । हामीलाई एकै छिनको साक्षात्कारबाट पनि त्यति धेरै प्रभावित तुल्याउन सक्ने, दीर्घ अनुभव, भाषा–साहित्यप्रतिको अगाध श्रद्धा र विश्वास, गहन चिन्तन तथा लेखकमा हुनुपर्ने इमानदारीका आदर्शमय प्रकटीकरणजस्ता विशिष्ट गुण वा विशेषता उहाँमा परिपूर्ण रहेछन् भन्ने अनुभव भयो ।

हामी धेरै बेर बस्यौँ । उहाँका कुरामा प्रकट भएका जीवन, भाषा, साहित्य, कोष, राष्ट्रिय भावनासम्बन्धी खारिएका विचारहरू ध्यानपूर्वक सुन्यौँ । उहाँप्रति आभारी भयौँ । चिया खायौँ, तस्बिर खिच्यौँ । नमस्कार गर्दै बिदा भयौँ ।

त्यस भेटको केही समयपछि उहाँ इहलोकबाट नै बिदा हुनुभएको खबर प्रसारित भयो । यसरी श्री यदुनाथ खनालज्यूसँगको त्यसदिनको भेटघाट वा साक्षात्कार नै मेरा लागि चाहिँ पहिलो र अन्तिम साक्षात्कार पनि भयो । श्री खनाज्यूसँगको यो अविस्मरणीय क्षणलाई म कहिल्यै बिर्सन सक्तिनँ ।

**वि.सं. २०१२ सालमा ओखलढुङ्गाको चिसंखुमा जन्मने श्री लक्ष्मीकुमार कोइराला प्राध्यापन पेसामा संलग्न हुनुहुन्छ । नेपाली साहित्यमा कविता, कथा, निबन्ध, हास्यव्यङ्ग्य र समालोचनाका विभिन्न पुस्तक प्रकाशन गर्नुहुने कोइराला मूलतः कथाकार र हास्यव्यङ्ग्य लेखकका रूपमा चिनिनुहुन्छ ।**

❖❖

पुछारको पातो

# पूर्वस्मृतिका बारेमा

✍बुनू लामिछाने

पूर्वस्मृति कसैको बारेमा गरिने स्मृतिभन्दा पूर्वको अवस्था हो । समाज वा राष्ट्रमा अमरत्वप्राप्त व्यक्तिहरूलाई सम्झना गरी लेखिएका कुराहरू स्मृति वा संस्मरणले समेटेझैँ संस्मरणभन्दा पनि अगाडिका घटनादर्शन, साक्षात्कार, प्रभावग्रहण आदिलाई समेत समेट्दै पूर्वस्मृति अगाडि बढेको हुन्छ । कुनै अमर प्रतिभाका जीवनी, आत्मसंस्मरण, कीर्ति, अभिलेख, सन्देश आदि पढेर किंवदन्ती वा कसैले बताएका आधारमा केही कुरा सुनेर वा अन्य माध्यमबाट मात्र होइन, लेखक स्वयंले आफ्नै जीवनकालको कुनै समयमा त्यस्ता व्यक्तित्वसँग गरेका प्रत्यक्ष भेटघाट, कुराकानी र विचारहरूको आदानप्रदानसँग गहिँरिदै, सम्बन्धित व्यक्तित्वका गुण–अवगुणहरूसँग चुर्लुम्मिँदै, योगदानहरूको समीक्षा गर्दै वा प्रशंसा गरेर मात्रै पनि पूर्वस्मृति लेखिएका हुन्छन् । पूर्वस्मृतिकारले आफूले सम्झेका व्यक्तित्वसँग सम्बन्धित आफ्ना विगतका आवतजावत, प्रेरणाग्रहण, लेनदेनहरू, पठनपाठन, उठबस, हिँडडुल आदिसँग प्रत्यक्षदर्शी र प्रत्यक्ष भोक्ता हुँदै बारम्बार आफ्ना प्रतिभासंसारका स्मृतिसागरभित्र डुबुल्कँदै आफ्ना कुराहरू प्रस्तुत गरेको पाइन्छ । सामान्य लेखनभन्दा उच्चकोटिको विशिष्ट प्रस्तुति दिँदै यथार्थ घटनाहरूको सहाराले भावनाको अपूर्व संसारमा प्रवेश गर्ने पूर्वस्मृति विधा यौटा पारदर्शी साहित्यिक विधा हो भन्दा सायद अतिशयोक्ति हुनेछैन ।

नेपाली साहित्यमा पूर्वस्मृतिको जन्म गद्यफाँटबाट भएको पाइन्छ । गद्यफाँटको निबन्धविधाबाट संस्मरण हुँदै झाँगिएको यौटा हाँगो हो यो । निबन्धविधाबाट विकसित भएका कारण नेपालीमा निबन्धको प्रवेश हुँदाहुँदै यस पूर्वस्मृतिको पृष्ठभूमि पनि जन्मिसकेको आभाष हुन्छ तर यति हुँदाहुँदै पनि निबन्धबाट पृथक् हुँदै सूक्ष्मरूपमा जब यसले आफ्नो अस्तित्व खोज्न लाग्यो, तबदेखिको यसको ऐतिहासिकता खोज्दै जाँदा नेपाली साहित्यको माध्यमिककालसम्म पुग्न सकिन्छ । यस अघिका केही स्रष्टाहरूले पूर्वजहरूका



बारेमा लेखिएका फाट्टफुट्ट रचना पाइए पनि प्रत्यक्ष अनुभवका अभावमा तिनीहरू पूर्वस्मृति बन्न सकेनन् । त्यसैले माध्यमिककालीन निबन्धकार शिखरनाथ सुवेदीद्वारा लिखित शिखरनाथ भाष्यलाई पूर्वस्मृतिको हालसम्म प्राप्त प्रथम नमुना हो भन्न सकिन्छ । यात्रावर्णनका सिलसिलामा लेखिएको प्रस्तुत लेखमा उनले आफूले यात्रा गरेका स्थलहरू, त्यहाँ सङ्गतमा आएका मानिसहरू, त्यहाँको रहनसहन, वस्तुहरूको दरभाउ र त्यतिखेरको गाडीभाडासमेतको उल्लेख गरिदिँदै ती घटनाहरूसँगका आफ्ना निजी अनुभूतियुक्त पूर्वस्मृति दिएका छन् । यसपछि माध्यमिककालीन अन्य लेखकहरूबाट अछुतो रहेको यस विधालाई आधुनिककालमा आएर मात्र महाकवि लक्ष्मीप्रसाद देवकोटाले अगाडि बढाएको देखिन्छ । उनको लक्ष्मी निबन्धसङ्ग्रहभित्र सङ्कलित 'पं. लेखनाथ पौड्यालका विषयमा' नामक लेख पूर्वस्मृतिको एउटा सुन्दर उदाहरण हो । पं. लेखनाथ पौड्यालसित प्रथमपटक भेट गर्न जाँदा काठमाडौँको बालाजुस्थित मनोरम प्राकृतिक वातावरणभित्र सुशोभित प्रतिभानिकुञ्जलाई सोह्रखुट्टेबाट हेर्दा परिपक्व र प्रौढ चिन्तनयुक्त प्रतिभा तथा मार्मिक बोलव्यवहार र निष्पक्ष समालोचनात्मक दृष्टिसहितको अद्वितीय भद्रपुरुषका रूपमा आफूले मूल्याङ्कन गर्दै आफ्नो व्यस्तताका कारण उनीसँगको दैनिक सङ्गत गर्न नपाएकामा पछुताएका छन् । प्रतिभावान् अग्रजको अपूर्व व्यक्तित्वप्रति नतमस्तक हुँदै कृतज्ञताको समुद्रबाट छचल्किएको देवकोटेली प्रतिभाले यस पूर्वस्मृतिलाई अत्यन्त मर्मस्पर्शी बनाएको छ ।

महाकवि देवकोटाद्वारा निरन्तरता दिइएको यस विधाबाट प्रभावित हुनेहरूले समय–समयमा यसलाई अगाडि बढाउँदै आएका छन् । महाकविले पं. लेखनाथसँगको प्रत्यक्ष भेटघाटबाट उपर्युक्त पूर्वस्मृति लेखेझैँ स्वयं महाकवि देवकोटाको सारस्वत प्रतिभा प्रवाहबाट प्रभावित अन्य सर्जकहरूले उनलाई नै विषय बनाएर पूर्वस्मृतिहरू लेखेको पाइएको छ । यस क्रममा आएका पूर्वस्मृतिकार यदुनाथको 'लक्ष्मीप्रसाद देवकोटा एक अधुरो संस्मरण' एउटा उदाहरण हो ।

महाकवि देवकोटाका कार्यक्षमताहरूलाई नजिकैबाट अवलोकन गर्न पाएका अविष्मरणीय क्षणहरू यस लेखभित्र राखिएका छन् । खास गरी वि.सं. २०१४ सालमा देवकोटाले गरेका बौद्धिक, सामाजिक र शैक्षिक उत्थानका कुराहरू, डा. के. आई.सिंहको मन्त्रिमण्डलमा उनी शिक्षा तथा स्वायत्त

शासनमन्त्री हुँदा उनले त्रि.वि.को स्थापना कीर्तिपुरमा गर्न लगाएको तथा त्रिचन्द्र कलेजमा एम.ए.को कक्षा सञ्चालन गर्न लगाएको अनि नेपाली राष्ट्रभाषाका सम्बन्धलाई उठाइएका कचिङ्गललाई दृष्टिगत गरी राष्ट्रभाषा नेपालीको गौरव प्रदान गर्न प्रत्यक्ष–अप्रत्यक्ष महत्त्वपूर्ण भूमिका खेलेको बताउँदै यसै सालमा गरिएको भारतका विभिन्न विश्वविद्यालयका भ्रमणका सिलसिलामा कलकत्ताको ग्रेट स्टर्न होटेलमा उनीसँग भएका आफ्ना साहित्यिक वार्तालापहरूको चर्चाका साथ आफ्ना हार्दिक पूर्वस्मरणहरूलाई व्यक्त गरेका छन् । यसैगरी नाट्यसम्राट बालकृष्ण समले पनि यस परम्परालाई निरन्तरता दिँदै 'सरस्वतीप्रसाद देवकोटा' नामक लेख लेखेका छन् । महाकविको अतुलनीय प्रातिभ क्षमता र उनका धाराप्रवाह अभिव्यक्ति–कौशलबाट आश्चर्यचकित महाकवि देवकोटालाई मुनामदन, शाकुन्तल र पागलसित गरी तीनपटक जन्मेर नेपाली साहित्यसित सदैव जीवित रही एकपटक पनि नमर्ने अमर प्रतिभा भएको वास्तविकता प्रस्तुत गरेका छन्। त्यस्तै युगकवि सिद्धिचरण श्रेष्ठले लेखेको 'हाम्रा अमर शहीद एक सम्झना' पनि पूर्ववर्तीहरूका प्रयासमा निरन्तरता थप्ने अर्को पूर्वस्मृति हो। शहीद दशरथचन्दसँगका प्रेरणादायी भेटघाटहरू, सामान्य लेखनभन्दा क्रान्तिकारी कविता लेख्न आफूलाई उनले गरेको आह्वान, उनैका प्रेरणाले आफ्ना उत्तरवर्ती कवितामा क्रान्तिकारिता आएको आफ्नो स्वीकारोक्ति, अन्यायविरुद्ध गर्जने विद्रोही स्वरूपको चर्चालगायत उनलाई र अन्य शहीदहरूलाई मृत्युदण्ड दिँदासम्मका घटनाहरूका भोक्ता, द्रष्टा र श्रोता उनीप्रति लेखिएका पूर्वस्मृतिहरू त्यहाँ पाइएका छन्।

फुटकर रचनाहरूका अतिरिक्त सिङ्गो कृतिका रूपमा पनि पूर्वस्मृति प्रकाशित देखिन्छन् । लेखक जनकलाल शर्माको 'महाकवि देवकोटा एक व्यक्तित्व दुई रचना' नामक कृति पूर्वस्मृतिहरूले भरिएको यौटा उदाहरण हो । महाकवि देवकोटाका दुई रचनाहरू 'पागल' र 'भूतलाई झटारो' लेख्नुपर्ने कारणहरू रचनाकालको परिवेशलगायत तिनीहरूसँग सम्बन्धित अधिकांश घटनाहरूका प्रत्यक्षदर्शी हुँदै नेपाली साहित्यमा देवकोटा र उनका यी रचनाहरूको हार्दिक मूल्याङ्कन गर्दै प्रस्तुत कृति लेखिएको छ। यसैगरी समालोचक घटराज भट्टराईद्वारा सम्पादित 'देवकोटाका आनीबानी' नामक कृति पूर्वस्मृतिको अर्को उदाहरण हो । यसभित्र सङ्कलित कुलचन्द्र कोइरालाको 'देवकोटाज्यूसँगको प्रसङ्ग', कुलमणि देवकोटाको 'भगवान् द्वारमा आए', शङ्कर लामिछानेको 'लक्ष्मीप्रसाद देवकोटा', जीवनकला सत्यालको 'केही सम्झना र केही श्रद्धाञ्जली', नातिकाजीको 'गौरवको अनुभूति', माधव घिमिरेको 'ती हाम्रा दिन गै गए', श्यामप्रसादको 'लक्ष्मीप्रसादको सम्झना', केदारमान व्यथितको 'महाकवि देवकोटा : केही रोचक घटनाहरू', कृष्णचन्द्रसिंह प्रधानको 'देवकोटा केही स्मृतिबिम्ब', सोमनाथ घिमिरे व्यासको 'साहिँला बाजे मेरा सम्झनामा', पूर्णप्रकाश नेपाल 'यात्री'को 'मेरा स्मृतिपटलमा लक्ष्मीप्रसाद देवकोटा', गोमाको 'महाकवि देवकोटालाई गुरु मान्न पाइनँ', कमल दीक्षितको 'आठसय सङ्ख्या', एस.पी. आसाको 'महाकविज्यूसँग मेरो बाल्यकालको संस्मरण', गोविन्द भट्टको 'ढाक्न सक्दैन सधैँ बादलले सूर्यलाई', खानपरुदे रामबाबुको 'देवकोटालाई सम्झँदा' लगायतका लेखहरूमा महाकवि देवकोटासँग नजिकिएर व्यवहार गर्नुपर्दाको समय, त्यस्ता क्षणहरू र ती कार्यहरूलाई अविष्मरणीय ठानी अत्यन्त मधुरा सम्झना गरी आ–आफ्नो पूर्वस्मृतिहरू राखिएको छ। पूर्वस्मृतिका यस्तै अन्य प्रशस्तै उदाहरणहरू पनि होलान् । अध्ययन र क्षमताका अभावमा हाल त्यस्ता सबैलाई प्रस्तुत गर्न नसकिए पनि पूर्वस्मृतिहरू आयामका दृष्टिले साना–ठूला वा फुटकर र सिङ्गो गरी जुनसुकै रूपमा पनि रच्न सकिने देखिन्छ ।



पूर्वस्मृति वस्तुपरक होस् वा आत्मपरक होस्, लेखकीय इच्छाअनुसार स्वस्फूर्त ढङ्गले जसरी पनि लेख्न सकिन्छ । यता पद्यफाँटमा पनि पूर्वस्मृतिका केही सम्भावनाहरू देखिएका छन् । समग्र नेपाली साहित्यमा र महाकवि देवकोटाका स्वयम्कै असङ्ख्य कविताकृतिमध्ये 'पागल' कविता महाकवि देवकोटाका पूर्वस्मृतिहरूको रहस्योद्घटन गर्ने मर्मस्पर्शी कविता हो । यस्तै अन्य कतिपय रचनाहरू पनि होलान् र पूर्वस्मृतिका केही झझल्काहरू काव्य–महाकाव्यहरूमा पनि होलान् तर पूर्वस्मृतिको जन्म नै गद्यफाँटमा भएकाले हालसम्म गद्यशैलीमै यो उपयुक्त जस्तो लाग्नु अस्वाभाविक होइन । पद्यमा लेखिएका यस्ता अनुभूतिहरूलाई पूर्वस्मृतिअन्तर्गत राख्ने–नराख्ने कुरामा अझ अनुसन्धान हुन बाँकी नै छ।

निस्कर्षमा भन्नुपर्दा नेपाली साहित्यको माध्यमिककालदेखि हालसम्म निरन्तरता पाउँदै आएको पूर्वस्मृति वर्तमानमा पनि क्रमैसित विकसित हुँदै आएको यौटा अलग्गै विधा हो । उर्वर भविष्य बोकेको यो विधा विभिन्न आयाममा रच्न सकिने सुन्दर अभिव्यक्ति कौशलयुक्त, हार्दिकताले भरिपूर्ण यौटा स्वतन्त्र र स्वाभिमानी विधा हो ।

**सन्दर्भ सामग्री**

१. लक्ष्मीप्रसाद देवकोटा – लक्ष्मी निबन्धसङ्ग्रह (साझा प्रकाशनबाट चौधौँ पटक, २०५३) ।
२. सम्पादक, भवानी घिमिरे – भानु (देवकोटा विशेषाङ्क ५:१२) २०२५ ।
३. सिद्धिचरण श्रेष्ठ – हाम्रा अमर शहीद एक सम्झना, जनमत (वर्ष २२ अङ्क ४ साहित्यिक अङ्क १०१) ।
४. जनकलाल शर्मा – महाकवि देवकोटा एक व्यक्तित्व दुई रचना (साझा प्रकाशन द्वितीय संस्करण, २०५२) ।
५. सम्पादक घटराज भट्टराई – देवकोटाका आनीबानी (काठमाडौँ लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५५) ।
६. कपिल अज्ञात – देवकोटा : आयाम र प्रवृत्ति (शब्दार्थ प्रकाशन, काठमाडौँ, २०६६) ।



**वि.सं. २०३१ सालमा दाङको तुलसीपुरमा जन्मने श्री बुनू लामिछाने नेपाली साहित्यका कविता-काव्य र समालोचनाका क्षेत्रमा सक्रिय व्यक्तित्व हुनुहुन्छ । वि.सं. २०६० सालमा 'याचना' महाकाव्य प्रकाशित गर्नुहुने उहाँ प्रथम नेपाली नारी महाकाव्यकार हुनुहुन्छ । उहाँको बिहानीका पाइलाहरू (कवितासङ्ग्रह, २०५८), सुलोचना महाकाव्यको विश्लेषण (समालोचना, २०५८) का साथै विद्रोही इन्द्रकुमारी (महाकाव्य, २०६४) कृतिहरू प्रकाशित छन् ।**


❖❖



**पुस्तक परिचय**

# देवकोटा : आयाम र प्रवृत्ति – एक चिनारी

नेपाली साहित्य–भण्डारमा बिर्सनै नसकिने अमर व्यक्तित्व हुन् – महाकवि देवकोटा। उनले कति कृति लेखे यसको निर्क्यौल अझैसम्म हुन सकेको छैन । लगभग ५० जति त प्रकाशित नै भइसकेका छन् । देवकोटाको विषयमा सबैभन्दा पहिले उनको व्यक्तित्व र कृतित्वको विषयमा खोजग्रन्थ निकाल्ने नित्यराज पाण्डे त्यसपछि देवकोटामै केन्द्रित रहने चुडामणि बन्धु र कुमारबहादुर जोशी हुन् । यिनै तीन समालोचकले लेखेका देवकोटाबारेका कृतिहरूमा विशेष र अन्य अनेक व्यक्तित्वहरूले देवकोटाकाबारेका लेखेका कुराहरूको निरुपण गर्ने काम गरेको छ – 'देवकोटा : आयाम र प्रवृत्ति' नामक पुस्तकले । समालोचक कपिल अज्ञातद्वारा लेखिएको र समालोचक विनयकुमार शर्मा नेपालद्वारा सम्पादित उक्त पुस्तकले देवकोटाबारे रहेको भ्रमपूर्ण धेरै कुराको निरुपण गर्ने जमर्को गरेको छ ।

गोपीकृष्ण शर्मा र गोविन्दराज विनोदीको भूमिका रहेको उक्त कृतिमा देवकोटाको रचनाप्रक्रियाको पृष्ठभूमि, देवकोटाको व्यक्तित्वको रूपरेखा, देवकोटा एक व्यक्ति झलक अनेक, देवकोटाको दृष्टिमा धन, देवकोटाको भाषामा क्रान्तिपूर्ण प्रयोग, देवकोटा साहित्यकार र समीक्षकहरूको दृष्टिमा, देवकोटा नियात्रा र नियात्राकार, देवकोटाको आशुलेखन सबलता र दुर्वलता, देवकोटा भीड र जङ्गल, देवकोटाको अनौठो स्वभाव एक परिवृत्त, देवकोटामा तार्किकता, देवकोटाका रचनामा गीतादर्शनको प्रभाव, देवकोटाको सिर्जनात्मक वैशिष्ट्य, देवकोटाको महानता एक सङ्क्षिप्त दृष्टिकोण, देवकोटाको दार्शनिक अन्तर्द्वन्द्व, देवकोटाको समष्टि व्यक्तित्व एक सङ्क्षिप्त झलक, देवकोटाको मुनामदन, काव्यात्मक स्वरूप र प्रभाव, देवकोटाको जटिल र रहस्यमय जन्मचक्र एक अध्ययन, देवकोटा एक महान् लेखन योद्धा आदि शीर्षकमा समीक्षक अपिल अज्ञातका सरल र सुमधुर भाषाशैलीमा प्रस्तुत कृतिले देवकोटाका कृति समालोचना कम, उनको व्यक्तित्व–प्रवृत्तिलाई ज्यादा उजागर गर्दछ ।

देवकोटाको शतवार्षिकीको समयमा समर्पित यो कृतिमा देवकोटाको जन्मचक्र अर्थात् चिनामाथि पनि राम्रो

चर्चा गरिएको छ । विभिन्न समीक्षक लेखकहरूले देवकोटाकाबारे भनेका कुराहरू यसले उदाहरणस्वरूप लिएको छ।

कपिल अज्ञात समीक्षकमात्र होइनन्, उनी कुशल ज्योतिषी पनि हुन्, उनी साहित्य र ज्योतिषको अन्तरङ्ग सम्बन्धको विषयमा खोजी गर्न लागिपरेका छन् । सयौं व्यक्तित्व र कृतित्वले दिएका, छरिएका कुरालाई समेटेर तिनको विषयलाई तर्क र प्रमाणद्वारा आफ्नो निष्कर्ष यस ग्रन्थमा उनले दिएका छन् । देवकोटाबारे विभिन्न व्यक्तिले दिएका अभिप्राय पढ्न नपाएका पाठकलाई यो राम्रो खुराक हुन सक्छ र विद्यार्थीलाई सन्दर्भ ग्रन्थ ।

कृति : देवकोटा : आयाम र प्रवृत्ति
लेखक : कपिल अज्ञात
सम्पादक : विनयकुमार शर्मा नेपाल
पृष्ठ : १६०
मूल्य : १२५/-
प्रकाशक : शब्दार्थ प्रकाशन, काठमाडौं ।

**– कमला नेपाल**

# नीतिका कुरा : एक परिचर्चा

वास्तवमा मान्छेको जीवन आनन्दमय छ, सुख र दुःखको सम नाम हो जीवन र वास्तवमै सुख र दुःखलाई सम रूपमा हेर्न सक्ने जो कोहीको जीवन आनन्दमय हुन्छ । वेददेखि उपनिषद् र पुराणहरू यसैमा केन्द्रित छन् । आजकै साहित्य पनि परोक्ष वा अपरोक्ष रूपमा आनन्दको लागि नै लेखिन्छ र पढिन्छ । राष्ट्र, समाज, परिवार, मानव विध्वंश मच्चाउँदा आनन्द मान्नेहरू पनि यदकदा यस पृथ्वीमा नजन्मिएका होइनन् तर ती क्षणिक हुन्, अन्ततः ती पनि परिवर्तन हुन्छन् र निर्माण कार्यमा लाग्छन् । बनाउनुको आनन्द बिगार्नुमा कहाँ छ ? दिनुको आनन्द लिनुमा कहाँ छ ? यिनै र यस्तै नैतिक सिद्धान्त र दृष्टान्तलाई आधार बनाई लेखिएको छ 'नीतिका कुरा' काव्य ।

वेदान्तशास्त्रका विद्वान् शिवगोपाल रिसाल, प्रसिद्ध कवि तथा कोषकार वसन्तकुमार शर्म्मा 'नेपाल', उपन्यासकार एस.पी. आशा, पूर्वीय साहित्यकै प्रभावमा पद्यमा कलम चलाउने चर्चित कवि गोविन्दप्रसाद घिमिरे, मुकुन्द शर्मा चालिसे, गुणराज काफ्ले अनि मार्क्सवादी सिद्धान्तको प्रभावमा कलम चलाउने समालोचक विष्णुप्रभात, माधव घिमिरे, बालकृष्ण भट्टराई, अशोककुमार लामिछाने, खगेन्द्र खोल्साघरेजस्ता ११ व्यक्तित्वहरूको सामूहिक कविताको सङ्ग्रह एउटै काव्य हो 'नीतिका कुरा' । हुन पनि आज हाम्रो देशमा विद्यार्थीलाई भन्दा शिक्षक र प्राध्यापकलाई नैतिकताको खाँचो परिरहेछ । जनतालाई भन्दा जनताको रक्षा गर्न बसेका विभिन्न निकायका कर्मचारीलाई नैतिकताको पाठ पढाउनुपर्ने भएको छ । शासित वा जनसमुदायलाई भन्दा तिनलाई मार्ग देखाउने नेतालाई नैतिकताको शब्द–अर्थ र परिभाषा सिकाउनुपर्ने देखिएको छ । यस्तो अवस्थामा नैतिक सिद्धान्त र दृष्टान्त (उदाहरण) नै दिएर लेखिएको यो काव्य पढ्दा वास्तवमै पाठकले आनन्द प्राप्त गर्न सक्छन् ।

२०६३ सालमा विभिन्न विद्वान्हरू मिलेर यस्तै नीतिकाव्य प्रकाशित गरेको थियो शब्दार्थ प्रकाशनले 'तीतामीठा कुरा' नामले । यो त्यसैको निरन्तरता हो 'तीतामीठा कुरा' निस्केको दुई वर्षपछि २०६५ चैत्र रामनवमीमा यो नीति काव्य प्रकाशित भएको छ । वर्णानुक्रमले कविता श्लोकहरू राखिएका छन् । प्रत्येक श्लोक आफैमा पूर्ण छन् । १११ श्लोक कुन कसको हो भनेर खोज्न प्रत्येक श्लोकमा नम्बर दिइएका छन् । वास्तवमा भन्नुपर्दा यो एउटा कोषकाव्य नै हो । अनगिन्ति नैतिक सिद्धान्त बनेका छन् र त्यसलाई निरुपण गर्न अनगिन्ति दृष्टान्त यहाँ राखिएको छ । छपाई शुद्ध, सफा र गाता सुन्दर छ । कविताको उदाहरण यस्ता छन् —

*संस्कार छुट्न सक्दैन, जीव जे जे भए पनि*
*सुँगुर रच्छान छाड्दैन, दूध भात दिए पनि ।*
*(१०५१)*

*सुशासन भए देश जनशान्ति सबैतिर*
*तारा नौलाख घुम्दैछन्, ठोकिँदैनन्, कतैतिर ।*
*(१०५०)*

कृति : नीतिका कुरा
लेखक : शिवगोपाल रिसाल, विष्णुप्रभात, वसन्तकुमार शर्म्मा 'नेपाल', मुकुन्द शर्मा चालिसे, माधव घिमिरे, बालकृष्ण भट्टराई, गोविन्दप्रसाद घिमिरे, गुणराज काफ्ले, खगेन्द्र खोल्साघरे, एस.पी. आशा, अशोककुमार लामिछाने ।
पृष्ठ : १२८
मूल्य : १३३।–
प्रकाशक: शब्दार्थ प्रकाशन, काठमाडौं।

**– भाभा शर्मा**

# नेपाली अङ्ग्रेजी नेवारी शब्दसागर : एक परिचय

नेपाली वाङ्मयमा शब्दकोशको आरम्भ भएपश्चात् नेपाली शब्दकोशको साथसाथै नेपाली अङ्ग्रेजी, अङ्ग्रेजी नेपाली शब्दकोशहरू निस्कँदै गए । मान्छेले समयको माग पूरा गर्ने अनेक क्षेत्रीय भाषा र प्राविधिक विषयका कोशहरू पनि लेख्न र छाप्न थाले तर पनि शब्दकोश विधा अन्य साहित्यिक विधाजस्तो फैलिएको वा लेखिएको भेटिन्न । फाट्ट–फुट्ट वर्ष दुई वर्षमा एकदुई निस्केको सुनिन्छ ।

नेपाली डोट्याली, नेपाली थकाली, नेपाली तामाङ, नेपाली नेवारी आदि क्षत्रीय भाषाका शब्दकोशहरू निस्कि–सकेका छन् । अर्थ, वाणिज्य, कानून, विज्ञान आदिका पनि शब्दकोशहरू भेटिन्छन् यद्यपि यस्ता शब्दकोशहरू बजारमा सर्वसुलभ उपलब्ध भने हुन सकेको देखिन्न । 'आलुको सीला' खोजेझैँ खोज्ने हो भने कतै–कतै कुनै–कुनै पाइन्छ । हुन त यस क्रमलाई अगाडि बढाउन लेखक प्रकाशकहरू निरन्तर लागिपरेकै छन् । यसै सन्दर्भमा शब्दार्थ प्रकाशन शब्दकोश विधाको विकल्पजस्तै देखापरेको छ । लगभग एक दर्जन नेपाली, अङ्ग्रेजी, नेपाली अङ्ग्रेजी, अङ्ग्रेजी नेपाली, नेपाली अङ्ग्रेजी नेपाली, कानुनी, अङ्ग्रेजी अङ्ग्रेजी नेपाली शब्दकोशहरूपछि आएको शब्दकोश हो नेपाली अङ्ग्रेजी नेवारी । विनयकुमार शर्मा नेपाल र शैलेन्द्र लालसिंह सुवालको सम्पादनमा प्रकाशित यो शब्दकोश नेपाली, अङ्ग्रेजी, नेवारी र तीनैभाषाका विज्ञ वा पाठकलाई आवश्यक हुन सक्छ, खाँचो टार्न ।

नेपाली मूल प्रविष्टिमा रहेको यस शब्दकोशमा अङ्ग्रेजी शब्दहरूको पर्यायवाची शब्दहरू दिइएको छ, प्रायः अङ्ग्रेजी शब्दकोशहरूमा पर्यायवाची शब्दभन्दा परिभाषालाई महत्त्व दिइएको पाइन्छ भने नेपाली शब्दकोशहरूमा पर्याय शब्दलाई महत्त्व दिइएको पाइन्छ । यसले नेपाली परम्परालाई पछ्याएर अङ्ग्रेजी शब्दको पर्यायहरू प्रशस्तै दिने प्रयास गरेको छ । नेवारी शब्दमा भने कतै पर्याय ठेट शब्दहरू त कतै परिभाषा वाक्य बनाई बुझाउन खोजिएको छ । यसरी यस कोशको आफ्नै शैली देखापरेको छ । एकदुई नेवारी शब्दकोश पहिले प्रकाशित भैसकेको भए पनि ती हाल बजारमा उपलब्ध देखिन्नन् । यसले अभाव पूर्ति गर्ला भनी आशावादी बन्न सकिन्छ । देशका सबै भाषाभाषीको शब्दकोश निस्कन आवश्यक छ । यस क्षेत्रमा शब्दार्थ प्रकाशन निरन्तर लागेको देखिन्छ । भूमिकामा अन्य भोजपुरी, अवधी, मैथिली, थारु, राई, किँराती, थकाली आदि आदिका विद्वान्हरूलाई शब्दकोश लेख्न आह्वान गरेको छ र त्यसमा साथ दिने प्रण यस प्रकाशनले गरेको छ । यसबाट भविष्यमा अन्य भाषाका शब्दकोशहरू यस प्रकाशनबाट निस्कँदैछन् भनी आशा गर्ने ठाउँ त छँदैछ । पुस्तकको छपाई, वाइन्डिङ, कागज राम्रो छ, पुस्तक सङ्कलनयोग्य छ ।

कृति : नेपाली अङ्ग्रेजी नेवारी शब्दसागर ।
सम्पादक : विनयकुमार शर्मा नेपाल, शैलेन्द्र लाल सिंह सवाल
पृष्ठ : ७३२, A4 साइज
मूल्य : ७००/–
प्रकाशनक : शब्दार्थ प्रकाशन, काठमाडौं ।

– आभा शर्मा

विभिन्न विज्ञापन, सिनेमा, टेलिफिल्म आदि खिच्न वा सम्पादन गर्न हामीलाई सम्झनुहोस् ।

क्याट भिजन प्रोडक्सन प्रा.लि.
मोबाइल : ९८४१३४२३५६

**विश्वशान्ति विशेष**

# चिरन–मिलन विश्वशान्ति क्याम्पस : एक चिनारी

१. विश्वशान्ति क्याम्पस वि.सं. २०४८ मा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भई मानविकी सङ्कायअन्तर्गत प्रवीणता प्रमाणपत्र तह स्वीकृत गरी डिल्लीबजार काठमाडौंमा स्थापना भएको थियो । सामुदायिक विकास एवं समाजसेवाजस्ता सामाजिक कल्याणकारी कार्यमा अभिरुचि भएका बुद्धिजीवी, समाजसेवी तथा विशेषज्ञहरूको सक्रियतामा विविध सामुदायिक विकास कार्यक्रम सञ्चालन गर्ने अभिप्रायले २०५० साल वैशाख महिनामा मुनाफारहित गैरसरकारी सामाजिक संस्था सामुदायिक कार्य केन्द्र (CAC) को स्थापना भएको थियो । समाजमा छरिएर रहेका अनुभवी तथा सृजनशील व्यक्तिहरूलाई सङ्गठनात्मक रूपमा सक्रिय गराई विपन्न वर्गको सामाजिक, आर्थिक एवं सांस्कृतिक विकासलगायत स्थानीय समुदायमा पारस्पारिक समभ्रूदारी, सहयोग, एकता तथा परोपरकारजस्ता मानवीय गुणहरूको विकास गर्नु यस साकाके संस्थाको मूलभूत उद्देश्य थियो । त्यस उद्देश्य प्राप्तिका लागि परिकल्पना गरिएका प्रयोजनहरूमध्ये उच्च शिक्षाको कार्यक्रम सञ्चालन गरी सीप एवं व्यवसायमूलक शिक्षा प्रदान गर्ने र सोबाट कुशल एवं सक्षम नागरिक तयार पार्ने कार्यनीतिअनुरूप काठमाडौँ उपत्यकाको उत्तरी भेगमा उच्च शिक्षा प्रदान गर्ने क्याम्पस नभएको हुँदा विश्वशान्ति क्याम्पसलाई डिल्लीबजार काठमाडौँबाट बाँसबारी माध्यमिक विद्यालय पीपलबोटमा सञ्चालन हुने गरी २०५० सालमा स्थानान्तरण गरियो । उक्त क्याम्पसलाई बाँसबारी काठमाडौंमा ल्याउन पूर्व सभामुख दमननाथ ढुंगाना, स्व. रामकुमार जीवन मित्र, स्व. हेमचन्द्र श्रेष्ठ, मोहनसिंह प्रधान, सरस्वती रिमाल, प्रा.डा. मोहनप्रसाद लोहनी, डा. श्रीराम लामिछाने, डा. शम्भुराम सिंखडा, श्रीविनोद भट्टराई, त्रिलोकसिंह थापा, कृष्णगोपाल राजवंशी, श्रीमती मन थापा, श्रीमती कान्ता पौडेल आदि बुद्धिजीवी व्यक्तिहरूले अमूल्य सहयोग गर्नुभएको थियो ।

(२) प्रारम्भिक अवस्थामा त्रि.वि. अन्तर्गत मानविकी सङ्कायको प्रवीणता प्रमाणपत्र तहका १३ जना विद्यार्थीबाट सुरु भएको यस क्याम्पसद्वारा २०५० साल श्रावणबाट उच्च माध्यमिक शिक्षा परिषद्अन्तर्गत +२ व्यवस्थापन सङ्काय थप गरी कक्षा सञ्चालन गरिएको थियो । २०६२ सालमा त्रि.वि.बाट सम्बन्धन प्राप्त गरी बी.बी.एस. कक्षा सुरु गरियो । २०६३ सालमा यसलाई अझ विस्तार गर्ने हेतुले त्रि.वि.बाट नै मानविकी सङ्कायको स्नातक तह थप गरी विद्यार्थीको माग र चाहनाबमोजिम विषयहरू समावेश गरिएका छन् । २०६४ सालमा उच्च माध्यमिक शिक्षा परिषद्अन्तर्गत पत्रकारिता र समाजशास्त्रजस्ता प्रचलित विषयहरू पनि पठनपाठन हुँदै आएका छन् । हाल यस क्याम्पसमा लगभग ५०० विद्यार्थी अध्ययनरत छन् । सुरुका दिनमा ६ जना प्राध्यापकहरू रहेको यस क्याम्पसमा हाल अनुभवी, दक्ष, योग्य, कर्मशील, कर्मठ २७ जना प्राध्यापकहरू प्राध्यापनरत छन् ।

(३) गत असार महिनामा यस क्याम्पसलाई नमुना सामुदायिक क्याम्पसका रूपमा रूपान्तरण गर्ने उद्देश्यले ख्यातिप्राप्त युवा कथावाचक पं. दीनबन्धु पोखरेलज्यूको मुखारबिन्दबाट श्रीमद्भागवत् सप्ताह ज्ञान महायज्ञ सम्पन्न गरियो ।

महायज्ञमा नर्सरीलेन निवासी तथा यस क्याम्पस सञ्चालक समितिका सदस्य डा. श्री शम्भुराम सिंखडाज्यूले सर्वाधिक रु. पन्ध्र लाखभन्दा बढी दान दिएर यस क्याम्पसलाई नमुना क्याम्पसमा रूपान्तरण गर्न उल्लेखनीय भूमिका निर्वाह गर्नुभएको छ। शैक्षिक संस्थामा रु. पन्ध्र लाखभन्दा बढी दान गर्ने दाताको नाममा संस्थाको नाम राख्न सकिने प्रावधान रहेकाले क्याम्पस सञ्चालक समितिको निर्णयबमोजिम विश्वशान्ति क्याम्पसलाई चिरन– मिलन विश्वशान्ति क्याम्पसका रूपमा नामकरण गरिएको हो।

(४) चिरन–मिलन विश्वशान्ति क्याम्पसको मुख्य उद्देश्य विद्यार्थीहरूको चौतर्फी विकासनिम्ति उपयुक्त एवं सान्दर्भिक क्रियाकलाप सञ्चालन गर्ने, नियमित पाठ्यक्रमका अतिरिक्त व्यावसायिक एवं सीपमूलक शिक्षामा जोड दिई विद्यार्थीहरूको अग्रगतिमा आवश्यक टेवा पुऱ्याउने, राष्ट्रिय उच्च गुणस्तर विकासको अभियानमा सहयोग गर्ने, विभिन्न समुदायमा शैक्षिक वातावरण सिर्जना, सम्बन्ध र युवा वर्गको शैक्षिक आवश्यकता पूरा गर्ने उद्देश्य रहेको छ। विद्यार्थीहरूको पठनपाठन प्रभावकारी बनाउने, गुणात्मक शिक्षा प्रदान गर्ने, अतिरिक्त शिक्षण कार्यक्रमको व्यवस्था मिलाउने, शैक्षिक भ्रमण, खेलकुद तथा अन्य बौद्धिक कार्यक्रम एवं सामुदायिक सेवा कार्यक्रमसमेत सञ्चालन गरिने उद्देश्य सय संस्थाले राखेको छ। योग्य, अनुभवी, दक्ष प्राध्यापकहरूद्वारा अध्ययन गराइने यस क्याम्पसमा जेहेन्दार, गरिब विद्यार्थीहरूलाई यथासक्य छात्रवृत्ति उपलब्ध गराउँदै आइएको छ।

❖❖